# मेरो दुई शब्द

दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि नगरपालिकाको समग्र तथ्याङ्कको आवश्यकता पर्दछ । यसै आवश्यकतालाई मध्य नजर गरी नगरपालिकाको पार्श्वचित्र तयार गरिएको छ । जसमा नगरपालिकाको विभिन्न विषय समावेश गरिएको स्रोत नक्साहरू, विषयगत कार्यालयहरूबाट सङ्कलन गरिएका तथ्यहरूमा आधारित भइ उपलब्ध भएसम्मका कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, सिंचाई, खानेपानी, विद्युत आदिका तथ्याङ्क समावेश गरी नगर पार्श्वचित्र तयारी गरिएको छ ।

यस नगरपालिकाको अध्ययन गर्न चाहने विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा नगरवासीहरूलाई पार्श्वचित्रले सूचना प्रदान गर्न सहयोग पुग्ने छ भन्न मैले आशा लिएको छु । पार्श्वचित्रमा उल्लेखित विवरणमा नगरपालिकाको राजनैतिक तथा प्रशासनिक विवरण छुट्टिने नक्सा, भू-वर्गीकरण तथा भू-उपयोग नक्साका साथै पछिल्लो राष्ट्रिय जनगणना २०६८ का विविध पक्षहरू समावेश गरिएका छन् ।

अन्तमा प्रस्तुत पार्श्वचित्र तयारी गर्ने सिलसिलामा सूचना संकलन गर्न प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्नु हुने सम्पूर्ण विषयगत कार्यालय, संघ/संस्था, सामाजिक परिचालक, वडा सचिवहरू, नगर कार्यपालिकाका कर्मचारीहरू, प्रमुख प्रशासकिय अधिकृत तथा तथ्याङ्क संकलन, प्रशोधन गरी पार्श्वचित्रलाई यो रुप दिने परामर्शदाता पानोरामा रिसर्च सेन्टर प्रा.लि. काठमाडौँलाई विशेष धन्यबाद दिन चाहन्छु ।

**सुरेश अधिकारी**

**नगर प्रमुख**

# मेरो भन्नु

कुनै पनि विकासको मार्ग तयार गर्ने उद्देश्यका लागि योजनाको सही छनोट, प्रभावकारी कार्यान्वयन, सरोकारवालाहरुको चासो, त्यसको निरन्तर अनुगमन एवम् मूल्याङकन र दिगोपनाका लागि सही र वस्तुनिष्ठ निर्णय लिन तथ्याङ्कको आवश्यकता पर्दछ। विगतबाट पाठ सिकेर वर्तमानको भोगाईका आधारमा भविष्यका लागि कार्यान्वयन योग्य योजना तर्जुमा गर्नु पुनसंरचित स्थानीय सरकारको पहिलो आवश्यकता हो भन्नेमा दुईमत हुन सक्दैन।

आवश्यकता अनुसार योजना तथा कार्ययोजनाहरू अगाडि बढाउन नसकिएमा जनताले स्थानीय तहबाट राखेका अपेक्षा पुरा हुन सक्दैनन । यसैकारण वर्तमानका हाम्रा धरातलीय, सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाहरुको पहिचान गरी भविष्यका आवश्यकता आँकलन गर्ने उद्देश्यका साथ यो अध्ययन प्रतिवेदन (पार्श्वचित्र) सीमित समय तथा स्रोतको सीमाभित्र रही तयार गरिएको हो। पार्श्वचित्रलाई सामान्य रुपमा अध्ययन गर्ने जो कोहीले पनि यस नगरपालिकाको वर्तमान अवस्था सहजै आँकलन गर्न सक्ने देखिन्छ। यो पार्श्वचित्रलाई एकातिर नगरपालिकाको सम्पूर्ण चिनारीका रूपमा हेर्न सकिन्छ भने अर्कोतर्फ यस मार्फत हाम्रा सम्भावना र चुनौतिहरूलाई पहिचान गर्न सकिन्छ।

पार्श्वचित्र तयारीको क्रममा आफ्नो महत्वपूर्ण समय प्रदान गर्ने नगरपालिका प्रमुखज्यू, विषयगत कार्यालयका प्रमुख लगायत सम्पूर्ण कर्मचारी, वडाध्यक्षज्यूहरू, वडा सचिव साथीहरू, सामाजिक परिचालकहरू, विभिन्न संघ/संस्थाका प्रमुख तथा अन्य कर्मचारीहरू तथा पार्श्वचित्रलाई यो रुप दिन सहयोग पुर्‍याउनु हुने परामर्शदाता पानोरोमा रिसर्च सेन्टर प्रा.लि. काठमाडौँलाई हार्दिक आभार व्यक्त गर्दछु।

अन्तमा, यो पार्श्वचित्र आफ्नो उद्देश्य प्राप्तिमा सफल रहोस भन्ने शुभेच्छा व्यक्त गर्दछु।

**सावित्रा बस्नेत (घर्ती)**
**नगर उपप्रमुख**

# दुई शब्द

साविकका ८ गा.वि.स खलंगा, मार्के, ह्विल्चा, कजेरी, सजैवाल टाकुरा, स्यानीखाल र डाँडागाउँलाई मिलाएर घोषणा भई मिती २०७१/०२/०२ मा शारदा नगरपालिका घोषण गरिएको हो । नगरपालिकाको समग्र बस्तुस्थिती झल्कने गरी तयार भएको यो पार्श्वचित्र निर्माण गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ ।

राज्यको पुनर्संरचनाका सिलसिलामा स्थापित यस नगरपालिकाको यथार्थ वर्तमान अवस्थालाई पार्श्वचित्रले चित्रित गरेको छ । यस्तो चित्रणले आगामी दिनमा हामीले तर्जुमा गर्नुपर्ने नीति तथा कार्यक्रमहरूलाई प्राथमिकिकरण गरी उपलब्ध सीमित स्रोत साधनको अधिकतम सदुपयोग गरी नगरपालिकाको विकासलाई गति प्रदान गर्न सहयोग पुऱ्याउने आशा तथा विश्वास लिएको छु । यस अध्ययन प्रतिवेदनले प्रायः सबै क्षेत्रका वस्तुगत यथार्थतालाई समेट्ने प्रयास गरेको भएतापनि सीमित समय र स्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा पूर्ण नहुन सक्छ । यसलाई समय र सन्दर्भअनुसार परिष्कृत र परिमार्जित गर्ने दायित्व हाम्रो काँधमा आएको महशुस हामी सबैले गरेका छौं ।

योजनावद्ध विकासको आधारको रूपमा रहने यो पार्श्वचित्र समयमै तयार गर्न लगाउने नगर कार्यपालिकाका सम्पूर्ण टिम, प्रमुखज्यू, उपप्रमुखज्यू, वडा अध्यक्षज्यूहरु, अन्य जनप्रतिनिधिहरु, समाजसेवीहरु, बुद्धिजीविहरु तथा अन्य वडा तहमा महत्वपूर्ण जिम्मेवारी पुरा गर्ने कर्मचारी एवं निर्वाचित जनप्रतिनिधि लगायत तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण विषयगत कार्यालय, संघसंस्था तथा अन्य सबैमा नगरपालिकाको तर्फबाट आभार प्रकट गर्न चाहन्छु । साथै अध्ययन प्रतिवेदन समयमै सम्पन्न गर्ने पानोरामा रिसर्च सेन्टर प्रा.लि. काठमाडौंलाई हार्दिक धन्यबाद दिन चाहन्छु ।

अन्तमा, समग्र नगरपालिकाको विकासको आधार चित्र कोर्दै दीर्घकालिन सोचका साथ अगाडि बढ्न यो प्रतिवेदन सहयोगी बनोस् भन्ने सुभेच्छा प्रकट गर्दछु ।

**सुवर्ण सिंह ठकुरी**
**प्रमुख प्रशासकीय अधिकृत**

# विषयसूची

खण्ड १ : भूमिका १

१.१ पृष्ठभूमि १

१.२ अध्ययनको उद्देश्य १

१.३ अध्ययनको महत्व २

१.४ अध्ययनको औचित्य २

१.५ अध्ययन विधि ३

१.६ अध्ययनका सीमाहरु ३

खण्ड २ : शारदा नगरपालिकाको परिचय ४

२.१ नगरपालिकाको संक्षिप्त परिचय ४

२.२ भौगोलिक अवस्थिति ६

२.३ राजनैतिक तथा प्रशासनिक केन्द्र ६

२.४ स्थानीय तहको निर्वाचनमा मतदाता सम्बन्धी विवरण ८

२.५ हावापानी ९

२.६ भूक्षेत्र (टोपोग्राफी) १०

२.६.१ माटोको बनावट र उर्वराशक्ति १०

२.६.२ भू-आकृति तथा माटोको बनोट ११

२.७ भू-क्षेत्रको बर्गीकरण १३

२.८ नगरपालिकामा रहेको सम्भाव्यता र अवसर १६

२.९ नगरपालिकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरु १८

२.१० नगरपालिकाको अन्तर नगरपालिका/गाउँपालिकासँगको सम्बन्ध १८

२.११ नदी तथा खोलानालाहरु १९

२.१२ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु २१

२.१३ मुख्य चाडपर्वहरु २३

२.१४ संस्कृति, कला, भाषा र साहित्य २३

खण्ड ३ : जनसाङ्खिक विवरण २४

३.१ जनसंख्याको विवरण २४

३.२ वडागत क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण २७

३.३ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण २८

३.४ पहिलो विवाह गर्दाको उमेरको विवरण २९

३.५ उमेर समूहअनुसार जनसख्याको विवरण ३०

३.६ जातजाती समूहअनुसार जनसंख्याको विवरण ३२

३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण ३३

३.८ धर्मअनुसार जनसंख्याको विवरण ३५

३.९ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण ३६

३.१० घरमूलीको लैङ्गिक विवरण ३७

३.११ महिलाका नाममा भएको घरको स्वामित्वको विवरण ३८

३.१२ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण ३९

३.१३ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण ४०
३.१४ छानाको आधारमा घरको बनोटको विवरण ४१
३.१५ जगको आधारमा घरको बनोटको विवरण ४२
३.१६ बसाई सराईको अवस्था ४४
३.१७ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण ४४
खण्ड ४ : भू–उपयोग ४६
४.१ नगरपालिकाको भू-उपयोगको विवरण ४६
४.२ सार्वजनिक जग्गाको विवरण ४७
४.३ बस्ती विकासको वर्तमान स्वरुप ४८
४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू ४९
४.५ जनसंख्या प्रक्षेपण ४९
४.६ भू-क्षय संम्भावित क्षेत्र ५०
४.७ नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ५१
खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगारको स्थिति ५२
५.१ नगरपालिका अर्थतन्त्रको संरचनात्मक स्वरुप छद्द
५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ५२
५.३ आश्रित जनसंख्याको विवरण ५३
५.४ पेशाको आधारमा जनसंख्याको विवरण ५३
५.५ आम्दानीको मुख्य श्रोत ५४
५.६ औषत मासिक आम्दानी ५४
५.७ कृषि छद्ध
५.७.१ बाली प्रणाली ५६
५.७.२ बाली पात्रो ५६
५.७.३ मुख्य कृषि उपजहरु ५७
५.७.४ कृषक समूहको विवरण ५८
५.७.५ कृषी बालीमा लाग्ने रोग ५८
५.७.६ कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण ५९
५.७.७ एग्रोभेट सम्बन्धी विवरण ५९
५.७.८ कृषि पकेट क्षेत्रको विवरण ६०
५.७.९ कृषि बजारीकरण ६०
५.७.१०जग्गाको उर्वराशक्ति ६१
५.८ सिंचाइ ६१
५.९ पशुपालन ६२
५.९.१ पशुपंक्षीमा लाग्ने रोगहरु ६२
५.९.२ गाई/भैंसी/बाख्रा फार्महरु ६३
५.९.३ नगरपालिकामा दुग्ध बजारीकरण ६४
५.९.४ मासु बजारीकरण ६४
५.१० पर्यटन ६४
५.११ उद्योग ६५

५.१२ व्यापारिक महत्वका स्थानहरु ६६
५.१३ थोक तथा खुद्रा व्यापार ६६
५.१३.१ ढुवानी तथा भण्डार व्यवस्था ६७
५.१३.२ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति ६७
५.१४ अन्य आर्थिक विकासका सम्भावनाहरू ६७
५.१५ खानीको स्रोत र उपयोगको स्थिति ६९
५.१६ नगरपालिकाको अर्थतन्त्रको विशिष्टिकरण ६९
५.१७ बैंक तथा वित्तीय संस्थाहरु ७०
५.१८ सहकारी संस्थाको विवरण ७०
५.१९ संघ संस्था तथा विभिन्न समूहहरु ७१
खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार ७२
६.१ यातायात ७२
६.२ संचार ७४
६.२.१ टेलिफोन/मोबाइल ७५
६.२.२ हुलाक सेवा ७५
६.२.३ एफ. एम स्टेसन तथा पत्रपत्रिका सम्बन्धी विवरण ७५
६.३ विद्युत ७६
६.३.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण ७६
६.३.२ पछिल्लो तथ्याङ्कअनुसार नगरपालिकामा विद्युतिकरणको अवस्था ७७
६.३.३ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ७८
खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा ७९
७.१ शिक्षा ७९
७.२ साक्षरता स्थिति ८०
७.२.१ शैक्षिक जनशक्तिको विवरण ८२
७.२.२ विषयगत शैक्षिक जनशक्तिको विवरण ८३
७.२.३ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण ८४
७.२.४ नगरपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण ८४
७.२.५ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू ८६
७.३ स्वास्थ्य ८७
७.३.१ एच. आई. भी./एडसको अवस्था ८८
७.३.२ सुरक्षित मातृत्वको अवस्थाको विवरण ८९
७.३.३ परिवार नियोजन ९०
७.३.४ खोपको विवरण ९०
७.३.५ बाल्यकालमा हुने रोगका जोखिम ९१
७.३.६ शिशु तथा ५ वर्ष मुनिका बाल मृत्युदर ९१
७.३.७ बालपोषण सम्वन्धी विवरण ९१
७.४ खेलकुद तथा मनोरञ्जन ९२
७.५ नागरिक सुरक्षा सेवा ९३

७.५.१ बृद्धबृद्धाहरूको अवस्था ९३
७.५.२ शान्ति सुरक्षा ९४
७.५.३ सामाजिक सुरक्षा ९४
७.६ महिला तथा बालबालिका ९४
७.६.१ महिला सम्बन्धी विवरण ९४
७.६.२ बालबालिका सम्बन्धी विवरण ९५
७.६.३ बालअधिकारका सिद्धान्तहरू ९६
७.६.४ बालश्रमको अवस्था ९७
७.६.५ बालक्लब ९८
७.६.६ बाल विकास केन्द्र ९८
७.७ अपाङ्गताको विवरण ९८
७.८ खानेपानी तथा सरसफाई १००
७.८.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण १०१
७.८.२ खानेपानीको स्रोतको विवरण १०२
७.८.३ खानेपानी शुद्ध पार्ने तरिकाको आधारमा घरधुरी संख्या १०३
७.८.४ शौचालयको विवरण १०४
७.८.५ वडागत शौचालयको संख्याको विवरण १०५
७.८.६ नगरक्षेत्रमा सरसफाइको पहुँचको अवस्था १०६
७.८.७ फोहोर पानीको व्यवस्थापन १०६
७.८.८ ठोस फोहोरको व्यवस्थापन १०६
७.९ सामुदायिक भवन सम्बन्धी विवरण १०७
७.१० पाटी पौवा र चौताराहरु १०७
खण्ड ८ : वन तथा वातावरण १०८
८.१ प्राकृतिक वन तथा वनस्पती १०८
८.२ जैविक विविधता सम्वन्धी विवरण १०८
८.३ लघु वन पैदावार १०९
८.४ नगरपालिकामा पाईने वन्यजन्तु ११०
८.५ वनजंगल ११०
८.५.१ सामुदायिक वन १११
८.५.२ धार्मिक वन ११३
८.५.३ सरकारद्वारा व्यवस्थित वन ११३
८.५.४ निजी वन ११३
८.६ वन पैदावारको माग र आपूर्ति ११३
८.७ जडिबुटी सम्बन्धी विवरण ११३
८.८ वन संरक्षणका लागि चाल्नु पर्ने कदम ११४
खण्ड ९ : विकास सूचकांङ्क र गरिबीको स्थिति ११५
९.१ मानव विकास सुचकको विवरण (HDI) ११५
९.२ मानव गरीबी सूचकांक (Human Poverty Index) ११५

९.३ मानव विकास र गरीबी ११६
९.४ गरिबी न्यूनीकरण ११६
९.५ समग्र विकास स्थिति ११६
खण्ड १० : नगरपालिकाको संगठनात्मक ढाँचा ११८
१०.१ जन प्रतिनिधिहरुको विवरण ११८
१०.२ शारदा नगरपालिका (खलंगा क्षेत्रमात्र) अवस्थित सरकारी कार्यालयहरुको विवरण १२०
१०.३ अन्य सरकारी कार्यालयहरुको विवरण १२१
१०.४ कार्यालयमा रहेका भौतिक साधनहरु (२०७४ असार मसान्तसम्मको मात्र) १२१
१०.५ प्रमुख राजनैतिक दलहरुको विवरण १२२

# तालिका सूची

तालिका नं. १ : शारदा नगरपालिकाको वडा विभाजन ६
तालिका नं. २ : शारदा नगरपालिकाको मतदाता र मतदान केन्द्रको विवरण ८
तालिका नं. ३ : शारदा नगरपालिकाको तापक्रम विवरण ९
तालिका नं. ४ : नगरपालिकामा भएका नदीनालाहरुको विवरण १९
तालिका नं. ५ : पर्यटकीय स्थलहरुको विवरण २२
तालिका नं. ६ : जनसंख्याको विवरण २४
तालिका नं. ७ : वडागत क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण २७
तालिका नं. ८ : १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण २८
तालिका नं. ९ : पहिलो विवाह गर्दाको उमेरको विवरण २९
तालिका नं. १० : उमेर समूहअनुसार जनसंख्याको विवरण ३०
तालिका नं. ११ : शारदा नगरपालिकाको जनसंख्या र जातको विवरण ३२
तालिका नं. १२ : मातृभाषा अनुसार जनसंख्याको विवरण ३३
तालिका नं. १३ : धर्मअनुसार जनसंख्याको विवरण ३५
तालिका नं. १४ : परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण ३६
तालिका नं. १५ : घरमुलीको लैङ्गिक विवरण ३७
तालिका नं. १६ : महिलाका नाममा भएको घरको स्वामित्वको विवरण ३८
तालिका नं. १७ : महिलाको नाममा भएको जग्गाको स्वामित्वको विवरण ३९
तालिका नं. १८ : बाहिरी गारोका आधारमा घरको बनोटको विवरण ४०
तालिका नं. १९ : छानाको आधारमा घरको बनोटको विवरण ४१
तालिका नं. २० : जगको आधारमा घरको बनोटको विवरण ४२
तालिका नं. २१ : भू-उपयोग विवरण ४७
तालिका नं. २२ : सार्वजनिक जग्गाको विवरण ४८
तालिका नं. २३ : शारदा नगरपालिकाको जनसंख्या प्रक्षेपण ५०
तालिका नं. २४ : नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ५१
तालिका नं. २५ : आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ५२
तालिका नं. २६ : आश्रित जनसंख्याको विवरण ५३
तालिका नं. २७ : पेशाको आधारमा जनसंख्याको विवरण ५३
तालिका नं. २८ : आर्थिक रुपले सम्पन्न तथा विपन्न परिवार संख्या ५४
तालिका नं. २९ : खेतियोग्य जमिनको विवरण ५५
तालिका नं. ३० : बाली प्रणाली सम्बन्धी विवरण ५६
तालिका नं. ३१ : नगरपालिका र यस वरपरको बाली पात्रो ५६
तालिका नं. ३२ : नगर क्षेत्रमा उत्पादन हुने प्रमुख कृषि उपजहरु ५७
तालिका नं. ३३ : वडाअनुसार उत्पादन हुने कृषि उपजहरु ५७
तालिका नं. ३४ : कृषक समूहको विवरण ५८
तालिका नं. ३५ : विभिन्न बालीमा लाग्ने रोग विवरण ५९

तालिका नं. ३६ : सेवा केन्द्रहरु र सेवा पुऱ्याउने क्षेत्रहरु ५९
तालिका नं. ३७ : एग्रोभेट सम्बन्धी विवरण ५९
तालिका नं. ३८ : कृषि पकेट क्षेत्रको विवरण ६०
तालिका नं. ३९ : नगरपालिकाको खेतीयोग्य क्षेत्रफल ६१
तालिका नं. ४० : सिंचाइको विवरण ६१
तालिका नं. ४१ : पशुपंक्षी पालन तथा फार्महरु ६३
तालिका नं. ४२ : शारदा नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका उद्योगहरुको विवरण ६५
तालिका नं. ४३ : नगरपालिकामा संचालनमा रहेका पसल कवलहरु ६६
तालिका नं. ४४ : शारदा नगरपालिकामा पाइने खनिज पदार्थ सम्बन्धि विवरण ६९
तालिका नं. ४५ : नगरपालिकामा रहेका बैंक तथा वित्तीय संस्थाको विवरण ७०
तालिका नं. ४६ : नगरपालिकाका विभिन्न स्थानमा रहेका सहकारी संस्थाहरु ७०
तालिका नं. ४७ : गैर सरकारी संस्थाहरुको विवरण ७१
तालिका नं. ४८ : नगरपालिकाको सबै वर्गका सडक सञ्जाल सम्बन्धी विवरण ७३
तालिका नं. ४९ : एफ. एम स्टेसन सम्बन्धी विवरण ७५
तालिका नं. ५० : बत्ती बाल्न प्रयोग गरिने श्रोत ७६
तालिका नं. ५१ : विद्युतिकरणको अवस्था ७७
तालिका नं. ५२ : विद्युतिकरणको अवस्था ७७
तालिका नं. ५३ : खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ७८
तालिका नं. ५४ : साक्षरता दर ८१
तालिका नं. ५५ : शैक्षिक जनशक्तिको विवरण ८२
तालिका नं. ५६ : विषयगत शैक्षिक जनशक्तिको विवरण ८३
तालिका नं. ५७ : उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण ८४
तालिका नं. ५८ : नगरपालिकामा रहेका शिक्षण संस्थाहरुको विवरण ८५
तालिका नं. ५९ : स्वास्थ्य संस्था सम्बन्धी विवरण ८८
तालिका नं. ६० : आ.व. २०७२/०७३ सम्ममा बहिरंग (OPD) सेवा लिएका विवरण ८८
तालिका नं. ६१ : सुरक्षित मातृत्वको अवस्थाको विवरण ८९
तालिका नं. ६२ : खोपको विवरण ९०
तालिका नं. ६३ : पोषण सम्बन्धी विवरण ९२
तालिका नं. ६४ : नगरपालिकामा रहेका खेल मैदान तथा खुल्ला स्थानको विवरण ९३
तालिका नं. ६५ : अपाङ्गताको विवरण ९९
तालिका नं. ६६ : परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत १०१
तालिका नं. ६७ : खानेपानीको स्रोतको विवरण १०२
तालिका नं. ६८ : पछिल्लो तथ्याङ्क अनुसार पिउने पानीको मुख्य श्रोतको आधारमा घरधुरी संख्या १०२
तालिका नं. ६९ : पछिल्लो तथ्याङ्क अनुसार खानेपानीको अवस्था १०३
तालिका नं. ७० : खानेपानी शुद्ध पार्ने तरिकाको आधारमा घरधुरी संख्या १०३
तालिका नं. ७१ : शौचालयको प्रकार १०४
तालिका नं. ७२ : वडागत शौचालय संख्याको विवरण १०५
तालिका नं. ७३ : वडाअनुसार सरसफाइ सम्बन्धी विवरण १०६

**तालिका नं. ७४ :** नगरमा सामुदायिक सम्बन्धी विवरण १०७
**तालिका नं. ७५ :** नगरपालिकाका विभिन्न स्थानहरुमा रहेका पाटीपौवा र चौताराहरु १०७
**तालिका नं. ७६ :** आ.व. २०७२/०७३ मा वन कार्ययोजना पुनर्लेखन भएका सा.व.उ.स.को विवरण ११२
**तालिका नं. ७७ :** आ.व. २०७२/०७३ गठन तथा हस्तान्तरण भएका सा.व.उ.स.को विवरण ११२
**तालिका नं. ७८ :** गरीबीको दरको विवरण ११६
**तालिका नं. ७९ :** शारदा नगरपालिकाको जन प्रतिनिधिहरुको विवरण ११८
**तालिका नं. ८० :** सरकारी कार्यालयहरुको विवरण १२०
**तालिका नं. ८१ :** अन्य सरकारी कार्यालयहरुको विवरण १२१
**तालिका नं. ८२ :** भौतिक साधनहरुको विवरण १२१

# नक्सा सूची


नक्सा नं १: शारदा नगरपालिकाको समग्र वस्तुस्थीति ५
नक्सा नं २: शारदा नगरपालिकाको वडा विभाजन ७
नक्सा नं ३: शारदा नगरपालिकाको उचाई विवरण १२
नक्सा नं ४: शारदा नगरपालिकाको भिरालोपना १५
नक्सा नं ५: शारदा नगरपालिकामा रहेका नदी संजाल २०
नक्सा नं ६: शारदा नगरपालिकामा रहेका धार्मिक, तथा पर्यटकीय स्थलहरु २१
नक्सा नं ७: शारदा नगरपालिकाको जनसंख्या २५
नक्सा नं ८: शारदा नगरपालिकाको लैङ्गिक अनुपात २६
नक्सा नं ९: शारदा नगरपालिकामा रहेको बस्तीको विवरण ४५
नक्सा नं १०: भू–उपयोगको विवरण ४६
नक्सा नं ११: नगरपालिकाको सडक सञ्जाल ७२

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि वैज्ञानिक योजना पद्धतिको आवश्कता पर्दछ । वैज्ञानिक योजना पद्धति निर्माणका लागि भरपर्दो तथ्याङ्कको अपरिहार्यता हुन्छ । त्यसैले तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न र सम्भावनाहरूको खोजी गर्न सही तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुनाले हाल स्थापित स्थानीय तहमा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघ संस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढंगले संकलन गरी यो नगर पार्श्वचित्र तयार गरिएको छ ।

नेपालको संविधानको अनुसूची ८ अन्तर्गत स्थानीय सरकारको अधिकारको सूचिको क्रमसंख्या ६ मा स्थानीय तथ्याङ्क तथा अभिलेख तयार पार्ने अधिकार स्थानीय सरकारलाई नै रहेको स्पष्ट उल्लेख गरेको छ । चौधौं योजना (२०७३/७४-२०७५/७६) ले पनि नगरपालिकाहरूको तथ्याङ्कीय आधार तयार गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएको र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी गाउँ/नगर वस्तुगत विवरण तयारी कार्यविधि २०७४ ले विकास योजना सम्बोधनका लागि नगरपालिकाहरुले भौगोलिक, आर्थिक, सामाजिक, वातावरणीय, जनसांख्यिक सूचनाहरुलाई व्यवस्थित गर्नुपर्ने दायित्व उल्लेख गरेको छ । यसै प्रयोजनको लागि नगरपालिकाको वस्तुस्थिति झल्कने गरी नगरपालिका पार्श्वचित्र (Municipality Profile) तयार गरिएको हो ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

क) नगरपालिका क्षेत्र भित्र रहेका सेवा सुविधाहरुको बारेमा जानकारी गराउने ।

ख) नगरपालिका क्षेत्र भित्रको सम्भावना र समस्याहरुको अवगत गराउने ।

ग) नगरपालिकाको जनसंख्या तथा विकासात्मक वस्तुस्थिति औँल्याउने ।

घ) नगरपालिकामा बसोवास गर्ने मानिसहरुको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने ।

ङ) नगरपालिका क्षेत्र भित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने ।

च) नगरपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने ।

छ) नगरपालिका क्षेत्रको तथ्याङ्कको आधारमा प्रदेश तथा संघीय सरकारसम्म सूचना उपलब्ध गराई व्यवस्थापनमा सहयोग गर्ने ।

ज) स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने ।

झ) नगरपालिका स्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्न सहयोग पुऱ्याउने ।

ञ) नगरपालिकाको भावी योजना तथा कार्यक्रम एवं नीति तर्जुमा र निर्माणको कामलाई आधार प्रदान गर्ने ।

## १.३ अध्ययनको महत्व

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशन गरे बमोजिम नगरपालिका/गाउँपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने दायित्व रहेको छ । नगरपालिकाको भावी योजना तथा कार्यक्रम एवं नीति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको पाश्र्वचित्रले तुलनात्मक मूल्याङ्कनका लागि त्यस ठाउँको वस्तुस्थिति सम्वन्धी जानकारी स्पष्ट हुनु जरुरी छ । नगरपालिकाका विभिन्न स्थानको आवस्यकतामा आधारित विकासका कार्यक्रम तथा रणनीतिक योजना तर्जुमा गर्नका लागि यस अध्ययनले शारदा नगरपालिकालाई सहयोग गर्नुका साथै समानुपातिक विकासमा अन्य सरोकारवालाहरुलाई समेत यस क्षेत्रको तथ्यपरक जानकारी प्रदान गर्दछ । यसका अलावा नगर पाश्र्वचित्रको यो अध्ययन सम्बन्धित क्षेत्रका संघ संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, शिक्षाकर्मी, समाजसेवी लगायत सरोकारवालाहरुलाई उपयोगी हुने भएकोले यस अध्ययनको अत्यन्त महत्व रहेको विषय प्रस्ट हुन्छ ।

## १.४ अध्ययनको औचित्य

नेपालको संविधान तथा स्थानिय सरकार संचालन ऐन २०७४ ले स्थानिय सरकारलाई एउटा स्वायत्त निकायको रुपमा स्थापित गरेको छ । तसर्थ संघिय सरकारले स्थानिय सरकारलाई विकास तथा पूँजीगत खर्च थप गर्नुका साथै गउँपालिका/नगरपालिकाहरुको न्यूनतम शर्त मापनका सूचकहरु पनि निर्धारण गरेको छ । ती सूचकहरु मध्ये हरेक नगरपालिकाले आ-आफ्नो क्षेत्रको वस्तुगत विवरणमा आधारित Municipality Profile तयार गर्नु एक हो । भौतिक विकासका दृष्टिले कमजोर स्थिति रहेको नेपालको सन्दर्भमा यस प्रकारको कार्यले विशेष महत्व राख्दछ । यसले वर्तमानको यथार्थलाई विश्लेषण गरी सोको आधारमा नगरपालिकामा उपलब्ध श्रोत साधनको उपर्युक्त व्यवस्थापन तथा परिचालन एवं उचित कार्यक्रमहरुको

तर्जुमा, कार्यान्वयन र अनुगमन मुल्यांकनका निम्ति मार्गदर्शकको काम गर्ने हुनाले यो अध्ययनको औचित्य रहन्छ ।

## १.५ अध्ययन विधि

यस नगरपालिकाको पार्श्वचित्रको तयारी गर्दा प्रयोग गरिएका विधिहरु निम्नानुसार छन् :–

- ✓ यसमा विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरुबाट उपलब्ध तथ्याङ्कहरु समावेश गरिएको छ ।
- ✓ राष्ट्रिय जनगणना, विभिन्न सर्वेक्षण आदिका नतिजाहरु समावेश गरिएको छ ।
- ✓ यस अध्ययन प्रतिवेदनमा तथ्याङ्कको बिश्लेषणका क्रममा बिभिन्न तालिकाहरु, चित्रहरु तथा नक्साको प्रयोग गरी बर्णनात्मक तथा तुलनात्मक रुपमा बिश्लेषण गरिएको छ ।

पार्श्वचित्र तयार गर्ने कार्य प्राथमिक (Primary) तथा द्वित्तीय (Secondary) सूचना संकलन पद्दती उपयोग गरिएको छ । भू-उपयोग, सडकहरू र सो को गुणस्तर तथा वातावरणीय समस्याहरू जस्ता प्राथमिक तथ्याङ्कहरू, डिजिटल तथ्याङ्क (GIS Data), स्थलस्वरुप नक्शा, हवाई नक्शा, नापी नक्शा, स्थलगत निरीक्षण तथा अन्तरर्वाता गरी संकलन गरिएको छ। वडा स्तरीय समस्याहरू र खाँचोहरू, वडाबासीहरू बीच सहभागितामूलक छरितो मूल्याङ्कन पद्दति (Participatory Rapid Appraisal) अपनाई जानकारी लिइएको छ। यसका साथै नगरपालिका स्थिति विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूका पदाधिकारीहरू, वुद्धिजिवीहरू उपलब्ध प्रतिष्ठित व्यक्तित्वहरूसंग छलफल एवं अर्न्तवार्ता गरी नगरपालिकाका प्रमुख समस्या एवं विकासका सम्भावनाहरू माथि जानकारी लिईएको छ । नगरपालिकाका समग्र तथ्याङ्कहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरू नगरपालिका कार्यालय लगायत नगरपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्याङ्कहरू विभाग तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ ।

## १.६ अध्ययनका सीमाहरु

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरेबमोजिम नगरपालिका पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्यांकहरुको स्रोत र आधार वर्ष खुलाईएको छ। नगरपालिकाका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय, विभागहरु, सम्बन्धीत नगरपालिका आदि स्रोतहरुबाट उपलब्ध तथ्याङ्कको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ । पार्श्वचित्रको अवधारणा अनुसार यसले शारदा नगरपालिका को सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिन्छ। अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ। तैपनि स्रोत, साधन तथा समयको परिधीले यस अध्ययनलाई केही सीमिततामा बाँधेको छ । तथापी अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकता अनुसारका तथ्याङ्कहरु उल्लेख गरिएको छ ।


# खण्ड २ : शारदा नगरपालिकाको परिचय

## २.१ नगरपालिकाको संक्षिप्त परिचय

शारदा नगरपालिका नेपालको पछिल्लो प्रशासनिक विभाजन अनुसार प्रदेश नं. ६ मा पर्दछ। शारदा नगरपालिका विश्व मानचित्रमा ८२°०२'४०" देखि ८२°१६'३६" पूर्वी देशान्तरसम्म र २८°१८'५१" देखि २८°२७'४४" उत्तरी आक्षांससम्म फैलिएर शारदा नदीको काखमा प्राकृतिक मनोरम संरचना सहित पहाडी क्षेत्रमा अवस्थित छ । १९८.३४ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस शारदा नगरपालिकाको उत्तरमा ढौरचौर गाउँपालिका पश्चिमतर्फ बनगाड कुपिन्डे नगरपालिका, दक्षिणमा छत्रेश्वरी, त्रिवेणी र कालिमाटी गाउँपालिका र पूर्वमा छत्रेश्वरी गाउँपालिका र बागचौर नगरपालिका रहेका छन् ।

नेपाल सरकारको मिति २०७१ बैशाख २५ गतेको निर्णयबाट सल्यान जिल्लाको तत्कालिन ७ गा.वि.स खलंगा, मार्के, ह्विवल्चा, कजेरी, सजैवाल टाकुरा, स्यानीखाल र डाँडागाउँलाई मिलाएर घोषणा भई २०७१/०२/०२ गतेबाट औपचारिक रुपमा स्थापित तथा सञ्चालनमा आएको हो । यस नगरपालिकाको नामाकरण यस नगरपालिका भइ बग्ने शारदा नदिबाट गरिएको हो । शारदा नदी शारदा नगरपालिकाको मात्र नभइ सल्यान जिल्लाको पनि प्रमुख नदीको रुपमा मानिन्छ । यस नदिलाई आर्थिक तथा पर्यटकिय हिसाबले महत्वपूर्ण मानिन्छ। राष्ट्रिय जनगणना, २०६८ अनुसार शारदा नगरपालिकाको जनसंख्या ३३,७३० रहेको छ जस मध्ये पुरुष ४६.४३ प्रतिशत (१५,६६१ जना) र महिला ५३.५७ प्रतिशत (१८,०६९ जना) रहेको यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ। राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी क्षेत्री जाति २१,१२७ जना (६२.६४ प्रतिशत), दोस्रोमा सन्यासी/दशनामी २७६१ जना (८.१९ प्रतिशत) र तेस्रोमा कामी २५८६ (७.६७ प्रतिशत) हरुको बसोबास रहेको छ। शैक्षिक हिसावमा यस नगरपालिकामा सामुदायिक र संस्थागत गरी जम्मा ६३ वटा शिक्षण संस्थाहरु संचालित छन् ।

यस नगरपालिकामा औषत पारिवारीक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य श्रोतहरुमा व्यापार व्यवसाय, पशुपालन, साना उद्योग, सेवा, नोकरी हुन् । यसको साथै विकल्पमा वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा क्रमशः आधुनिक कृषि प्रणाली र जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ। यस नगरपालिकामा आधारभूत देखि उच्च शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था रहेका छन्। प्राविधिक शिक्षा र माथिल्लो तह अध्ययनका लागि यस नगरपालिकाका स्थानीय विद्यार्थीहरु अन्य छिमेकी जिल्लामा जाने गरेका छन्। अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन्। योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयन तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन। विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व जस्तै नयाँ वर्ष, साउने सक्रान्ति, कृष्णजन्माष्टमी, तीज, दशै, तिहार, माघे सक्रान्ति, चैते दशै आदि मनाउने गरिन्छ ।




**नक्सा नं १:** शारदा नगरपालिकाको समग्र वस्तुस्थीति

## २.२ भौगोलिक अवस्थिति


शारदा नगरपालिका विश्व मानचित्रमा ८२°०२'४०" देखि ८२°१६'३६" पूर्वी देशान्तरसम्म र २८°१८'५१" देखि २८°२७'४४" उत्तरी आक्षांससम्म फैलिएर शारदा नदीको काखमा प्राकृतिक मनोरम संरचना सहित पहाडी क्षेत्रमा अवस्थित छ । यो नगरपालिका समुद्री सतहबाट १२१० मिटर उँचाईदेखि १८३० मिटर सम्मको उँचाईमा अवस्थित छ । सल्यान जिल्लामा अवस्थित १९८.३४ व.कि.मी. क्षेत्रफलमा फैलिएको यस शारदा नगरपालिकाको उत्तरमा ढौरचौर गाउँपालिका पश्चिमतर्फ बनगाड कुपिन्डे नगरपालिका, दक्षिणमा छत्रेश्वरी, त्रिवेणी र कालिमाटी गाउँपालिका र पूर्वमा छत्रेश्वरी गाउँपालिका र बागचौर नगरपालिका रहेका छन् । पहाडी क्षेत्रमा पर्ने नगरपालिकाको २७.७५ प्रतिशत भागमा खेतियोग्य उर्वर जमिनले ओगटेको भए पनि अधिकांश भाग पहाडी भागले ओगटेको छ । जंगल र जलाधार क्षेत्रको कमि नभएको यस नगरपालिकामा साना तथा ठूला खोला तथा नदीहरु रहेका छन् । यस नगरपालिकाको प्रमुख जलाधार भनेको शारदा नदी हो ।

## २.३ राजनैतिक तथा प्रशासनिक केन्द्र

नेपाल सरकारले तत्कालिन ७ गा.वि.स खलंगा, मार्के, ह्विवल्चा, कजेरी, सजैवाल टाकुरा, स्यानीखाल र डाँडागाउँलाई मिलाएर घोषणा भई २०७१/०२/०२ गतेबाट औपचारिक रुपमा स्थापित तथा सञ्चालनमा आएको यस नगरपालिकाको वडा विभाजन यस प्रकार रहेको छ ।

**तालिका नं. १ :** शारदा नगरपालिकाको वडा विभाजन

| वडा नं. | समावेश भएका साविक गा.वि.स/न.पा. | साविकको वडा नं. |
|---|---|---|
| १ | खलंगा | १-३ |
| २ | खलंगा | ४-६ |
| ३ | खलंगा | ७-९ |
| ४ | सेजवालटाकुरा | १,५,६,९ |
| ५ | सेजवालटाकुरा | २,३,४,७,८ |
| ६ | कजेरी | ४-८ |
| ७ | कजेरी | १,२,३,९ |
| ८ | मार्के | १,३,४,७,८ |
| ९ | मार्के | २,५,६,९ |
| १० | हिवल्चा | १,६,७,९ |
| ११ | हिवल्चा | २-५,८ |
| १२ | स्यानीखाल | १,२,८,९ |
| १३ | स्यानीखाल | ३-७ |
| १४ | डाँडागाउँ | ६-९ |
| १५ | डाँडागाउँ | १-५ |




**नक्सा नं २:** शारदा नगरपालिकाको वडा विभाजन

## २.४ स्थानीय तहको निर्वाचनमा मतदाता सम्बन्धी विवरण

प्रजातान्त्रिक प्रणालीमा मतदानको अधिकारलाई सबैभन्दा ठूलो अधिकार मानिन्छ। प्रजातन्त्रमा जनता नै सर्वोपरी हुन्। नेपालको संविधानमा जनताद्वारा जनताका लागि जनताकै निम्ति प्रतिनिधि चयन गर्ने जनतालाई स्वतन्त्र अधिकार प्रदान गरिएको छ। मतदान विचार प्रकट गर्ने एउटा विधि पनि हो, जसद्वारा जनतालाई राम्रो विचार चयन गर्ने अवसर प्राप्त हुन्छ। मतदानको व्यवस्थाद्वारा कुनै वर्ग या समाजका प्रतिनिधी वा राज्यको सांसद/विधानसभा अथवा स्थानीय सरकारमा आफ्नो प्रतिनिधि चयन गर्ने र निर्वाचनमा आफ्नो मत जाहेर गर्ने गरिन्छ।

मतदानद्वारा राष्ट्रको भविष्य उज्जवल बनाउन सही प्रतिनिधिको चयन हुन्छ। राष्ट्रको भविष्य सुदृढ र सुनिश्चित बनाउनका निम्ति यसका अगुवा सही हुनुपर्छ। नेपाल एक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो। यसैले सही जनप्रतिनिधिका निम्ति मतदानको प्रतिशत अधिक हुन अथवा सत प्रतिशत मतदान हुने वातावरण तय हुन आवश्यक रहन्छ। स्थानीय तह निर्वाचन, २०७४ (२०७४ साल भाद्र ५ गते सम्म १८ वर्ष पुरा भएका) को अन्तिम मतदाता संख्याको विवरण अनुसार यस नगरपालिकामा २०७४ साल भाद्र ५ गते सम्म १८ वर्ष पुरा भएका मतदाता संख्या २०,४१९ रहेका छन्। जहाँ पुरुष ९,९१४ जना र महिलाको संख्या १०,५०५ जना रहेको छ भने १५ वडामा विभाजित यस शारदा नगरपालिकामा १६ मतदान केन्द्रहरु रहेका छन्। जसको विस्तृत विवरण तल तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. २ :** शारदा नगरपालिकाको मतदाता र मतदान केन्द्रको विवरण

| वडा नं | क्र.सं. | मतदान केन्द्र | मतदाता संख्या | | |
|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा |
| १ | १ | शिवभजन मा.वि., शितलपाटी | ९१० | ९६२ | १८७२ |
| २ | २ | बालमन्दिर भवन, डाँडागाउँ | ७६८ | ८३० | १५९८ |
| ३ | ३ | द्वारिका प्रा.वि., वडाखोला | ४७५ | ५४१ | १०१६ |
| ४ | ४ | महेन्द्र रत्न मा.वि., पिपलनेटा | ४५५ | ४८५ | ९४० |
| ५ | ५ | सरस्वती विद्या मन्दिर प्रा.वि, रानीकोट | ५७८ | ६७३ | १२५१ |
| ६ | ६ | बालशख मा.वि., मदनकाँडा | ८१७ | ८९१ | १७०८ |
| ७ | ७ | कालिका मा.वि., माथिगाउँ कजेरी | ६९५ | ६९२ | १३८७ |
| ८ | ८ | त्रिभुवन जनता मा.वि., नाउला मार्के | ५५५ | ५६६ | ११२१ |
| ९ | ९ | कृष्ण नि.मा.वि., बागचौर | ३९७ | ३७८ | ७७५ |
| | १० | सुनचौर आ.वि., सुनचौर | २२८ | २१७ | ४४५ |
| १० | ११ | कालीका आधारभूत विद्यालय, मदाना | ५८५ | ६०२ | ११८७ |
| ११ | १२ | महेन्द्र रत्न मा.वि., हिवल्च | ६६९ | ७०९ | १३७८ |
| १२ | १३ | शिव नि.मा.वि., मुलडाँडा | ६४३ | ७५५ | १३९८ |
| १३ | १४ | लक्ष्मी मा.वि., स्यानीखाल | ७१४ | ७६८ | १४८२ |
| १४ | १५ | साविक वडा कार्यालय, डाँडागाउँ | ७१४ | ७११ | १४२५ |
| १५ | १६ | दुर्गा प्रा.वि., डाँडागाउँ | ७११ | ७२५ | १४३६ |
| जम्मा | | | ९९१४ | १०५०५ | २०४१९ |

*स्रोत : निर्वाचन आयोग, २०७४*


## २.५ हावापानी


जलवायुको हिसाबले यस नगरपालिकाको बेशी क्षेत्रमा उपोष्ण तथा पहाडि क्षेत्रमा समशितोष्ण प्रकारको हावापानी रहेको छ। प्रदेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापानी छैन। चैत्र महिनादेखि आश्विनको सुरुसम्म गर्मी हुन्छ। आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ। जेष्ठको अन्त्य देखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ। यहाँ हिउँदमा ३ डिग्री देखी २८ डिग्री सेल्सियसम्म पुग्दछ भने गर्मीमा १४ डिग्री देखि ३१ डिग्री सेल्सियससम्म रहन्छ। यहाँ औषतमा १११० मिलीमिटर वर्षा हुने गर्दछ। यस नगरमा तापक्रम सबैभन्दा उच्च हुने ठाउँ श्रीनगर बजार हो भने न्यून तापक्रम हुने ठाउँ कजेरी लेक हो। शारदा नगरपालिकाको १२ महिनाको औषत तापक्रम र वर्षाको विवरण तलको तालिकामा दिइएको छ।

**तालिका नं. ३ :** शारदा नगरपालिकाको तापक्रम विवरण

| सि.न. | महिना | औषत अधिकतम तापक्रम | औषत न्यूनतम तापक्रम | वर्षा मि.मि. |
|---|---|---|---|---|
| १ | बैशाख-जेष्ठ | २८ | १४ | ६ |
| २ | जेष्ठ-आषाढ | २६ | १४ | १५ |
| ३ | आषाढ-श्रावण | २६ | १६ | २१ |
| ४ | श्रावण-भाद्र | २५ | १५ | २० |
| ७ | भाद्र-आश्विन | २५ | १४ | १३ |
| ६ | आश्विन-कार्तिक | २४ | ११ | ४ |
| ७ | कार्तिक-मंशिर | २२ | ७ | १ |
| ८ | मंशिर-पुष | १८ | ५ | ५ |
| ९ | पुष-माघ | १७ | ५ | ३ |
| १० | माघ-फाल्गुण | १९ | ६ | ४ |
| ११ | फाल्गुण-चैत्र | २३ | ८ | ५ |
| १२ | चैत्र-बैशाख | २८ | १२ | ३ |

*स्रोत: जल तथा मौसम विज्ञान विभाग, काठमाडौँ, नेपाल*






## २.६ भूक्षेत्र (टोपोग्राफी)

### २.६.१ माटोको बनावट र उर्वराशक्ति

यस नगरपालिकाको भौगोलिक बनावटको अवस्थालाई हेर्दा यहाँको अधिकांश माटोमा उब्जाउ क्षमताको कमी देखिन्छ। यहाँ बढी मात्रामा बलौटे, कडा चट्टान तथा नदी वेशीहरुमा बलौटे दोमट र खेतीयोग्य माटो पाईन्छ। नगरपालिकाको दक्षिणी भागमा महाभारत पर्वतको अग्रभाग तथा चुरे पर्वत समेत पर्ने हुँदा कमजोर बनावटको बलौटे तथा खिईने खालको ढुङ्गाहरुको बढी मात्रामा बर्चश्व रहेको देखिन्छ जसमा उब्जाउको सम्भावना ज्यादै न्यून रहन्छ। यसका अलावा, नगरपालिकाको उत्तरी, पूर्वी तथा पश्चिमी भाग महाभारत श्रृखंलामा पर्ने हुँदा यहाँ Phyllites, Schist, Quartize, Lime stone को मात्रा अत्यधिक रहेको छ, यस क्षेत्रमा समेत उत्पादनको सम्भावना न्यून रहन्छ। तथापि, पहाडी टार तथा नदी, वेशीहरु उत्पादनका दृष्टिकोणले ज्यादै संभावनायुक्त देखिन्छन्। समग्र देशको नमूना अध्ययनका आधारमा यस नगरपालिकाको माटोको प्रकार र उर्वरताको बारेमा निम्नानुसार पाइन्छ।

#### क) पाँगो माटो

यहाँका नदी बेसीहरुमा पाँगो माटोको प्रचुरता छ। जहाँ पर्याप्त अन्न उत्पादन र तरकारी बालीको संभावना छ। नदीहरुले बगाई ल्याएको सडेको पातपतिङ्गर र अन्य कम्पोष्ट मलजन्य पदार्थलाई छेउछाउका तटवर्ती भागमा निक्षेप गर्दै जाँदा यी भागहरु अत्यधिक उब्जाउयोग्य रहेका छन्। तथापि, वर्तमान समयमा रसायनिक मलको व्यापक प्रयोगको कारण यहाँको माटोमा अम्लीयता वृद्धि भई उत्पादन ह्रासको स्थिति देखापरेको छ। लगातार भू क्षय तथा वन विनाशका कारण नदीहरुले चून ढुगां, बलौटे, गेग्र्यानयुक्त पदार्थहरु निरन्तररुपमा निक्षेप गर्दा पाँगो माटोको गुणस्तरमा विस्तारै ह्रास आइरहेको छ।

### ख) बलौटे माटो

यो माटो बालुवा, कंकड, ट्यापी र ढुंगा मिश्रित माटो हो । यो उब्जाउको दृष्टिकोणले न्यून कोटीको मानिन्छ । विशेष गरी नगरपालिकाको पहाडी भागहरुमा यो माटोको बाहुल्यता छ । अपेक्षाकृत कम मात्रामा मात्र दलहन र मकै बालीको मात्र यहाँ उत्पादन हुन्छ । यहाँ सिंचाइको समेत अभाव रहेको छ । यहाँको माटोको बनावटमा ढुँङ्गा माटो, कंकड, चुना, फलाम, जीवाष्मको तत्व नभएको माटोको प्रचुरता हुन्छ । उब्जाउको दृष्टिकोणले यहाँको माटोमा नदी बेसीतिर धान, गहुँ, मास, मकै, मध्य पहाडी भागतिर मकै, दलहन र उच्च भागतिर आलु, जौ आदि उत्पादन हुने गर्दछ ।

## २.६.२ भू-आकृति तथा माटोको बनोट

नगरपालिकाको प्रमुख भू-भागमा शिवालिक र केही उच्च पहाडी क्षेत्र रहेको छ । भू-आकृतिमा भएको यस फरकअनुसार यस नगरपालिकालाई तीन क्षेत्रमा विभाजन गर्न सकिन्छ ।

### (क) शिवालिक क्षेत्र :


यस नगरपालिकाको अधिकांश भू-भाग शिवालिक क्षेत्रमा पर्दछ । यहाँको भू-भाग पत्रे चट्टान एवं माटो ढुंगा को समिश्रणले भरिएको छ । यस भू-भागमा वनजङ्गलको मात्रा अत्यधिक छ । प्राय : मानव वस्तीको प्रधानता रहेको क्षेत्र हो । समुद्री सतहबाट १२८० देखि १५०० मिटर सम्मका मोडदार पहाडहरु यस क्षेत्र अन्तर्गत पर्दछन् ।

### (ख) उच्च पहाडी भू-भाग :

समुन्द्री सतहबाट १,५०० मिटरदेखि १८३० मिटरसम्म उचाइ रहेको यो भू-भाग कडा चट्टान कठिन धरातलीय स्वरुप भएका कारण मानव वस्ती यहाँ कम रहेको छ । उच्च पहाडी श्रृंखलाहरु र झाडी बुट्यानले यस क्षेत्रलाई ढाकेको छ ।

### (ग) बेशी क्षेत्र

नदि किनारका भागहरु, शारद नदि र यसका शाखा प्रशाखाले निर्माण गरेका तटिय क्षेत्रहरु होचा र उष्ण तर उब्जाउ युक्त क्षेत्रहरु यो भू-भागमा पर्दछन् ।




**नक्सा नं ३:** शारदा नगरपालिकाको उचाई विवरण

## २.७ भू-क्षेत्रको बर्गीकरण

शारदा नगरपालिकाको भूमिलाई भू-बनौट, प्रणाली, तथा भू-स्खलन जस्ता प्रवृत्तिका आधारमा अध्ययन गर्दा भूमिको बर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading) क्रममा राखिएको छ। अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रबृत्ति भूवनोट अनुसार फरक पर्दै जान्छ। त्यसै क्रमले भूमिको स्थायित्वलाई मजबुत बनाउने उपायको भौतिक लक्षण (Physical characteristics) का आधारमा माटोको अवस्था र भिरालोपन आँकलन गरिएको छ । शारदा नगरपालिकामा भूमिलाई भू-बनौट, पारिस्थितिक प्रणाली, तथा भू-स्खलन जस्ता तत्वका आधारमा भूमिको वर्गीकरणलाई हेर्दा नगरपालिकाको जमिनमा ९ डिग्रि देखि ४८ डिग्रि सम्मको भिरालोपन देखिन्छ । जसलाई तल उल्लेख गरिएको छ ।

**क) Slope 9°-30° (माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने)**

५°-३०° स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मी. देखि १०० से.मि. सम्म रहेको जग्गा यस वर्गमा पर्दछ । यस वर्गको जमिनमा पहिरो जाने, जमिन भासिने जस्ता भू-क्षयीकरणका प्रवृत्तिहरू सामान्यरुपमा देखा परि रहन्छन्। त्यसैले जमिनलाई सामान्यरुपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृत्तिमा झन् वृद्धि हुने हुन्छ। वन, वनस्पतीका लागि यो जमिन त्यति सहज हुँदैन। गाईबस्तुको आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिन ठीक हुँदैन। तर, पालैपालो निश्चित स्थानहरूमा गाईबस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पनि पुर्‍याउन सक्दछ ।

यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गह्राहरू बनाउन अनिवार्य हुन्छ। यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ। यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको सम्मिश्रणले मुख्य भूमिका खेलेको हुन्छ। सिंचाइको प्रयोग नियमित रुपमा पहिलेदेखि नै भइरहेको खण्डमा सिंचाइ गर्दा भू-क्षयको समस्या आउदैन, तर नयाँ सिंचाइ प्रणाली शुरु गर्ने हो भने शुरुमा सावधानी अपनाउनु पर्दछ। एक्कासी बढी सिंचाइ भएको खण्डमा भू-क्षयीकरणको प्रवृत्ति तुरुन्त शुरु हुन सक्दछ।

**ख) Slope = 30°–40° माटोको गहिराई २० से.मी. मात्र भएको, पानीको निकाससहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मी.) भन्दा बढी भएको, काठ दाउरा उत्पादन गर्न उपयुक्त।**


माटोको पत्र २० से.मि. मात्र गहिराई भएको पानीको निकास सहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मि.) भन्दा बढी भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको ज्यादा भिरालोपन भएको जग्गामा गह्रा बनाएर खेती गर्नु फाइदाजनक देखिँदैन। यस प्रकारको

जमिनमा वर्षाको पानीबाट छिटो खोल्सीहरू बन्ने वा बाढीले क्षती पुऱ्याउने ठूलो सम्भावना रहन्छ। तसर्थ यस्तो स्थानहरुमा वनस्पतीहरू लगाउन, उपयुक्त देखिन्छ। यहाँ काठ र इन्धनका लागि वन पैदावारको उत्पादन वृद्धि गर्नु उपयुक्त हुनेछ। पहिरो जाने वा बाढीबाट क्षति हुने प्रवृत्तियस प्रकारको जमिनका सामान्य लक्षण हुन्।

यस्तो क्षेत्रमा जङ्गलको विकास गरी इन्धन, पशु आहार तथा काठ उत्पादन गर्न सकिन्छ . जङ्गल फडानी भएको छ भने पनि यस्तो क्षेत्रमा या त बोटविरुवालाई पुनः हुर्काउन सकिन्छ या त वृक्षारोपण गर्न सकिन्छ । यस वर्गमा पर्ने जमिनहरूमा गाईबस्तुलाई चराउने चलन कडाइकासाथ नियन्त्रण गर्नुपर्छ । यदि इन्धन, पशु, आहार तथा चरनको लागि उपयोग गर्ने हो भने पनि वार्षिक उपयोगले भविष्यको उत्पादकत्वलाई जोखिममा पार्ने खालको हुनुहुँदैन। यस प्रकारको क्षेत्रमा यस्तो वन पैदावार उपयोग गर्ने तरिका, स्थान र पहुँचको लागि सडक विस्तारका र सुरक्षित योजना बनाउनु पर्दछ। यस्तो जमिन खेतीको लागि उपयुक्त हुँदैन।

### ग) Slope >$40^0$-$50^0$ माटोको गहिराई २० से.मी. भन्दा कम भएको, भु-क्षय भइरहने पुनरुत्पादनको संभावना कम भएको

ज्यादै भिरालो भएको, मध्यम भिरालोपन भए पनि माटो पत्र (तह) २० से.मी. भन्दा कम भएको वा जस्तोसुकै भिरालोपन भए पनि वर्षे पानीबाट क्षति भएको, धेरै खोल्सीहरू सिर्जना भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको जमिन अति नै कमजोर, भू-क्षयीकरणको प्रवृत्ति भएको तथा पुनर्निर्माण र पुनर्स्थायिकरणको सम्भावना पनि अत्यन्त कम भएको कारण अन्न एवं वनस्पती खेतीका लागि अनुपयुक्त मानिन्छ। यस प्रकारको जमिनलाई घाँस वा बोट-विरुवा लगाएर हराभरा बनाइराख्नु पर्छ, किनभने माथि उल्लेख गरिए झैं एकातिर यस्तो जमिनमा भू-क्षयीकरणको प्रवृत्ति तीव्र रहेको हुन्छ भने अर्कातिर एक पटक भू-स्खलन भइसकेको क्षेत्रलाई पुनः अधिग्रहण (Reclaim) गर्न असम्भव नै हुन्छ। उच्च भू-भागमा माटोको तापक्रम कम रहने भएबाट तथा भिरालोपन भएबाट माटो सजिलैसँग बग्दछ।




**नक्सा नं ४:** शारदा नगरपालिकाको भिरालोपना

## २.८ नगरपालिकामा रहेको सम्भाव्यता र अवसर

नगरपालिका क्षेत्रमा रहेका सम्भाव्यता र अवसर अन्तर्गत परम्परागत तथा आधुनिक कृषि, व्यवसायिक जडिबुटी उत्पादन, पर्यटन, पशुपालन तथा साना तथा मझौला उद्योगहरुको विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन्। समग्रमा यस नगरपालिका क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ । नगरपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकता अनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यवसायीकरण, आधुनीकिकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

नगरपालिकामा रहेको उर्वर भूमिमा आधुनिक कृषि प्रणालीको अभावले गर्दा खेतीयोग्य भूमिको पूर्ण सदुपयोग हुन सकेको छैन भने अर्को तर्फ माटोको उर्वराशक्ति क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ती बढाई दिगो विकासको धारणा अनुरुप काम गर्न सकेमा भावी पुस्ताको लागि यस नगरपालिकालाई बस्न लायक ठाउँको रुपमा विकसित गर्न सकिन्छ ।

नगरपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपन्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कृषि उत्पादनको संकलन केन्द्र/ कोल्ड स्टोर, मासुजन्य उद्योग आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र नगरपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस नगरपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारी श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

नगरपालिका क्षेत्रमा प्राकृतिक नदी तथा खोलाहरु भएको र थप केही अन्य ठाउँहरूमा ताल निर्माण गरी यस क्षेत्रको हावापानीमा हुने जातका माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र नगरपालिकाकै माछाले बजार लिने सम्भावना रहेको छ।

नगरपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सो क्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरु रहेको यो नगरपालिका गहनाको रुपमा राधाकृष्ण मन्दिर, भद्रकाली मन्दिर, जानकी मन्दिर, खैराबाङ्ग भुवनेश्वरी मन्दिर, ट्वाट्वाके चमेरो गुफा, सिद्ध गुफा लगायत विभिन्न मठ मन्दिर तथा यहाँको लोक सँस्कृति आदि छन् । यी स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रुपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ।

देशमा बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस नगरपालिकाका युवाहरूलाई सिपमूलक तालिम प्रदान गरी स्थानीय स्तरमै रोजगारी श्रृजना गर्ने व्यवस्था भएमा नगरपालिकाको आर्थिक विकासमा ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ।

यसका अतिरिक्त शारदा नगरपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- नगरपालिका क्षेत्रभित्र रहेका नदी तथा खोलाहरुबाट आधुनिक कुलो तथा नहर मार्फत् पानी सिंचाई गरी व्यावसायीक रुपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ ।
- एक घर एक धारा नीति अनुरुप खानेपानी ल्याउन सके हाल नगरपालिकामा देखिएको खानेपानीको समस्यामा न्यूनीकरण हुन्छ ।
- स्थानीय कच्ची सडकको स्तर वृद्धि गरी कालोपत्रे गर्न सके स्थानीय बासिन्दाले भरपुर सुबिधा लिनुका साथै जीवनस्तरको स्तरोन्नती र समग्र नगरपालिकाको सुन्दरतामा वृद्धि हुन सक्छ ।
- तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि छिमेकी जिल्ला तथा काठमाडौं पठाउन समस्या नभएकोले व्यवसायिक कृषि उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ ।
- यस नगरपालिका क्षेत्रमा थप कृषिमा आधारित घरेलु तथा साना उद्योगहरुको विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी वृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ ।
- यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरु रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।
- सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरु यस क्षेत्रमा क्रियाशिल रहेकाले नगरपालिकाको विकासमा साझेदार हुन सक्ने देखिन्छ ।
- नगरपालिका क्षेत्रमा उपभोक्ताहरुको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ ।

## २.९ नगरपालिकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरु

यस शारदा नगरपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान चुनौती तथा समस्याहरुलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

### अवसर तथा सम्भावनाहरु

- वन, उर्बर कृषि जमिन, नदी नाला र जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको उपलब्धता देखिन्छ ।
- शिक्षित मानविय स्रोतमा वृद्धि हुँदै गएको देखिन्छ ।
- जनसांख्यिक लाभांशको अवसर उपलब्ध हुनु ।
- शैक्षिक तालिम केन्द्रहरुको संचालनमा व्यवस्था हुनु ।
- कृषि पकेट क्षेत्रको रुपमा विकास गरी रोजगारीको सिर्जना गर्नुका साथै दिगो आर्थिक विकास गर्न सकिन्छ ।

### समस्या तथा चुनौतीहरु

- पर्यटन क्षेत्रको विकासका लागि ठोस योजना नहुनु ।
- विकास निर्माणको काममा जनसहभागिताको कमी हुनु ।
- नगरपालिकाको क्षेत्रभित्र आवश्यक रोजगारमुलक उद्योगधन्दा, कलकारखाना नहुनु ।
- नगरपालिका क्षेत्रमा खानेपानी तथा सार्वजनिक चर्पीको अझै पनि उचित व्यवस्थापन हुन नसक्नु ।
- नगरपालिका क्षेत्रभित्रका सडकहरु कच्ची तथा कम गुणस्तरको रहेको हुनाले बाह्रै महिना संचालनमा ल्याउन कठिन हुनु ।
- कृषियोग्य भएतापनि आधुनिक तथा व्यवसायिक खेतीको विकास हुन नसक्नु ।
- आयस्रोतको कमिले नगरपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- आकासे पानीमा निर्भर सिचाई हुनु ।
- परम्परागत कृषि प्रणालीमा निर्भर रहनु ।
- स्वच्छ, सफा र शुद्ध खानेपानीको अभाव हुनु ।

## २.१० नगरपालिकाको अन्तर नगरपालिका/गाउँपालिकासँगको सम्बन्ध

नगरपालिकाहरुको बिच कुनै न कुनै रुपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ। सम्बन्धको प्रकृति र दुरी नगरपालिकाहरू बिच फरक-फरक हुन सक्छ। मानव विकासको निम्ती विभिन्न स्थानहरूमा आवत जावत गर्नु पर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक नगरपालिकाले अर्को नगरपालिकामा निर्भर रहनु पर्ने हुन्छ। ती अन्तरनिर्भताका मुख्य क्षेत्रहरू किनमेल, व्यापार, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावार, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन्। पहाडी क्षेत्रबाट कृषि र बनजन्य उत्पादनहरू तराई भित्रिने गर्दछन। मौसमी रोजगारको लागि पहाडबाट तराई झर्ने प्रचलन रहेको देखिन्छ। यी विविध कारणले अन्तर नगरपालिका सम्बन्ध अझ बढी सुदृढ भएको देखिन्छ। साथै, यस नगरपालिकाको छिमेकी गाउँपालिका/नगरपालिकाका सरकारी निकायहरुसंग राम्रो सम्वन्ध रहेको

छ । फलतः यस क्षेत्रको विकासात्मक कृयाकलापको सञ्चालनमा समन्वय गर्ने गरिएको छ । त्यसैगरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग समेत राम्रो सम्बन्ध रहेको छ ।


## २.११ नदी तथा खोलानालाहरु

नगरपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका नदि नाला तथा खोलाहरुले जल पर्यावरण निर्माण गर्नुका साथै विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ। साथै यस्ता नदी तथा खोलाहरुबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत बेलाबखत आंशिकरुपमा सिंचाईको लागि पानीको प्रयोग गरेको देखिन्छ। मानव वस्तीको विकास र बसाईसराईको चापका साथै अनुत्पादक पशुहरूको अत्यधिक चरीचराउ र उपयोगले प्राकृतिक नदी/खोला मा भूक्षय भई पुरिने क्रम जारी छ । यस नगरपालिकामा रहेका प्रमुख नदीहरु मध्ये शारदा नदी एक हो । शारदा नदी छेउछाउका फाँटहरुमा सबभन्दा बढि खेतीपाती हुने जग्गा छ जुन शारदा नदीकै पानीबाट सिँचित गरिएको छ । यसैगरी अन्य नदी तथा खोलाहरुको विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ४ :** नगरपालिकामा भएका नदीनालाहरुको विवरण


| क्र.सं. | नदीनालाको नाम | समेट्ने वडाहरु |
|---|---|---|
| १ | शारदा खोला | ६ |
| २ | सुके खोला | ५ |
| ३ | घट्टे खोला | ५, ६, ४ |
| ४ | डुर खोला | ६ |
| ५ | दह खोला | १ |
| ६ | वाउन पधेरा खोला | १ |
| ७ | मालिके खोला | १ |
| ८ | काउले खोला | १३ |
| ९ | सिस्नेरी खोला | १३ |
| १० | - | २, ३, ७-१२, १४, १५ |

*स्रोतः नगरपालिकाको वडा कार्यालयहरु, २०७४*




**नक्सा नं ५:** शारदा नगरपालिकामा रहेका नदी संजाल

## २.१२ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु




**नक्सा नं ६:** शारदा नगरपालिकामा रहेका धार्मिक, तथा पर्यटकीय स्थलहरु

ऐतिहासक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा सुपरिचित छ। विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले विश्व नै एउटा गाउँको रुपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ। पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ। यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ।

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक विविधता एवं शारदा नगरपालिका हरियाली पहाडी मनोरम दृश्य सेता हिमालको शिर अनि कलकल सुसाउँदै बग्ने शारदको काखमा रहेको छ। यस नगरपालिकामा विशेष पर्यटकिय स्थलहरु नभएपनि नगरको सुन्दर हरियाली एवं प्राकृतिक मनोरम दृश्य तथा केही मठ मन्दिर तथा गुम्बाहरु साथै विभिन्न जातजातिहरुको संस्कृति पर्यटक आकर्षणको कारकहरु हुन्।

**तालिका नं. ५ :** पर्यटकीय स्थलहरुको विवरण

| क्र.सं. | धार्मिक स्थलहरु | ठेगाना | महत्व |
|---|---|---|---|
| १ | राधाकृष्ण मन्दिर | वडा नं. १ | धार्मिक |
| २ | भद्रकाली मन्दिर | - | धार्मिक |
| ३ | शिव गुफा मन्दिर | वडा नं. १ | धार्मिक तथा पर्यटकिय |
| ४ | सरस्वती मन्दिर | वडा नं. १ | धार्मिक |
| ५ | शिव पार्वती मन्दिर | वडा नं. २ | धार्मिक |
| ६ | जानकी मन्दिर | वडा नं. २ | - |
| ७ | कालिका थान मन्दिर | वडा नं. २ | धार्मिक |
| ८ | - | वडा नं. ३ | - |
| ९ | - | वडा नं. ४ | - |
| १० | कालिका थान मन्दिर | वडा नं. ५ | धार्मिक |
| ११ | शिव पार्वती मन्दिर | वडा नं. ५ | धार्मिक |
| १२ | सिद्धगुफा | वडा नं. ६ | पर्यटकिय |
| १३ | - | वडा नं. ७ | - |
| १४ | - | वडा नं. ८ | - |

| क्र.सं. | धार्मिक स्थलहरु | ठेगाना | महत्व |
|---|---|---|---|
| १५ | - | वडा नं. ९ | - |
| १६ | - | वडा नं. १० | - |
| १७ | खैराबाङ्ग भुवनेश्वरी मन्दिर | वडा नं. ११ | धार्मिक |
| १८ | ट्वाट्वाके चमेरो गुफा | वडा नं. १२ | पर्यटकिय |
| १९ | - | वडा नं. १३ | - |
| २० | कालिका मन्दिर ढारखानी | वडा नं. १४ | धार्मिक |
| २१ | भगवती मन्दिर ढारखानी | वडा नं. १४ | धार्मिक |
| २२ | प्राकृतिक गुफा | वडा नं. १४ | धार्मिक |
| २३ | - | वडा नं. १५ | - |

*स्रोत : नगर कार्यपालिकाको कार्यालय, २०७४*

## २.१३ मुख्य चाडपर्वहरु

परम्परागत संस्कृतिमा आधारित असारे गीत, तीज गीत, झ्याउरे भाका र दोहोरीगीत आदि यस नगरपालिकामा सर्वाधिक लोकप्रिय छन् । बैशाखी पूर्णिमा, बुद्ध पूर्णिमा, असार १५ मा दही चिउरा खाने, साउने संक्रान्ति, नागपञ्चमी, ऋषितर्पणी पूर्णिमा, बडा दशैं, तिहार, देउसी, माघे संक्रान्ति, फागु पूर्णिमा ( होली), रामनवमी, ठूलो एकादशी, नेवार समुदायको मोलिक पर्वहरु आदी विशेष महत्वका साथ जनमानसले मनाउने मुख्य पर्वहरु हुन् ।

## २.१४ संस्कृति, कला, भाषा र साहित्य

यस शारदा नगरपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरु बसोबास गर्दछन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरु छन् यहाँको भेषभूषा लाई हेर्दा महिलाले साडी, चोलो तथा पुरुषले धोती, कुर्ता, कमेज लगाउँछन् । क्षेत्री, बाहुन, कामी, दमाई आदि पुरुषले कमेज-सुरुवाल, दौरा-सुरुवाल लगाउँछन् भने महिलाहरुले चौबन्दी चोलो, लुङ्गी, कम्मरमा पटुकी बाँध्ने गर्दछन् । तर हाल आधुनिकताको प्रभावको समयमा सबै जातजातिका युवा, युवतीहरु क्रमशः पैन्ट, शर्ट, साडी ब्लाउज, कुर्ता-सलवार नै लगाउन रुचाउँछन् ।

# खण्ड ३ : जनसाङ्ख्खिक विवरण

## ३.१ जनसंख्याको विवरण


कुनैपनि स्थानको जनसंख्या, विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ। विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरुको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरुको अध्ययन र विश्लेषण हुनु आवश्यक हुन्छ। नेपालमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै नगरपालिकास्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ। यहाँ राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरुको विश्लेषण गरिएको छ।

**तालिका नं. ६ :** जनसंख्याको विवरण


| विवरण | वि.सं. २०६८ |
|---|---|
| जम्मा जनसंख्या | ३३७३० |
| पुरुष | १५६६१ (४६.४३) |
| महिला | १८०६९ (५३.५७) |
| लैंगिक दर (प्रति १०० महिलामा पुरुषको दर) | ८६.६७ |
| जम्मा घरधुरी | ७३९१ |
| औषत परिवार आकार | ४.५६ |
| ६ वर्ष र सोभन्दा माथिको साक्षरता दर | ७०.८८ |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | १७० |

*स्रोत:राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा शारदा नगरपालिकाको जनसंख्याको विवरण प्रस्तुत गरिएको छ। राष्ट्रिय जनगणना, २०६८ अनुसार शारदा नगरपालिकाको जनसंख्या ३३,७३० रहेको छ जस मध्ये पुरुष ४६.४३ प्रतिशत (१५,६६१ जना) र महिला ५३.५७ प्रतिशत (१८,०६९ जना) रहेका छन्। सोही अनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ८६.६७ रहेको छ। जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) १७० जना प्रति वर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकाको कुल जनसंख्यामा १५ देखि ५९ वर्ष उमेर समूहका ४४.२१ प्रतिशत, १४ वर्ष वा सो भन्दा कम उमेरका ३८.०९ प्रतिशत र ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका ६.६५ प्रतिशत रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार शारदा नगरपालिकामा ७,३९१ घरपरिवार रहेका छन्। यस नगरपालिकाको कुल जनसंख्या मध्ये २.१३ प्रतिशत (७१९ जना) अपाङ्गहरू छन्। जसमध्ये ३९९ जना पुरुष र ३२० जना महिला छन्। २०६८ सालको जनगणना अनुसार यस नगरपालिकामा प्रति परिवार औषत ४.५६ जना सदस्य रहेको देखिन्छ। नेपालको परिवारको औषत आकार ४.८८ रहेको छ। देशमा सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ।




**नक्सा नं ७:** शारदा नगरपालिकाको जनसंख्या




**नक्सा नं ८:** शारदा नगरपालिकाको लैङ्गिक अनुपात


## ३.२ वडागत क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

**तालिका नं. ७ :** वडागत क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

| वडा नं. | जम्मा क्षेत्रफल | औषत घरधुरी आकार | जम्मा घरधुरी संख्या | पुरुष | महिला | जम्मा जनसंख्या | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १ | १०.६४ | ४.१० | ९२० | १८२५ | १९५१ | ३,७७६ | ३५५ |
| २ | ७.४ | ३.६३ | ६६७ | १२०० | १२२० | २,४२० | ३२७ |
| ३ | ४.७८ | ४.१३ | ३५६ | ६८३ | ७८९ | १,४७२ | ३०८ |
| ४ | ८.०३ | ४.४२ | ३३४ | ६५७ | ८१८ | १,४७५ | १८४ |
| ५ | ७.०२ | ४.३९ | ४४२ | ८७२ | १०६९ | १,९४१ | २७६ |
| ६ | १६.२१ | ४.८२ | ५९५ | १३३४ | १५३६ | २,८७० | १७७ |
| ७ | १५.५४ | ५.२० | ४७० | ११२९ | १३१५ | २,४४४ | १५७ |
| ८ | ९.८३ | ४.६३ | ३९८ | ८७२ | ९७२ | १,८४४ | १८८ |
| ९ | २४.८७ | ५.३७ | ४३४ | ११२१ | १२०९ | २,३३० | ९४ |
| १० | १५.९३ | ४.६७ | ४१६ | ८८६ | १०५५ | १,९४१ | १२२ |
| ११ | १९.३४ | ४.२० | ४७६ | ९१० | १०९१ | २,००१ | १०३ |
| १२ | १४.०४ | ४.६८ | ४३४ | ८७६ | ११५४ | २,०३० | १४५ |
| १३ | १६.३१ | ५.४२ | ४६४ | ११८६ | १३२९ | २,५१५ | १५४ |
| १४ | ९.३४ | ४.८० | ४५३ | ९९८ | ११७८ | २,१७६ | २३३ |
| १५ | १९.०६ | ४.६९ | ५३२ | १११२ | १३८३ | २,४९५ | १३१ |
| जम्मा | १९८.३४ | ४.५६ | ७,३९१ | १५६६१ | १८०६९ | ३३७३० | १७० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

शारदा नगरपालिकाको वडागत जनसंख्याको तुलनात्मक विश्लेषण गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडा नं १ रहेको छ जसमा जम्मा जनसंख्या ३,७७६ (पुरुषको १८२५ जना र महिलाको १९५१ जना) रहेको छ। यस वडाको औषत परिवार आकार ४.१० र घरधुरी संख्या ९२० रहेको छ। त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडा नं. ३ रहेको छ जसको जनसंख्या १४७२ ( पुरुष ६८३ जना र महिलाको ७८९ जना) रहेको छ भने घरधुरी संख्या ३४६ र औसत परिवार संख्या ४.१३ रहेको छ। सबै भन्दा बढी जनघनत्व भएको वडा पनि वडा नं १ नै रहेको छ जसको जनघनत्व ३५५ व्यक्ति प्रति वर्ग कि.मी. रहेको छ भने वडा नं ९ को सबैभन्दा कम जनघनत्व ९४ व्यक्ति प्रति वर्ग कि.मी. रहेको छ। जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ भने तालिकालाई तल स्तम्भ चित्रमा देखाईएको छ।



## ३.३ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

कुनै पनि देशले विवाहका लागि कानूनमै न्युनतम उमेर तोकेको हुन्छ। उक्त उमेर नपुग्दै विवाह गरिन्छ भने त्यसलाई बालविवाहको रुपमा तथा कम उमेरमा गरेको विवाहका रुपमा लिने गरिन्छ। नेपालमा मुलुकी ऐनले वीस वर्ष नपुगि विवाहवारी गर्न नहुने कानूनी व्यवस्था रहेको छ। वर्तमान समयमा शिक्षाको प्रचार प्रसारका कारणले गर्दा व्यक्तिहरूमा विस्तारै चेतनामा अभिवृद्धि हुँदै आएको कारण बालविवाहको चलन घट्दै गइरहेको पाइन्छ। तापनि अझै केही स्थानहरुमा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको देखिन्छ। साथै पछिल्लो समयमा सूचना प्रविधि र सामाजिक सञ्जालको प्रभावको कारण आफुखुसी विवाह गरेका घटनाहरू पनि सुनिन्छ।

राष्ट्रिय जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षणका अनुसार बाल विवाह गर्ने क्रममा १५ देखि १९ वर्षका किशोरीको प्रतिशत तुलनात्मक रुपमा घट्दै गएको देखिन्छ। प्लान नेपाल लगायत अन्य संस्थाहरू मिलेर गरेको अध्ययन प्रतिवेदन सन् २०१२ अनुसार २६.७ प्रतिशत किशोरीहरू र ५.८ प्रतिशत किशोरहरूले बाल विवाह गरेको देखिन्छ। जुन २०६८ को जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षण भन्दा घट्दो क्रममा देखिन्छ। यस शारदा नगरपालिकाको वैवाहिक स्थितिको तल विश्लेषण गरिएको छ।

**तालिका नं. ८ :** १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण


| लिङ्ग | कहिल्यै विवाह नभएको | एक विवाह | बहु विवाह भएको | पुन: विवाह भएको | विधवा/विधुर | पारपाचुके भएको | छुट्टिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ४८६८ | ५९४३ | ३०४ | ३३४ | २०२ | १७ | ८ | ११६७६ |
| महिला | ४५६४ | ८४७७ | १०१ | २१० | ७३८ | १८ | २९ | १४१३७ |
| जम्मा | ९४३२ | १४४२० | ४०५ | ५४४ | ९४० | ३५ | ३७ | २५८१३ |
| प्रतिशत | ३६.५४ | ५५.८६ | १.५७ | २.११ | ३.६४ | ०.१४ | ०.१४ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा यस नगरपालिकाको १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका जनसंख्याको वैवाहिक स्थिति देखाइएको छ। जसमा १० वर्ष भन्दा माथिका कुल २५,८१३ जनसंख्यामा ९४३२ अर्थात ३६.५४ प्रतिशत कहिल्यै विवाह नभएका छन्। यस नगरपालिकामा कुल जनसंख्याको ६३.४६ प्रतिशत विवाहित छन्। १० वर्ष वा सो भन्दा माथिका जनसंख्यालाई आधार मानेर वैवाहिक स्थिति हेर्दा २५,८१३ मध्येमा १४,४२० जना (५५.८६ प्रतिशत) एक विवाह गर्नेको संख्या रहेको छ। त्यस्तै बहु विवाह गर्नेको संख्या ४०५ (१.५७ प्रतिशत), पुन: विवाह गर्नेको संख्या ५४४ (२.११ प्रतिशत), विधुवा/विधुरको संख्या ५४४ (२.११ प्रतिशत), पारपाचुके भएका संख्या ३५ (०.१४ प्रतिशत) र छुट्टिएका संख्या ३७ (०.१४ प्रतिशत) जना रहेका छन्।

नगरपालिकामा एक विवाह गर्ने महिलाको संख्या एक विवाह गर्ने पुरुषको भन्दा १७.५७ प्रतिशतले बढी रहेको छ भने बहु विवाह गर्ने पुरुषको संख्या ३०४ हुँदा बहु विवाह गर्ने महिलाको संख्या १०१ रहेको देखिन्छ जहाँ ५०.१२ प्रतिशतको अन्तर देखिन्छ भने विदुर पुरुषको संख्या २०२ र विधवा महिलाको संख्या ७३८ रहेको छ। यसले सामाजिक रुपमा महिला र पुरुषको वैवाहिक असमान स्थिति देखिन्छ यसको साथै नेपाली समाजमा रहेको पितृसत्तात्मक स्वरुप पनि देख्न सकिन्छ। जसको विवरणलाई तल बार ग्राफ बाट प्रस्तुत गरिएको छ।

लैङ्गिक आधारमा वैवाहिक स्थिति




## ३.४ पहिलो विवाह गर्दाको उमेरको विवरण


**तालिका नं. ९ :** पहिलो विवाह गर्दाको उमेरको विवरण

| लिङ्ग | १० वर्ष सम्ममा | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-५० वर्ष | ५० वर्ष माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ९ | १२९ | ३०१४ | २६०७ | ८१४ | १७१ | ४८ | १४ | ७ | २ | ६,८१५ |
| महिला | २६ | ९७० | ६८१९ | १५१४ | २०१ | ४० | ७ | ५ | ० | ३ | ९,५८५ |
| जम्मा | ३५ | १,०९९ | ९,८३३ | ४,१२१ | १,०१५ | २११ | ५५ | १९ | ७ | ५ | १६,४०० |
| प्रतिशत | ०.२१ | ६.७० | ५९.९६ | २५.१३ | ६.१९ | १.२९ | ०.३४ | ०.१२ | ०.०४ | ०.०३ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथि उल्लेखित तालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको पहिलो विवाह गर्दाको उमेरको विवरण देखाइएको छ। शारदा नगरपालिकामा १५ वर्षदेखि १९ वर्षसम्मको उमेर समूहमा विवाह गर्नेको संख्या ९८३३ अर्थात् सबैभन्दा बढी (५९.९६ प्रतिशत) देखिन्छ भने त्यसपछि २० वर्ष देखि २४ वर्षसम्मको उमेर समूहको संख्या ४,१२१ (२५.१३ प्रतिशत) देखिन्छ। तेस्रोमा १० देखि १४ वर्ष उमेरसमूहको संख्या १०९९ (६.७० प्रतिशत) रहेको छ भने १० बर्षसम्मका उमेरसमूहका बालबालिकाको पनि पहिलो विवाह गर्दाको जनसंख्या ३५ (०.२१ प्रतिशत) रहेको देखिन्छ । माथि तालिकाको विस्तृत विवरण तल स्तम्भ चित्र बाट अझ स्पष्ट गरिएको छ ।

पहिलो विवाह गर्दाको उमेर समूह



माथिको तालिका र स्तम्भलाई अध्ययन गर्दा यस नगरपालिकामा बाल विवाहको समस्या रहेको देखाउँछ। नेपालमा मुलुकी ऐन, ले विवाह गर्दा महिला र पुरुषको उमेर वीस वर्ष नपुगी विवाहवारी गर्न नहुने कानूनी व्यवस्था गरेको छ यद्यपि शारदा नगरपालिकामा ५९.९६ प्रतिशतले १५ वर्षदेखि १९ वर्षमा, ६.७० प्रतिशतले १० देखि १४ वर्षमा र १० वर्ष सम्मको पनि ०.२१ प्रतिशतले विवाह गरेको पाईयो जुन उपयुक्त उमेर अगावै हुनुको साथै नेपालको कानून विपरित मानिन्छ। गाउँमा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामा नै विवाह गरिदिने चलनको साथै पछिल्लो समय आफुखुसी उमेर अगावै विवाह गर्ने प्रवृत्ति रहेको देखिन्छ जसलाई समाधान गर्न सरकार र सरोकारवालाहरुले उचित शिक्षा तथा चेतनामूलक कार्यक्रमको प्रचार प्रसार गरी रोक्नु पर्ने देखिन्छ।

## ३.५ उमेर समूहअनुसार जनसख्याको विवरण

तालिका नं. १० : उमेर समूहअनुसार जनसंख्याको विवरण


| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| ०-४ | १७२३ | १६५६ | ३३७९ | १०.०२ | १.०४ |
| ५-९ | २२६२ | २२७६ | ४५३८ | १३.४५ | ०.९९ |
| १०-१४ | २४७३ | २४५७ | ४९३० | १४.६२ | १.०१ |
| १५-१९ | १८४९ | २१६१ | ४०१० | ११.८९ | ०.८६ |
| २०-२४ | ११०२ | १७४५ | २८४७ | ८.४४ | ०.६३ |
| २५-२९ | ८७५ | १५०२ | २३७७ | ७.०५ | ०.५८ |
| ३०-३४ | ८०७ | ११८१ | १९८८ | ५.८९ | ०.६८ |
| ३५-३९ | ८८४ | ११३६ | २०२० | ५.९९ | ०.७८ |
| ४०-४४ | ७८३ | ८८७ | १६७० | ४.९५ | ०.८८ |
| ४५-४९ | ६८० | ७४५ | १४२५ | ४.२२ | ०.९१ |
| ५०-५४ | ६२५ | ६०६ | १२३१ | ३.६५ | १.०३ |
| ५५-५९ | ५२४ | ५४८ | १०७२ | ३.१८ | ०.९६ |
| ६०-६४ | ४२१ | ४८२ | ९०३ | २.६८ | ०.८७ |
| ६५-६९ | ३०५ | ३३२ | ६३७ | १.८९ | ०.९२ |
| ७०-७४ | १९५ | १९३ | ३८८ | १.१५ | १.०१ |
| ७५-७९ | ९७ | ९७ | १९४ | ०.५८ | १.०० |
| ८०-८४ | ४३ | ४२ | ८५ | ०.२५ | १.०२ |
| ८५-८९ | ११ | १५ | २६ | ०.०८ | ०.७३ |
| ९०-९४ | १ | ५ | ६ | ०.०२ | ०.२० |
| ९५+ | १ | ३ | ४ | ०.०१ | ०.३३ |
| जम्मा | १५६६१ | १८०६९ | ३३७३० | १०० | ०.८७ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

यस नगरपालिकामा २०६८ को जनगणना अनुसार, ०-१४ वर्ष उमेर समूहको संख्या १२,८४७ (३८.०९ प्रतिशत) रहेको छ, १५-४५ वर्ष उमेर समूहको जनसंख्या १४,९१२ (४४.२१ प्रतिशत) छ, काम गर्ने उमेरसमूह १५ देखि ५९ वर्षसम्मको जनसंख्या १५,५६५ (५४.५८ प्रतिशत) रहेको छ भने लैङ्गिक आधारमा हेर्दा काम गर्ने उमेर समूह अर्थात सक्रिय जनसंख्यामा पुरुषको १५,६६१ (४६.४३ प्रतिशत) र महिलाको जनसंख्या

१८,०६९ (५३.५७ प्रतिशत) रहेको देखिन्छ। ६० वर्ष भन्दामाथि उमेर समूहको संख्या २२४३ (६.६५ प्रतिशत) रहेको छ। तथ्याङ्कले गाउँपालिकमा मानव स्रोतको राम्रो सम्भावना रहेको तथ्यलाई देखाउँछ। साथै बालबालिकाको संख्या पनि उच्च हुनुले आउँदा दिनहरुमा पनि यस नगरपालिकामा मानव स्रोतको कमी नहुने देखाउँछ । जसलाई विस्तृतरुपमा बुझ्न तल पिरामिड चित्रमा देखाइएको छ।

उमेर समूहअनुसार जनसंख्याको विवरण




## ३.६ जातजाती समूहअनुसार जनसंख्याको विवरण

**तालिका नं. ११ :** शारदा नगरपालिकाको जनसंख्या र जातको विवरण

| क्र.सं. | जातजाति | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | क्षेत्री | २११२७ | ६२.६४ |
| २ | सन्यासी/दशामी | २७६१ | ८.१९ |
| ३ | कामी | २५८६ | ७.६७ |
| ४ | मगर | १९७५ | ५.८६ |
| ५ | सार्की | १०६७ | ३.१६ |
| ६ | नेवार | १०४७ | ३.१० |
| ७ | ब्राम्हण (पहाडी) | १००३ | २.९७ |
| ८ | ठकुरी | ९७० | २.८८ |
| ९ | दमाई/ढोली | ५७५ | १.७० |
| १० | आदिवासी/जनजाती अन्य | २१८ | ०.६५ |
| ११ | दलित अन्य | २४८ | ०.७४ |
| १२ | अन्य | १५३ | ०.४५ |
| | जम्मा | ३३७३० | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

नगरपालिकामा सामाजिक संरचनाको दृष्टीकोणबाट विविधता रहेको पाइन्छ। नगरपालिकाको सामाजिक संरचना हेर्दा बहुभाषिक, बहुधार्मिक र बहुजातिय संरचना रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार शारदा नगरपालिकामा कुल १२ भन्दा बढी किसिमका जातजातिको बसोबास रहेको छ। यस नगरपालिकामा विभिन्न जातजाति, समूह अनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी जाति क्षेत्री २१,१२७ जना (६२.६४ प्रतिशत), दोस्रोमा सन्यासी दशनामी २,७६१ (८.१९ प्रतिशत) र तेस्रोमा कामी २,५८६ (७.६७%) रहेको छ। त्यसैगरी मगर १,९७५ (५.८६ प्रतिशत), सार्की १,०६७ (३.१६ प्रतिशत), नेवार १०४७ (३.१० प्रतिशत) रहेका छन् भने ब्राह्मण पहाडी १००३ (२.९७ प्रतिशत) रहेका छन्। त्यसैगरी नगरमा ठकुरी, दमाइ/ढोली, आदिवास जनजाति अन्य र दलित अन्य लगायतका जातजातिको बसोबास रहेको छ जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ।




## ३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण

**तालिका नं. १२ :** मातृभाषा अनुसार जनसंख्याको विवरण

| क.सं. | भाषा | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | ३३४१४ | ९९.०६ |
| २ | नेवार | १५६ | ०.४६२ |
| ३ | अन्य | ६२ | ०.१८४ |
| ४ | उल्लेख नगरिएको | ९८ | ०.२९१ |
| | जम्मा | ३३७३० | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

नेपाल एक बहु-भाषीक र बहु-साँस्कृतीक विविधतायुक्त राष्ट्र हो । यस नगरपालिकामा पनि भाषीक विविधता रहेको देखिन्छ । मातृभाषा अनुसार जनसंख्याको तुलनात्मक अध्ययन गर्दा यस नगरपालिकामा नेपाली भाषा बोल्नेहरुको संख्या सबैभन्दा बढी अर्थात ३३,४१४ (९९.०६ प्रतिशत) रहेको देखिन्छ । यस नगरपालिकामा नेवारी भाषा बोल्नेहरुको संख्या १५६ (०.४६ प्रतिशत) छ भने अन्य भाषा बोल्नेको संख्या ६२ (०.१८ प्रतिशत) रहेको छ । सबै आ-आफ्ना मातृभाषा बोल्नेहरूले समेत सरकारी भाषाको रुपमा नेपाली भाषालाई राम्ररी बोल्ने र बुझ्ने गरेको देखिन्छ। जसको विस्तृत विवरण तल उल्लेख गरीएको छ ।



### (क) आदिवासी

आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार आदिवासी जनजाती भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएका ५८ जाति वा समुदायलाई बुझिन्छ ।

यस नगरपालिकाको कुल जनसंख्या ३३,७३० मध्ये ९.६० प्रतिशत (३२४० जना) जनसंख्या आदिवासी ( मगर, नेवार, अन्य) रहेका छन् । जसमा सबैभन्दा बढी तामाङ्ग जातिको संख्या १९७५ (५.८६ प्रतिशत) रहेको पाइन्छ। मुख्यत: कृषि पेशामा संलग्न यी समुदायमा साक्षरता प्रतिशत तुलनात्मक रुपमा न्यून रहेको छ। एकातर्फ बाल विवाह, बच्चा जन्मनु पूर्व नै मगनी गर्ने विवाह, गुरुवा (धामी, झाँक्री) प्रथा जस्ता सामाजिक कुप्रथाहरू आंशिक रुपमा भएपनि कायमै रहेको पाइन्छ भने अर्कातर्फ यी जनजातीहरुले आधुनिकताको प्रभावको बीच आफ्नो मौलिक संस्कृतिलाई बचाई राखेको पाइन्छ। यी समुदायद्वारा शारदा नगरपालिकाको मौलिक संस्कृतिलाई जिवन्त राख्न सहयोग पुगेको छ। यस समुदायबाट जनप्रतिनिधिको रुपमा हाल राष्ट्रको निर्णायक तहहरुमा केहि सहभागिता देखिएको छ। आदिवासी समुदाय सामाजिक, राजनैतिक र आर्थिक विकासको दृष्टिकोणले समेत तुलनात्मक रुपमा केही पछाडी परेको देखिन्छ। शारदा नगरपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष पहल गर्नु पर्ने अवस्था देखिन्छ।

### (ख) उत्पीडित तथा सिमान्तकृत समुदाय

नेपालको संविधानको भाग ३४ अन्तर्गत धारा ३०६ को (ड) मा सीमान्तकृत समुदाय भन्नाले राजनैतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्दछ भनि उल्लेख गरेको छ ।

जातजातिको हिसावले शारदा नगरपालिकामा तेस्रो ठुलो समुदायको रुपमा रहेका उत्पीडितहरूले लगभग १३.२७ प्रतिशत हिस्सा ओगटेको छ। सामाजिक विभेदका रुपमा छुवाछुत जस्तो अमानवीय भेदभाव भोगिरहेको यो समुदायले राजनितिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको सिकार हुनु परेको छ। यस समुदायका आधारभूत तथा माध्यामिक तहमा अध्ययनरत छात्रछात्राहरूको संख्या तुलनात्मक रुपमा कम रहेको छ। परम्परागत शिल्पको धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन नसकेको पाइन्छ। मुलुकी ऐन २०२० को कानुनी व्यवस्था अन्तर्गत जातिय छुवाछुतलाई कानुनी अपराधको रुपमा परिभाषित गरिएको ५ दशक भन्दा बढी भएपनि उत्पीडित र उपेक्षित समुदायले अद्यापि संघर्ष गर्नुपर्ने अवस्था कायमै रहेको छ। निजामती सेवा ऐन २०४९ ले सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्युन छ। निजामती सेवा ऐन २०४९, शिक्षक सेवा ऐन, -प्रहरी ऐन, सार्वजनिक संस्थान सम्म यी ऐनहरु तथा अन्य क्षेत्रगत ऐनहरुले तोकिएका जनजाति र क्षेत्रका समुहलाई प्रदान गरेको सकरात्मक विभेदको नीति अनुरुप सरकारी र गैरसरकारी क्षेत्रमा प्रतिनिधित्व बढ्ने क्रममा छ । यद्यपि तल्लो तहका समुहको विकास जननिर्वाचित सरकारको दायित्व भएको छ । सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्यून छ ।

छुवाछुत तथा भेदभाव विरुद्धको हकलाई मौलिक हक र (१) राष्ट्रिय दलित आयोग (२) राष्ट्रिय समावेशी आयोग (३) आदिवासी जनजाति आयोग जस्ता संवैधानिक निकायको रुपमा स्थापना गरिसकेको भएतापनि

आदिवासी, जनजाति, दलित, उपेक्षित, अत्पिडित र अल्पसंख्यक जनसंख्याको अपेक्षाकृत विकास गर्न राज्य निर्देशित ठोस् प्रयासहरुको आवश्यकता रहेको छ ।

## ३.८ धर्मअनुसार जनसंख्याको विवरण

नेपालमा धार्मिक स्वतन्त्रता र विविधता रहेको छ अझै विधिवतरुपमा नेपालको अन्तरिम संविधान २०६३, ले मिति २०६३ जेठ ४ पुर्नस्थापित संसदको ऐतिहासिक घोषणाले नेपाललाई एक धर्म निरपेक्ष राष्ट्रको रुपमा घोषणा गरेको छ । त्यस्तै नेपालको संविधान २०७२ को प्रस्तावनामा नेपाललाई एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्ने उल्लेख गरिएको छ । फलस्वरुप नेपालमा धार्मिक स्वतन्त्रता र सौहार्दता रहेको पाईन्छ ।

धर्म अनुसार जनसंख्याको वितरणलाई अध्ययन गर्दा यस नगरपालिकाका अधिकांश मानिसहरूले सनातन हिन्दु धर्मलाई अपनाएको देखिन्छ। अन्य समुदायको भने आफ्नै भाषा, रहनसहन, भेषभुषा एवं परम्परा र संस्कार रहेको पाईन्छ । पहाडी समुदायमा वेदमूलक आर्य-संस्कृतिका विधि-विधान र धर्म शास्त्र जस्तै रामायण, महाभारत, पूराण आदि ग्रन्थहरूको आधार मानी ती बिषयवस्तुहरूलाई लोकभाषा, लोकलय, लोकधुन, र लोकशैलीमा ढालेर लोकजीवनको सेरोफेरोसंग तादात्म्य मिलाई आफ्नोपन झल्काउने गरी दोहोरी, लोकगीत आदिको रुपमा विभिन्न विशिष्ट अवसरहरूमा प्रस्तुत गरिन्छ। नगरपालिकामा विभिन्न समुदायका मानिसहरुको बसोबास रहेको हुनाले उनीहरुका आआफ्नै चाडपर्वहरु छन्। जस्तै हिन्दूधर्मावलम्बीहरुले बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, होली, चैते दशैं, साउने-माघे संक्रान्ति, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष सोह्रश्राद्ध, कूल-थानी पूजाआदि चाडपर्वहरु मनाउने गर्दछन् । बौद्ध धर्मावलम्बीहरुले बुद्धजयन्ती तथा विभिन्न ल्होसार पर्व, तिहार आदि मनाउने गर्दछन । क्रिश्चियनहरुले क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, भ्यालेनटाईने डे आदि मनाउने गर्दछन् ।


**तालिका नं. १३ :** धर्मअनुसार जनसंख्याको विवरण

| हिन्दु | बौद्ध | इस्लाम | क्रिश्चियन | बहाई | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| ३३०० | ३ | ४९ | ५८२ | १ | ९५ | ३३७३० |
| ९७.८४ | ०.०१ | ०.१५ | १.७३ | ०.०० | ०.२८ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा शारदा नगरपालिकाको धर्मअनुसार जनसंख्याको तथ्यांकलाई देखाइएको छ । धार्मिक दृष्टिकोणले हेर्दा यस नगरपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू रहेका छन्। पछिल्लो जनगणना अनुसार यहाँको कुल जनसंख्या ३३७३० जनामा ९७.८४ प्रतिशत (३३०० जना) सबै भन्दा बढी हिन्दु धर्मावलम्बीहरु

रहेका छन् । त्यसैगरी क्रिश्चियन धर्म मान्नेको संख्या १.७३ प्रतिशत (५८२ जना), इस्लाम धर्म मान्नेको संख्या ०.०१ प्रतिशत (४९ जना) रहेका छन् । नगरमा केही मात्रामा बौद्ध, बहाइ धर्म मान्नेहरुको संख्या देखिन्छ भने ०.२८ प्रतिशतको धर्म उल्लेख नभएको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरीएको छ ।




## ३.९ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण


**तालिका नं. १४ :** परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

| वडा नं. | निजी | भाडा | संस्थागत | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | ६८२ | २३८ | ० | ० | ९२० |
| २ | ४४२ | १४० | ८३ | २ | ६६७ |
| ३ | २९७ | ४७ | ६ | ६ | ३५६ |
| ४ | ३१८ | १० | ० | ६ | ३३४ |
| ५ | ४२५ | १७ | ० | ० | ४४२ |
| ६ | ५६० | ३० | २ | ३ | ५९५ |
| ७ | ४५७ | १२ | ० | १ | ४७० |
| ८ | ३८४ | ५ | ० | ९ | ३९८ |
| ९ | ४३१ | २ | ० | १ | ४३४ |
| १० | ४१५ | ० | ० | १ | ४१६ |
| ११ | ४७१ | ५ | ० | ० | ४७६ |
| १२ | ४२९ | २ | ० | ३ | ४३४ |
| १३ | ४५२ | १२ | ० | ० | ४६४ |
| १४ | ४४३ | ५ | ० | ५ | ४५३ |
| १५ | ५३० | २ | ० | ० | ५३२ |
| जम्मा | ६,७३६ | ५२७ | ९१ | ३७ | ७,३९१ |
| प्रतिशत | ९१.१४ | ७.१३ | १.२३ | ०.५० | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा शारदा नगरपालिकामा परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण देखाइएको छ। यस नगरपालिकामा जम्मा ७,३२१ घरधुरीहरु मध्ये आफ्नो स्वामित्वमा रहेको घरधुरी संख्या ६,७३६ ( ९१.१४ प्रतिशत), भाडामा बस्ने घरधुरी संख्या ५२७ (७.१३) प्रतिशत रहेको देखिन्छ । त्यस्तै संस्थागत घरधुरी

९१ (१.२३ प्रतिशत) र अन्य घरधुरीको संख्या ३७ (०.५० प्रतिशत) रहेका छन्। त्यस्तै परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरणलाई वडागत रुपमा तुलना गर्दा समग्र सबै वडाहरुमा निजी स्वामित्वको घरहरु धेरै देखिन्छ। यसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ।




## ३.१० घरमूलीको लैङ्गिक विवरण


चौधौं योजनामा उल्लेख भए अनुसार महिला घरमूली २५.७ प्रतिशत, सम्पतिमाथि महिलाको स्वामित्व २६ प्रतिशत, महिला साक्षरता दर ५७.४ प्रतिशत र श्रम सहभागिता दर ५४ प्रतिशत रहेको छ। यसै तथ्यांकलाई आधार मानी स्थानिय सरकारको रुपमा गठित यस शारदा नगरपालिको घरमूलीको विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. १५ :** घरमुलीको लैङ्गिक विवरण

| वडा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | ६९३ | २२७ | ९२० |
| २ | ५०१ | १६६ | ६६७ |
| ३ | २५६ | १०० | ३५६ |
| ४ | २३५ | ९९ | ३३४ |
| ५ | २९९ | १४३ | ४४२ |
| ६ | ३९६ | १९९ | ५९५ |
| ७ | ३३९ | १३१ | ४७० |
| ८ | ३२२ | ७६ | ३९८ |
| ९ | ३५१ | ८३ | ४३४ |
| १० | ३०४ | ११२ | ४१६ |
| ११ | ३२६ | १५० | ४७६ |
| १२ | २७९ | १५५ | ४३४ |
| १३ | ३२९ | १३५ | ४६४ |
| १४ | २७० | १८३ | ४५३ |
| १५ | २७४ | २५८ | ५३२ |
| जम्मा | ५१७४ | २२१७ | ७३९१ |
| प्रतिशत | ७०.०० | ३०.०० | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

वि.सं. २०६८ सालको केन्द्रीय तथ्यांक विभागको नतिजा अनुसार जम्मा ७,३२१ घरधुरी संख्या रहेको यस नगरपालिकामा ७० प्रतिशत घरमा पुरुषहरु नै घरमुली भएर घरको मुख्य जिम्मेवारी लिइएको देखिन्छ भने सानो हिस्सामा करिब एक तिहाइ भन्दा कम अर्थात ३० प्रतिशत महिलाहरु घरमुली भई घरको मुख्य जिम्मेवारी लिइएको देखिन्छ। शारदा नगरपालिकाको वडागतरुपमा लैङ्गिक आधारमा घरधुरीको तुलना गर्दा वडा नं. १५ मा सबै भन्दा बढी २५८ महिला घरमुली रहेको देखिन्छ भने वडा नं. ८ मा सबैभन्दा कम ७६ महिला घरमुली रहेको देखिन्छ। यो अवस्था समग्र देशको अवस्थासंग मिल्दोजुल्दो नै देखिन्छ। लैङ्गिक आधारमा घरमुलीको संख्या पुरुष र महिलाको बीचमा ठूलो अन्तर देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।





## ३.११ महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

**तालिका नं. १६ :** महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

| वडा नं. | भएको | नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | १३७ | ७६७ | १६ | ९२० |
| २ | ७२ | ५४४ | ५१ | ६६७ |
| ३ | ५९ | २९० | ७ | ३५६ |
| ४ | ७९ | २५५ | ० | ३३४ |
| ५ | ५३ | ३८२ | ७ | ४४२ |
| ६ | ६८ | ५०८ | १९ | ५९५ |
| ७ | १९ | ४४० | ११ | ४७० |
| ८ | ४७ | ३५० | १ | ३९८ |
| ९ | ५ | ४२७ | २ | ४३४ |
| १० | २८ | ३८७ | १ | ४१६ |
| ११ | ३४ | ४४१ | १ | ४७६ |
| १२ | ४३ | ३९१ | ० | ४३४ |
| १३ | ३८ | ४२६ | ० | ४६४ |
| १४ | १०० | ३४१ | १२ | ४५३ |
| १५ | ७५ | ४५७ | ० | ५३२ |
| जम्मा | ८५७ | ६,४०६ | १२८ | ७,३९१ |
| प्रतिशत | ११.६० | ८६.६७ | १.७३ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा शारदा नगरपालिकामा महिलाका नाममा भएको घरको स्वामित्वको विवरण देखाइएको छ। जसमा महिलाको स्वामित्वमा नभएको घरधुरी संख्या ८५७ (११.६० प्रतिशत) र स्वामित्व भएको घरधुरी संख्या ६,४०६ (८६.६७ प्रतिशत) रहेको छ भने उल्लेख नगरिएको घरधुरी संख्या १२८ (१.७३ प्रतिशत) रहेको छ। अझै पनि महिलाको घरमा स्वामित्व नगन्य छ जबकी जनसंख्याको हिसाबमा ७.१४ प्रतिशत महिलाको संख्या बढी छ। शारदा नगरपालिकाको यो तथ्याकंले लैङ्गिक असमानताको अवस्थालाई देखाउँछ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




शारदा नगरपालिकाको माथिको विवरणले आजको समयमा पनि लैङ्गिक असमानताको स्थिति चित्रण गर्दछ। घरमा महिलाको स्वामित्व पुरुषको तुलनामा अत्यन्तै कम रहेको देखिन्छ। यस्तो खालको अन्तरलाई कम गर्न नगरपालिकाले विशेष खालका कार्यक्रमहरु गर्नुपर्ने तथा जनचेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ।


## ३.१२ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण

**तालिका नं. १७ :** महिलाको नाममा भएको जग्गाको स्वामित्वको विवरण

| वडा नं. | भएको | नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | २१८ | ६८६ | १६ | ९२० |
| २ | ९६ | ५२० | ५१ | ६६७ |
| ३ | ९६ | २५३ | ७ | ३५६ |
| ४ | १२७ | २०७ | ० | ३३४ |
| ५ | ८८ | ३४७ | ७ | ४४२ |
| ६ | १०५ | ४७१ | १९ | ५९५ |
| ७ | ३८ | ४२१ | ११ | ४७० |
| ८ | ८७ | ३१० | १ | ३९८ |
| ९ | १८ | ४१४ | २ | ४३४ |
| १० | ३२ | ३८३ | १ | ४१६ |
| ११ | ७३ | ४०२ | १ | ४७६ |
| १२ | १२६ | ३०८ | ० | ४३४ |
| १३ | ७३ | ३९१ | ० | ४६४ |
| १४ | १७४ | २६७ | १२ | ४५३ |
| १५ | ११६ | ४१६ | ० | ५३२ |
| जम्मा | १,४६७ | ५,७९६ | १२८ | ७,३९१ |
| प्रतिशत | १९.८५ | ७८.४२ | १.७३ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

यस शारदा नगरपालिकामा जग्गामा महिलाको स्वामित्व भएको विवरण अनुसार जग्गामा स्वामित्व भएको महिलाको घरधुरी संख्या १,४६७ (१९.८५ प्रतिशत) र जग्गामा स्वामित्व नभएको महिलाको घरधुरी संख्या ५,७९६ (७८.४२ प्रतिशत) रहेको छ। विवरणले घरमा महिलाको स्वामित्व भन्दा जमिनमा केही बढी देखिन्छ।




माथिको विवरण र स्तम्भलाई अध्ययन गर्दा जमिनमा महिलाको स्वामीत्वमा समानता कायम गर्न नेपाल सरकारले भूमि सम्बन्धी कारोबार गर्दा महिलाको नाममा केही छुट दिएको छ यसले जमिनको स्वामित्वमा केही परिवर्तन भएको देखिन्छ। घरमा महिलाको स्वामित्व ११.६० प्रतिशत रहेकोमा जमिनमा महिलाको स्वामित्व १९.८५ प्रतिशत रहेको छ यसको प्रमुख कारण सरकारले जमिन सम्बन्धी लागू गरेको नीति हो। यद्यपि लैङ्गिक आधारमा जग्गाको स्वामित्व पुरुषको तुलनामा महिलाको अत्यन्त कम देखिन्छ। यस ठुलो अन्तरलाई कम गर्न विशेष खालका महिला केन्द्रित कार्यक्रमहरु ल्याउनु पर्ने देखिन्छ।


## ३.१३ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण

**तालिका नं. १८ :** बाहिरी गारोका आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईंटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईंटा/ढुङ्गा | काठ/फल याक | बाँसजन्य सामग्री | काँचो ईंटा | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ६०३ | २९० | ७ | ७ | २ | १ | १० | ९२० |
| २ | ४३१ | १९१ | ० | ० | ० | १ | ४४ | ६६७ |
| ३ | ३३२ | १९ | १ | २ | ० | ० | २ | ३५६ |
| ४ | ३२१ | ६ | ० | ० | ० | ० | ७ | ३३४ |
| ५ | ४२० | ३ | १ | १ | ० | ० | १७ | ४४२ |
| ६ | ४९७ | ५४ | ४ | २ | ० | १ | ३७ | ५९५ |
| ७ | ४५८ | ३ | ० | ० | ० | ० | ९ | ४७० |
| ८ | ३८३ | ७ | ७ | ० | ० | ० | १ | ३९८ |
| ९ | ४२३ | ० | ० | ० | ० | १ | १० | ४३४ |
| १० | ३९३ | १९ | ० | ० | ० | ० | ४ | ४१६ |
| ११ | ४७० | १ | ० | ० | ० | ० | ५ | ४७६ |
| १२ | ४१६ | १४ | २ | १ | ० | ० | १ | ४३४ |
| १३ | ४२६ | २३ | २ | ० | ० | ० | १३ | ४६४ |
| १४ | ४२० | ३२ | ० | ० | ० | ० | १ | ४५३ |
| १५ | ४७१ | ५९ | ० | १ | ० | ० | १ | ५३२ |
| जम्मा | ६,४६४ | ७२१ | २४ | १४ | २ | ४ | १६२ | ७,३९१ |
| प्रतिशत | ८७.४६ | ९.७६ | ०.३२ | ०.१९ | ०.०३ | ०.०५ | २.१९ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तथ्यांकलाई हेर्दा यस शारदा नगरपालिकामा परिवारले प्रयोग गरेको घरको बाहिरी गारोको आधारमा माटोको जोडाइ ईँटा तथा ढुंगाबाट बनेका गारोको सबैभन्दा धेरै घरधुरी संख्या ६,४६४ (८७.४६ प्रतिशत) छ भने सबैभन्दा कम काँचो इट्टाबाट बनेका गारो भएको घरधुरी संख्या २ (०.०३ प्रतिशत) रहेको छ । यसैगरी सिमेन्टको जोडाई भएको ईटा ढुङ्गाबाट बनेको गारोको घरधुरी संख्या ७२१ (९.७६ प्रतिशत), काठ फल्याकबाट बनेको घरधुरी संख्या २४ (०.३२ प्रतिशत) बाँसजन्य सामाग्रीबाट बनेको घरधुरी संख्या १४ (०.१९ प्रतिशत) रहेको छ भने उल्लेख नगरिएको १६२ (२.१९ प्रतिशत) घरधुरी संख्या रहेको देखिन्छ । त्यस्तै वडागत रुपमा घरको बाहिरी गारोको आधारमा हेर्ने हो भने सबैभन्दा बढी माटोको जोडाई भएको ईँटा तथा ढुङ्गाबाट बनेको बाहिरी गारो भएको घरधुरी संख्या ६०३ वडा नं. १ मा रहेको देखिन्छ भने सबैभन्दा कम घरधुरी संख्या ३२१ वडा नं ४ मा रहेको देखिन्छ । जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरीएको छ ।



बाहिरी गारोको आधारमा घरको विवरण


## ३.१४ छानाको आधारमा घरको बनोटको विवरण

**तालिका नं. १९ :** छानाको आधारमा घरको बनोटको विवरण

| वडा नं. | खर/पराल/छ्वाली | जस्ता/टिन/च्यादर | टायल/खपडा/झिँगटी/ढुङ्गा | सिमेन्ट/ढलान | काठ/फल्याक | माटो | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १२१ | ५३९ | ९ | २३७ | १ | १ | १ | ११ | ९२० |
| २ | ९० | २१३ | १८६ | १२७ | ० | ६ | ० | ४५ | ६६७ |
| ३ | ५९ | ७९ | १७८ | ३७ | ० | १ | ० | २ | ३५६ |
| ४ | ९१ | ३८ | १८३ | १४ | १ | ६ | ० | १ | ३३४ |
| ५ | १९८ | ६५ | १४६ | ६ | २ | १९ | ० | ६ | ४४२ |
| ६ | २८८ | १७५ | ८६ | १४ | २ | ० | ० | ३० | ५९५ |
| ७ | २५४ | १९५ | १२ | ० | ० | २ | ० | ७ | ४७० |
| ८ | १८५ | २७ | १५६ | २ | ० | २७ | ० | १ | ३९८ |
| ९ | ३५३ | ५० | १३ | ० | ० | ६ | २ | १० | ४३४ |
| १० | २४५ | ६२ | ६६ | ४ | ० | ३६ | ० | ३ | ४१६ |
| ११ | २९० | ८४ | ७२ | ० | ० | १८ | ८ | ४ | ४७६ |
| १२ | २२१ | २०१ | ८ | १ | ० | १ | १ | १ | ४३४ |
| १३ | ३२० | १०७ | २४ | ० | ० | ० | ० | १३ | ४६४ |
| १४ | २१९ | १९० | ३७ | ० | ० | ७ | ० | ० | ४५३ |
| १५ | २७४ | २३८ | १७ | ० | ० | ३ | ० | ० | ५३२ |
| जम्मा | ३,२०८ | २,२६३ | १,१९३ | ४४२ | ६ | १३३ | १२ | १३४ | ७,३९१ |
| प्रतिशत | ४३.४० | ३०.६२ | १६.१४ | ५.९८ | ०.०८ | १.८० | ०.१६ | १.८१ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

यस शारदा नगरपालिकामा भएका घरधुरीहरुलाई छानाको बनोटको आधारमा छुट्याउँदा सबै भन्दा धेरै खर/पराल/छ्वालीको छाना भएको घरधुरी ३,२०८ (४३.४० प्रतिशत), दोश्रोमा जस्ता, टिन, च्यादरको छाना रहेको घर धुरी संख्या २,२६३ (३०.६२ प्रतिशत), टायल, खपटा, झिंगटी तथा ढुङ्गाको छाना भएको घरधुरी ११९३ (१६.१४ प्रतिशत) रहेका छन् । त्यसैगरी सिमेन्ट ढलान भएको घरधुरी संख्या ४४२ (५.९८ प्रतिशत), माटोको १३३ (१.८० प्रतिशत) र सबैभन्दा थोरै काठ तथा फ्ल्याक भएको घरधुरी ६ ( ०.०८ प्रतिशत) रहेको छ जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ ।





## ३.१५ जगको आधारमा घरको बनोटको विवरण

**तालिका नं. २० :** जगको आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईंटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईंटा/ढुङ्गा | ढलान पिल्लरसहितको | काठको खम्बा गाडेको | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ६२९ | १४१ | १२९ | ११ | ० | १० | ९२० |
| २ | ५३५ | ४६ | ४१ | ० | १ | ४४ | ६६७ |
| ३ | ३३५ | १८ | ० | १ | ० | २ | ३५६ |
| ४ | ३२० | ० | ८ | ५ | ० | १ | ३३४ |
| ५ | ४२२ | ३ | ० | २ | ० | १५ | ४४२ |
| ६ | ५२४ | २९ | २ | ७ | १ | ३२ | ५९५ |
| ७ | ४६२ | १ | ० | ० | ० | ७ | ४७० |
| ८ | ३९५ | १ | १ | ० | ० | १ | ३९८ |
| ९ | ४२३ | ० | ० | ० | १ | १० | ४३४ |
| १० | ४१३ | ० | ० | ० | ० | ३ | ४१६ |
| ११ | ४७२ | ० | ० | ० | ० | ४ | ४७६ |
| १२ | ४३१ | ० | ० | २ | ० | १ | ४३४ |
| १३ | ४४९ | १ | ० | १ | ० | १३ | ४६४ |
| १४ | ४५२ | ० | ० | ० | ० | १ | ४५३ |
| १५ | ५२८ | २ | ० | १ | ० | १ | ५३२ |
| जम्मा | ६,७९० | २४२ | १८१ | ३० | ३ | १४५ | ७,३९१ |
| प्रतिशत | ९१.८७ | ३.२७ | २.४५ | ०.४१ | ०.०४ | १.९६ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

माथिको तालिकामा शारदा नगरपालिकामा रहेका घरको जगमा प्रयोग भएको सामाग्री के कस्ता छन् भन्ने विवरण प्रस्तुत भएको छ। शारदा नगरपालिकामा घरको जगको बनावट हेर्दा माटोको जोडाई भएको ईटा ढुङ्गाको जग भएको घर धुरी ६,७९० (९१.८७ प्रतिशत) सबैभन्दा बढी रहेको छ भने काठको खम्बा गाडेको जग भएका घरधुरी संख्या सबैभन्दा कम अर्थात् ३० (०.४१ प्रतिशत) छन्। सिमेन्टको जोडाइ भएको इँटा तथा ढुंगाको जग भएका घरधुरी २४२ (३.२७ प्रतिशत) र ढलान पिल्लरसहितको जग भएको घरको संख्या १८१ (२.४५ प्रतिशत) रहेको छ। अन्य तथा उल्लेख नभएको विवरण तालिकामा प्रस्तुत गरीएको छ।




## (क) घर निर्माणका किसिमहरु

शारदा नगरपालिका भित्र रहेका घरको स्वरुपलाई हेर्दा जग र बाहिरी गाह्रोमा सबैभन्दा बढि माटोको जोडाई भएको ईट्टा/ढुङ्गाको घर रहेको देखिन्छ भने छानामा खर/पराल/छ्वाली र जस्ता/टिन/च्यादर भएको घर बढि रहेको देखिन्छ।

## (ख) भवन संवेदनशीलता

अवैज्ञानिक तथा परम्परागत ढंगले बनेका घरहरुको वस्ती विस्तारले विकासोन्मुख राष्ट्रहरुमा भूकम्पीय जोखिमको संवेदनशलितामा वृद्धि गरेको छ। निश्चित स्तरको जमिन कम्पन गहनता सिर्जना भएको अवस्थामा तोकिएको स्तरको संरचनागत क्षतिलाई कुनै वस्तुले धान्न सक्ने सम्भावनालाई उक्त वस्तुको संवेदनशीलताका रुपमा परिभाषित गरिएको छ। भवन, अत्यावश्यक सुविधाहरु, लाइफलाइन आदिको उपलब्धताका आधारमा

संवेदनशीलता विश्लेषण गर्न सकिन्छ र संवेदनशीलता मूल्याङ्कन गर्न लागिएको वस्तुमा आधारित रहेर विभिन्न विधि प्रयोग गर्न सकिन्छ ।

## ३.१६ बसाई सराईको अवस्था

कुनै पनि स्थानमा जनसंख्या परिवर्तन हुने कारणहरुमध्ये बसाइसराई एक प्रमुख कारक मानिन्छ । यस शारदा नगरपालिकामा छिमेकी नगरपालिका, गाउँपालिका एवं जिल्लाबाट बसाई सराई गर्ने क्रम रहेको देखिन्छ । विभिन्न अवसर र रोजगारीको खोजीमा देश भित्र वा देश बाहिर एक स्थानबाट अर्को स्थानमा स्थाई वा अस्थाई रुपमा बसाई सरेर जाने प्रवृत्ति क्रमश बढ्दै गएको पाइन्छ । यसरी बसाई सराइका विभिन्न कारणहरु छन् । तिमध्ये पाँच मुख्य कारणहरु हुन्:

१. रोजगारीको अवसर

२. गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको उपलब्धता

३. शान्ती सुरक्षाको अवस्था


४. आर्थिक, सामाजिक, प्रशासनिक, सुगमता (विकासको अवस्था)

५. प्राकृतिक र मानव सृजित प्रकोप

यस नगरपालिकाको बसाइ सराइको अवस्था हेर्दा आएको जनसंख्या भन्दा विभिन्न अवसर र सेवा सुविधाको कमीले बसाई सरी जानेको संख्या तुलनात्मक रुपमा बढी देखिन्छ । बेरोजगारीको समस्या नगरपालिकाको विकराल समस्याको रुपमा रहेको परिप्रेक्ष्यमा काम गर्ने उमेरका युवाहरू विदेसिने क्रम समेत नगरपालिकामा बढ्न थालेको छ। उपर्युक्त सन्दर्भलाई विश्लेषण गर्दा नगरपालिकाको लागि बसोबासको व्यवस्थित र दीर्घकालिन योजना बनाउनु आवश्यक देखिन्छ।

## ३.१७ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण


नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न कानूनी मान्यताहरु पालना गर्नु पर्ने हुन्छ । नागरिकता, राहदानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानूनी मान्यता पालना गर्नु पर्ने हुन्छ । यसका लागि सरकारले प्रमाणपत्र उपलब्ध गराउँछ । जन्म, मृत्यु, बसाई, सराई विवाह र सम्बन्ध विच्छेद जस्ता घटना दर्ता गर्नु पर्ने हुन्छ । संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ । त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना अनिवार्य दर्ता हो । राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता हो । कहाँ कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्यले पाउनु पर्छ । यसको आधारमा सरकारले नीति बनाउने हुँदा जनचेतना अभिवृद्धि गर्नु पर्ने देखिन्छ ।




**नक्सा नं ९:** शारदा नगरपालिकामा रहेको बस्तीको विवरण

# खण्ड ४ : भू-उपयोग

## ४.१ नगरपालिकाको भू-उपयोगको विवरण




**नक्सा नं १०:** भू-उपयोगको विवरण

शारदा नगरपालिकाको विद्यमान भू-उपयोग हेर्दा नगरपालिकाको ५८.१४ प्रतिशत (११५.३२ वर्ग कि.मि.) वनले ओगटेको छ भने २७.७५ प्रतिशत (५५.०३ वर्ग कि.मि.) जग्गा हाल खन-जोत हुने उपयुक्त जमिनको रुपमा रहेको छ। खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ। नगरपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित यस नगरपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ। त्यसैगरी नगरपालिकामा जल क्षेत्र (नदी/खोला नाला) ले ०.३२ प्रतिशत (०.६४ वर्ग कि.मि.), झाडीले ८.८४ प्रतिशत (१७.५४ वर्ग कि.मि ), घाँसले ३.६६ प्रतिशत (७.२७ कि.मि), बालुवाले १.२१ प्रतिशत (२.३९ कि.मि) र बाँझो जमिनले ०.०८ प्रतिशत (०.१५ वर्ग कि.मि) भू-भाग ओगटेको छ। नगरपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा नगरपालिकाबासीहरुको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नितीहरु अवलम्बन गर्न सकिन्छ, भन्ने सन्दर्भमा विस्तृत अध्ययन गरी योजना निर्माण तथा कार्यान्वयन गर्नुपर्ने देखिन्छ। भू-उपयोगको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. २१ :** भू-उपयोग विवरण

| विवरण | क्षेत्रफल (र्वग कि.मि.) | प्रतिशत |
|---|---|---|
| खेतीयोग्य जमिन | ५५.०३ | २७.७५ |
| वनंजगल | ११५.३२ | ५८.१४ |
| घाँस | ७.२७ | ३.६६ |
| झाडी | १७.५४ | ८.८४ |
| बालुवा | २.३९ | १.२१ |
| बाँझो जमिन | ०.१५ | ०.०८ |
| जलाशाय क्षेत्र | ०.६४ | ०.३२ |
| कुल क्षेत्रफल | १९८.३४ | १००.०० |

*स्रोत : नापी विभाग, २०७५*

## ४.२ सार्वजनिक जग्गाको विवरण

मालपोत ऐन, २०३४ ले सरकारी स्वामित्वमा रहेको जग्गालाई सरकारी र सार्वजनिक प्रयोजनमा रहेको जग्गालाई सार्वजनिक जग्गा भनी परिभाषित गरेको छ।

राज्यको स्वामित्वमा रहेको जग्गाको संरक्षण गर्ने दायित्व राज्यले तत्सम्बन्धी जिम्मेवारी दिइएका निकायहरु जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय तथा स्थानीय निकाय (नगरपालिका तथा नगरपालिका) को क्षेत्राधिकार तोकेको पाइन्छ। जिल्लाको सम्पूर्ण सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण यी उल्लेखित संस्था तथा निकायहरुबाट मात्र सम्भव नभई त्यस क्षेत्रका सचेत नागरिक, उपभोक्ता, नागरिक

समाजका प्रतिनिधिहरु, गैरसरकारी संस्था एवम् निजी क्षेत्रका प्रतिनिधि समेतको सक्रिय सहयोग भएमा मात्र यस्ता सरकारी, सार्वजनिक जग्गाको संरक्षण तथा सवर्द्धनमा सहयोग पुग्न जान्छ । जसको विस्तृत विवरण तलको तालिकामा दिईएको छ ।

**तालिका नं. २२ :** सार्वजनिक जग्गाको विवरण

| क्र.सं. | साविकको गाविस | सरकारी तथा सार्वजनिक जग्गाको क्षेत्रफल (रोपनीमा) |
|---|---|---|
| १ | हिवल्चा | ४२०८६-४-०-० |
| २ | खलंगा | २७१९४-१-१-२ |
| ३ | डाँडागाउँ | २०६३४-११-१-२ |
| ४ | कजेरी | १८४०८-८-२-२ |
| ५ | मार्के | ६०९६१-२-०-१ |
| ६ | सेजुवालटाकुरा | - |
| ७ | स्यानीखाल | - |
| | जम्मा | **१६९२९३-१-१-३** |

*स्रोत : मालपोत कार्यालय सल्यान,२०६४/६५*

## ४.३ बस्ती विकासको वर्तमान स्वरुप

शारदा नगरपालिका जलवायुको आधारमा बसोबासको लागि उपयुक्त मानिएको छ । स्थानिय सरकारले बजारोन्मुख बस्तीहरूमा हाट बजारको विकासको लागि केही आवश्यक छाना/सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ। यसका अतिरिक्त एकातर्फ यी शहरीकृत बस्तीहरूको छेउछाउको जमिनको समेत अप्रत्याशितरुपले मूल्य वृद्धि भइरहेको पाइन्छ भने अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना समयमा नै निर्माण गर्नु आवश्यक छ।

नगरपालिका क्षेत्रहरुको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरु लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित वस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधा जस्ता कार्यक्रमहरु संचालन गर्नु पर्दछ । यसरी जग्गा विकास कार्यक्रम संचालन गर्दा शहरी विस्तार क्षेत्र प्रस्तावना गरिएका क्षेत्रहरुलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ ।

नगरपालिकाको कुल ७,३९१ परिवारहरू मध्ये, घरको जग माटोको जोडाइ भएको इट्टा/ ढुङ्गाको ९१.८७ प्रतिशत, माटोको जोडाई भएको ईटा/ढुङ्गाको बाहिरी गाह्रो भएको घरधुरी ८७.४६ प्रतिशत र

खर/पराल/छ्वाली तथा जस्ता/टिन/च्यादर ४३.४० तथा ३०.६२ प्रतिशत छन्। नगरपालिकामा आवासको संरचना लाई हेर्दा भरपर्दो देखिदैन। वि.सं. २०७२ बैशाख १२ गतेको महाभूकम्पले गरेको ठूलो धनजनको क्षती हामी सामु छर्लङ्ग छ तसर्थ नगरपालिकामा भूकम्प प्रतिरोधात्मक घरहरुको निर्माण सम्बन्धी तालिम तथा शिक्षा देखि भूकम्प आएको समयमा कसरी सूरक्षित हुने भन्ने जनमासमा पुऱ्याउनु पर्ने देखिन्छ। त्यसैगरी नगरपालिकामा कुल ५२७ (७.१३ प्रतिशत) परिवारहरू मात्र घर भाडा लिई बसेका छन् भने ६७३६ (९१.१४ प्रतिशत) परिवारको आफ्नै घर रहेको छ। शहरोन्मुख बस्ती विकासको सन्दर्भमा नगरपालिका साथै सम्बन्धित विषयगत कार्यालयहरू र हाल विभिन्न नामबाट गठन भइरहेका नगरपालिका विकास समिति एवं बजार व्यवस्थापन समितिहरूले पनि बेलैमा सार्वजनिक जग्गाको व्यवस्थापनमा आवश्यक सेवा सुविधा प्रदान गर्ने तर्फ ध्यान दिनु आवश्यक देखिन्छ।

## ४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू

बढ्दो जनसंख्या सँगै तीव्र गतिमा विकास भैरहेको शहरोन्मुख ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेको छैन। बस्तीहरूमा सुविधा बर्गिकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन। यस सम्बन्धमा बस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासिय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु उपयुक्त हुन्छ।
- बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन। विकासोन्मुख बस्तीहरूबाट निकास हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्दछ।
- सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन। यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुन सकेको छैन।

## ४.५ जनसंख्या प्रक्षेपण

वि.सं. २०५८ सालको जनगणनामा साविकको स्यानीखाल र हिवल्चा गाउँ विकास समितिहरुमा विशेष कारणबस जनगणना हुन सकेको थिएन। त्यसैले जनसंख्या प्रक्षेपण गर्दा हालको समग्र जनसंख्या र अनुमानित बृद्धिदरका आधारमा गरिएको छ। शारदा नगरपालिकाको जनसंख्या प्रक्षेपण गर्दा २ प्रतिशत प्रतिवर्षको दरले

बढ्ने अनुमान गरिएको छ । यसरी हेर्दा शारदा नगरपालिकाको जनसंख्या सन् २०२१ सम्म ४१११७ पुग्ने अनुमान गर्न सकिन्छ ।

**तालिका नं. २३ :** शारदा नगरपालिकाको जनसंख्या प्रक्षेपण

| वर्ष | पुरुषा | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|---|
| २०११ | १२६५४० | १२७५४६ | २५४०८६ | १५६६१ | १८०६९ | ३३७३० |
| २०१६ | १३८४८० | १३९९६५ | २७८४४६ | १७२९१ | १९९५० | ३७२४१ |
| २०२१ | १४९८३३ | १५१८३१ | ३०१६६४ | १९०९१ | २२०२६ | ४१११७ |

*स्रोत: शारदा नगरपालिकाको वस्तुगत विवरण २०७४*

## ४.६ भू-क्षय संम्भावित क्षेत्र

नगरपालिकाका नदी तथा खोला किनारका भागहरु भूक्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ । नगरपालिका क्षेत्रमा परिरहेको वनविनासको चाप, अनियन्त्रित डढेलो, चरीचरन राख्ने प्रबृत्ति एवं अव्यवस्थित ढंगले ढुंगा तथा बालुवाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई बस्ती एवं खेती तर्फ अनियन्त्रित बाढीको प्रकोप केन्द्रीत भएको छ। खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य वस्तु निकासी भएकोले खोलाको सतह गहिरिदै जाँदा आसपासका क्षेत्रहरुमा कटान तथा भूक्षयको सम्भावना बढ्दो देखिन्छ । मूलतः नगरपालिकाका खोलाहरूको वरिपरी नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले र अनुत्पादक पशुहरूको चापले यो संवेदनशिल क्षेत्रमा भूक्षयको दृष्टिकोणले प्रतिकुल प्रभाव पारेको छ।

तल्लो क्षेत्रहरु जिल्लाकै प्रमुख उत्पादन क्षेत्रहरु पनि यस शारदा नगरपालिकामा पर्दछन् । माटो पाँगो एवंम दोमट भएको हुँदा उत्पादन राम्रो हुन्छ । उच्च पहाडी क्षेत्रमा कडा खालको बलौटे र चुनढुङ्गा मिसिएको माटो भएकाले यस क्षेत्रमा भु-क्षय पहिरो जाने संभावना बढी हुन्छ भने मध्य भागमा पत्रे चट्टानमा रातो माटो मिसिएको माटो बढी भएको हुँदा यहाँ समेत भू-क्षय र पहिरोको दृष्टिले बढी संवेदनशील मानिन्छ ।

भौगोलिक हिसाबले कमजोर भूभाग र मध्यम खालको जलाधारीय अवस्थाले गर्दा यस नगरपालिकामा पनि वर्षेनी भुक्षय, बाढी, पहिरो, नदी कटान हुने गरेको छ । कहिलेकाहीँ त स्थानीय जनताको ज्यान समेत लिने गरेको दुखदायी घटनाहरु शारदा वासीले भोग्नु परेको छ ।

यसको साथै नगरपालिका क्षेत्रमा परिरहेको वनविनासको चाप, अनियन्त्रित डढेलो, चरीचरन राख्ने प्रबृत्ति एवं अव्यवस्थित ढंगले ढुंगा तथा बालुवाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रने संभावना रहन्छ । खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य वस्तु निकासी भएकोले खोलाको सतह गहिरिदैं जाँदा आसपासका क्षेत्रहरुमा कटान तथा भूक्षयको सम्भावना बढ्दो देखिन्छ । यस तितो यथार्थलाई मनन गरी भुक्षय र पहिरोको समस्याहरु र यसको कारण पहिल्याएर समाधानको लागि एक निकायलाई मात्र जिम्मेवार नठानी सम्बद्ध सबै निकायहरुले समन्वय र साझेदारी गरेर भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रमलाई प्राथमिकताको साथ अगाडी बढाउनु आजको टड्कारो आवश्यकता देखिएको छ ।

## ४.७ नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

तालिका नं. २४ : नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

| क स | संभावित प्रकोप | विद्यमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र नगरपालिकामा भुकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रुपमा लागु नभएको | जुनसुकै समयमा |
| २ | पहिरो | भौगोलिकरुपले विकट तथा नाङ्गा डाँडा पाखाहरु तथा भुकम्प प्रभावित भीर पाखाहरुमा पहिरो जाने गरेको । | असार - असोज |
| ३ | बाढी | नगरपालिकामा विशेषतः साना ठुला नदि/खोलाहरु बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरुले आसपासका भुभागहरू बर्षेनी कटान गरि क्षति पुऱ्याईरहेको छ। बर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । | जेष्ठ–असोज |
| ४ | डढेलो | नगरपालिकाको धेरै जसो भु–भागमा घनावस्ती रहेका (सुकुम्वासी, वाढी विस्थापित) लगाएतका अति विपन्न समुदायका घरहरु सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको। साथै डढेलोको समस्या पनि देखिन्छ । | चैत्र–जेष्ठ |
| ५ | महामारी | प्रकोपका रुपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतनाकमी, अनुकूल क्षमताको अभाव। | विपद् पछि, अन्य समयमा |
| ६ | वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयामा |
| ८ | जंगली जनावर आतंक | नगरपालिकाको वनजंगल वरिपरि बसोबास भएको क्षेत्रहरुमा (बाँदर, बँदेल, बाघ) आदीको आक्रमण तथा बदमासीको डर त्रास भईरहन्छ । | जुनसुकै समयमा |
| ९ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| १० | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

*स्रोतः जिल्ला समन्वय समिति, सल्यान २०७४*

# खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगारको स्थिति

## ५.१ नगरपालिका अर्थतन्त्रको संरचनात्मक स्वरुप

नगरपालिकाको अर्थतन्त्र मुख्यतया: कृषि, वन, साना घरेलु उद्योग, खुद्रा बजार, व्यापार, नोकरी, होटल, रेस्टुरेन्ट, तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट भएको यस नगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको हुँदा नगरपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। कृषि एवम् वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता, नगरपालिकामा अन्य उद्योगधन्दाको समेत विकास विस्तारको सम्भावना रहेको छ। त्यसैगरी नगरपालिकामा ठूलो संख्यामा रहेका वनजंगल तथा जैविक विविधताले गाउँको विकासमा थप सम्भावना बोकेका छन् । मील, फर्निचर उद्योग, कुखुरा पालन, पशु पालन आदि यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरु हुन् । यस नगरपालिकाको अर्को मुख्य आर्थिक आधार वैदेशिक रोजगार रहेको देखिन्छ। यद्यपि यो दिर्घकालिन हिसाबले त्यति सकारात्मक भने होइन ।

विभिन्न किसिमका जातजातिको विभिन्न किसिमका संस्कृति, रहनसहन तथा चाडपर्व लगायत उल्लेख्य संख्यामा रहेका धार्मिक, पौराणिक महत्वका स्थलहरू नगरपालिकाका प्रमुख पर्यटकीय आकर्षणको रुपमा रहेका छन् । कृषि, सेवामूलक व्यवसाय, होटेलहरु, मील, फर्निचर उद्योग, पशुपालन आदि यस नगरपालिकामा रहेका मुख्य व्यवसायहरु हुन् । साथै यो नगरपालिका पर्यटकीय तथा व्यापारिक दृष्टिकोणबाट विशेष महत्वपूर्ण मानिन्छ। शारदा नगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको पहाडी क्षेत्र भएको हुँदा नगरपालिकामा ग्रामिण परिवेश भएका अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। यस परिवेशमा आधुनिक कृषि तथा पशुपालनलाई बढि जोड दिनुपर्दछ ।

## ५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

**तालिका नं. २५ :** आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

| कुल जनसंख्या | आर्थिकरुपले सक्रिय पूरुष | आर्थिकरुपले सक्रिय महिला | जम्मा जनसंख्या |
|---|---|---|---|
| ३३,७३० | ८१२९ (४३.६१%) | १०५११ ( ५६.३९ %) | १८६४० ( ५५.२६ %) |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

माथिको तालिकामा शारदा नगरपालिकामा रहेका १५ वर्ष देखि ५९ वर्षसम्मका आर्थिकरुपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ। जसमा सक्रिय पुरुषको संख्या ८,१२९ (४३.६१ प्रतिशत), सक्रिय महिलाको संख्या १०,५११ (५६.३९ प्रतिशत) देखिन्छ। आर्थिक रुपले सक्रिय जनसंख्यामा लैगिंक भिन्नता १२.७८ प्रतिशत देखिन्छ भने नगरपालिकाको कुल जनसंख्याको १८,६४० (५५.२६ प्रतिशत) जनसंख्या आर्थिकरुपले सक्रिय छन् भने आर्थिक रुपमा निष्कृय जनसंख्या १५,०९० (४४.७४ प्रतिशत) छन्।

## ५.३ आश्रित जनसंख्याको विवरण

**तालिका नं. २६ :** आश्रित जनसंख्याको विवरण

| जनगणना वर्ष | आश्रित बालबाबिालका ( ०-१४) | | आश्रित बृद्धबृद्धा (६० वा सोभन्दा माथि) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| २०६८ | ६,४५८ | ५०.२७ | ६,३८९ | ४९.७३ | १२,८४७ | ३८.०९ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा शारदा नगरपालिकामा रहेको कुल जनसंख्या ३३,७३० मा आश्रित बालबालिकाको संख्या ६,४५८ (५०.२७ प्रतिशत) देखिन्छ भने आश्रित बृद्धबृद्धाहरुको संख्या ६३८९ (४९.७३ प्रतिशत) देखिन्छ । कुल जनसंख्या मध्ये जम्मा आश्रित जनसंख्या १२,८४७ (३८.०९ प्रतिशत) देखिन्छ । माथिको सक्रिय जनसंख्या र आश्रित जनसंख्या हेर्दा शारदा नगरपालिकामा विकासको लागि आवश्यक सक्रिय जनसंख्या छ जसलाई राज्यले उपलब्ध स्रोत र साधनको साथै यी सक्रिय मानव संसाधनको सही उपयोग गरी विकासमा अगाडी बढ्नु पर्ने देखिन्छ ।

## ५.४ पेशाको आधारमा जनसंख्याको विवरण

यस नगरपालिकामा मुख्य पेशाको रुपमा कृषि अर्थात खेतीपाति रहेको छ, जसमा झण्डै ३३ प्रतिशत जनसंख्या आश्रित छन् भने ९ प्रतिशत जनसंख्या व्यापार व्यवसायमा संलग्न रहेको देखिन्छ । त्यस्तै बैदेशिक रोजगारमा (भारत बाहेकका मुलुकमा) जाने जनसंख्या झण्डै ७ प्रतिशत रहेको छ भने मजदुरी गर्ने झण्डै २ प्रतिशत मात्र रहेका छन् र कुनै काम नगर्ने ३.१२ प्रतिशत रहेका छन् ।

**तालिका नं. २७ :** पेशाको आधारमा जनसंख्याको विवरण

| क्र.स. | पेशा तथा रोजगारीको क्षेत्र | मान प्रतिशतमा | जनसंख्या |
|---|---|---|---|
| १ | खेतीपाति | ३२.५६ | १०९८४ |
| २ | बिधार्थी | ३३.०४ | १११४४ |
| ३ | जागिर | ७.१९ | २४२६ |
| ४ | व्यापार व्यवसाय | ९.५० | ३२०४ |
| ५ | अवकाश प्राप्त | ०.२७ | ९२ |
| ६ | मजदुरी | १.९० | ६४१ |
| ७ | बैदेशिक रोजगार | ६.७२ | २२६५ |
| ८ | कुनै काम गर्ने | ३.१२ | १०५३ |
| ९ | अन्य | ५.७० | १९२२ |

*स्रोत: शारदा नगरपालिकाको वस्तुगत विवरण २०७४*

## ५.५ आम्दानीको मुख्य श्रोत

आम्दानीको मुख्य श्रोतको रुपमा खेती नै रहेको देखिन्छ । ५४ प्रतिशत जनसंख्याको आम्दानीको मुख्य श्रोत कृषि रहेको छ । पेशाको रुपमा खेती गर्ने जनसंख्या ३३ प्रतिशत मात्र भएपनि आम्दानीको मुख्य श्रोत भने ५४ प्रतिशतको रहनुको कारण विद्यार्थीको जनसंख्या हो, जो आर्थिक रुपमा निष्कृय छ तर पठनपाठनको लागि आवश्यक खर्चका लागि खेतीबाट प्राप्त हुने आम्दानीमा भर पर्ने गर्छन् । अर्को शब्दमा भन्नुपर्दा विद्यार्थिहरुले निश्चित जनसंख्या ओगटेका छन् तर आर्थिक रुपमा निष्कृय छन् र उनीहरुका अभिभावकहरुको आम्दानीको मुख्य श्रोत कृषि रहेको छ ।

*स्रोत: शारदा नगरपालिकाको वस्तुगत विवरण २०७४*

## ५.६ औषत मासिक आम्दानी

घर परिवारको औषत मासिक आम्दानीको अवस्थाको नतिजा निकाल्न प्राथमिक तवरले संकलन गरिएका सूचनाहरुको प्रयोग गरिएको छ । सुचना संकलन गर्दा मासिक आम्दानीलाई ४ समूहमा विभाजन गरिएको थियो । जसमा मासिक आम्दानी २०००० भन्दा कम हुनेको संख्या ७८ प्रतिशत रहेको छ भने २०००० देखि ४०००० मासिक आम्दानी हुनेको संख्या २२ प्रतिशत रहेको छ । सूचना संकलनको क्रममा अन्तरवार्ता दिने वास्तविक मासिक आम्दानी भन्न आनाकानी गरेको कारण यो तथ्यांकबाट नगरपालिकाको घरपरिवारको वास्तविक आम्दानी प्रस्तुत नभएको पनि हुन सक्छ ।

*स्रोत: शारदा नगरपालिकाको वस्तुगत विवरण २०७४*

**तालिका नं. २८ :** आर्थिक रुपले सम्पन्न तथा विपन्न परिवार संख्या

| सम्पन्न घरधुरी | विपन्न घरधुरी | वडा | सम्पन्न घरधुरी | विपन्न घरधुरी | वडा |
|---|---|---|---|---|---|
| ४६४ | १९३ | १ | - | - | ९ |
| - | - | २ | ४५ | ३४८ | १० |
| - | - | ३ | - | - | ११ |
| २५८ | ७१ | ४ | ६३ | २० | १२ |
| २१३ | २०१ | ५ | ५५ | ३७३ | १३ |
| - | - | ६ | - | - | १४ |
| - | - | ७ | - | - | १५ |
| - | - | ८ | | | |

*स्रोत: नगर कार्यपालिकाको कार्यालय, २०७४*

## ५.७ कृषि

आर्थिक सर्वेक्षण २०७३/७४ अनुसार नेपालको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २७.७५ प्रतिशत रहेको छ । नेपालमा करिब ६३ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकाको लागी कृषिमा निर्भर रहेका छन् । वर्षेनी युवा जनशक्ति पलायनमा बढोत्तरी, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण, घडेरीकरण, जग्गा बाँझो राख्ने प्रवृत्ति, समग्र कृषि क्षेत्रका चुनौतीहरु हुन् । कृषि क्षेत्रको विकासका लागि

आवश्यक सिँचाई, सडक, विजुली, संचार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरुमा पर्याप्त लगानी आर्कषण गर्न नसक्नु कृषि क्षेत्रको मूलभूत समस्या हो भने कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र व्यवसायिक रुपमा स्थापित गर्नु पनि चुनौतिको रुपमा रहेको छ ।

नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ । ग्रामीण जनताहरुको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ । खाद्यान्न तथा नगदे बालीहरु फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरु कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्तरमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि विकास मन्त्रालय र सहकारी तथा गरिवी निवारण मन्त्रालय र केन्द्रीय तथ्याङ्क विभाग रहेका छन् । स्थानीय उत्पादनको बृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

तुलनात्मक रुपमा हेर्दा पुरुषहरू यस पेशाबाट विमुख हुँदै अन्य पेशातर्फ आकर्षित भएको देखिन्छ। यसो हुनुमा अन्य पेशाबाट आम्दानीमा वृद्धि हुनु र खेती योग्य जमिनको अभाव विस्तारै सिर्जना हुनु पनि हो। कृषि क्षेत्रमा आधुनिकीकरण नहुनु, बजार व्यवस्थाको अभाव, सिंचाईको व्यवस्था नहुनु तथा अन्य जीवनशैली जटिल बन्दै जानुले यस क्षेत्रबाट विमुख हुनाको केही प्रमुख कारण हुनुपर्दछ।

नगरपालिकाको ठूलो क्षेत्रफल पहाडी भूभागले भरिएको हुँदा कृषिका लागि उपयोगी क्षेत्र कम रहेको छ । सामान्यतः कृषि प्रणालीमा मुख्य अन्न बालीहरु मकै, धान, कोदो, गहुँ आदि हुन् । यस्तै दलहन बालीमा बोडी, मास, मसुरो, सानो केराउ, गहत, भटमास आदी उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी, बदाम, तिल, रायो, सर्स्यु उत्पादन गरिन्छ भने तरकारी खेती आलु, फर्सी, लौका, सिमी, स्कुस, घिँरौला, रायो, बन्दा, प्याज, काउली, भिन्डी, लसुन, अदुवा, बेसार लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यिनको उत्पादकत्व पनि बढी छ । फलफुलमा आँप, नास्पाती, हलुवावेद, खुर्पानी, आरु, लप्सी, रुख कटहर, जुनार, ज्यामिर, भोगटे, कागती, अम्बा, केरा, आदीको उत्पादन हुन्छ । नगरपालिकामा सबैभन्दा ठूलो क्षेत्रमा खाद्यान्न, दलहन र तरकारी बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले सानो क्षेत्रमा फलफुल बाली लगाइने गरेको छ ।

शारदा नगरपालिकाको झण्डै २८ प्रतिशत भू-भागमा खेतिपाती गरेको पाइन्छ भने यस क्षेत्रफलको झण्डै २५ प्रतिशत भू-भागमा मात्र सिँचाई सुविधा रहेको छ ।

**तालिका नं. २९ :** खेतियोग्य जमिनको विवरण

| भुगोल | विवरण | क्षेत्रफल हेक्टरमा | प्रतिशतमा |
|---|---|---|---|
| सल्यान जिल्लाको | जिल्लाको कुल क्षेत्रफल | १९५१०० | |
| | खेतीजन्य कार्यमा प्रयोग हुने जग्गा | २६६८२ | १३।६८ |
| | सिंचित क्षेत्रफल | ६६५७८ | २४।२५ |
| शारदा नगरपालिकाको | शारदा नगरपालिकाको कुल क्षेत्रफल | १९८३० | |
| | खेतीजन्य कार्यमा प्रयोग हुने जग्गा | ५५५२।४ | २८।०० |
| | सिंचित क्षेत्रफल | १३८५।५ | २४।९५ |

*स्रोतः शारदा नगरपालिकाको बस्तुगत विवरण २०७४*

### (क) हिउँदे बाली

नगरपालिकामा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरुमा कोदो, फापर, गहुँ, जौ, उखु, मुसुरो, मास, गहत, भटमास, तोरी, तिल, केरा, सुन्तला जात, वर्षे तरकारी, आलु, आदि छन् ।

### (ख) वर्षे बाली

नगरपालिकाका प्रमुख वर्षे बालीहरुमा धान, मकै, केरा, अम्बा, नास्पाति, रुखकटर आदि छन् ।

## ५.७.१ बाली प्रणाली

यस नगरपालिकामा भौगोलिक क्षेत्र अनुसारका बाली प्रणालीहरु साधारणतया निम्नानुसार रहेको पाइन्छ ।

**तालिका नं. ३० :** बाली प्रणाली सम्बन्धी विवरण

| सि.नं. | प्रणाली | बाली |
|---|---|---|
| १ | एक वाली | अदुवा, मकै, मास र धान |
| २ | दुई वाली | धान-गहुँ, आल-धान, मकै-गहुँ, तोरी-आलु, कोदो-तोरी |
| ३ | बहु वाली | मकै-धान-आलु, मकै-धान-तरकारी, मकै-तोरी-गहुँ, मकै-धान-तोरी |
| ४ | मिश्रित वाली | तोरी+चना, जौ+केराउ, गहुँ+केराउ, मकै+सिमी, बोडी, मकै+भटमास |
| ५ | धुसुवा वाली | मकै+कोदो |
| ६ | अन्तर वाली | सुन्तला+आलु, तरकारी, खुर्सानी, स्याउ+आलु, तरकारी, तोरी |

*स्रोत: शारदा नगरपालिकाको बस्तुगत विवरण २०७४*

## ५.७.२ बाली पात्रो

**तालिका नं. ३१ :** नगरपालिका र यस वरपरको बाली पात्रो

| क्र.स. | बालीको नाम | बीउ/बाली रोप्ने समय | बाली भित्र्याउने समय |
|---|---|---|---|
| १ | धान | जेठ-साउन | आश्विन-मंसिर |
| २ | मकै बसन्ते | फाल्गुण | जेठ-असार |
| ३ | मकै वर्षे | चैत-बैशाख | श्रावण भाद्र |
| ५ | कोदो | जेठ-साउन | कार्तिक-मंसिर |
| ६ | जौ/उवा | असोज/कार्तिक | चैत-बैशाख |
| ७ | दलहन | चैत बैशाख र असोज कार्तिक | असोज कार्तिक र चैत बैशाख |
| ८ | तेलहन (तोरी) | असोज-कार्तिक | माघ-फाल्गुण |
| ९ | तरकारी वर्षे | फाल्गुण-चैत्र | जेठ-भाद्र |
| १० | तरकारी हिउँदे | श्रावण-असोज | कार्तिक-फाल्गुण |
| ११ | आलु हिउँदे | असोज-मंसिर | माघ-चैत्र |
| १२ | आलु वर्षे | माघ-फाल्गुण | असार-श्रावण |

*स्रोत: शारदा नगरपालिकाको बस्तुगत विवरण २०७४*

### ५.७.३ मुख्य कृषि उपजहरु

शारदा नगरपालिकाको कृषि प्रणाली पारम्परिक किसिमको देखिन्छ। समग्र कृषि प्रणालिको आधुनिकिकरण हुन नसक्दा उत्पादन खर्चिलो र कम भएको देखिन्छ । कृषकहरु खेतीपातीको लागि आकाशे पानिमा भर पनुपर्ने अवस्था हालसम्म विद्यमान छ। नगर क्षेत्रमा उत्पादन हुने मुख्य उत्पादनहरु धान, गहुँ, मकै, कोदो, दलहन बालीमा भटमास, मुसुरो, केराउ, बोडी र सिमि रहेका छन् भने तेलहन बालीमा तोरी र बदाम मुख्य रहेका छन् । त्यसैगरी मसलाबालीमा अदुवा मुख्य रहेको छ भने बेसार, लसुन र प्याज पनि उत्पादन हुने गरेको छ । सबभन्दा बढि उत्पादन हुने खाद्यान्न मकै रहेको छ भने दलहनमा भटमास, तेलहनमा तोरी र मसला बालीमा अदुवा रहेको छ ।

तालिका नं. ३२ : नगर क्षेत्रमा उत्पादन हुने प्रमुख कृषि उपजहरु

| बालिको नाम | उत्पादन क्षेत्रफल हे. | उत्पादन मे.ट.. | उत्पादकत्व |
|---|---|---|---|
| धान | १३९३ | ४९१४ | ३.५२८ |
| गहुँ | ३०२२ | ६१२७ | २.०२८ |
| मकै | ३८८६ | ७७८४ | २.००३ |
| कोदो | २२२ | ३५५ | १.५९९ |
| जौ | २५३ | २९२ | १.१५४ |
| फापर | १३ | १४.२ | १.०९२ |
| दलहन | ८०५.२ | ८१४.४ | १.०११ |
| तेलहन | २३३.८ | २०४.२ | ०.८७४ |
| आलु | २१२.४ | २११६ | ९.९६२ |
| तरकारी | ४९४.४ | ५२२७ | १०.५७ |
| फलफुल | २६२.४ | २२४० | ८.५३७ |
| मसलाबाली | ५८६.६ | ५९९२ | १०.२२ |

*स्रोत: शारदा नगरपालिकाको बस्तुगत विवरण २०७४*

तालिका नं. ३३ : वडाअनुसार उत्पादन हुने कृषि उपजहरु

| वडा | कृषि योग्य भूमि (हे.) | कृषि उत्पादन धान (मे टन) | | | | | तरकारी उत्पादन | करेसावारी |
|---|---|---|---|---|---|---|---|---|
| | – | धान | मकै | गहुँ | जौ | कोदो | – | – |
| १ | - | ४३.३१ | १५१.८ | ९१.२ | ०.२ | ०.२ | १६.२० टन | ४ रोपनी |
| २ | - | - | - | - | - | - | – | – |
| ३ | ४१.६२ | ४१.४३० | २७.९० | १९.३५५ | - | - | ८६ रोपनिमा खेती | रु १०,८९,००० |
| ४ | ४.०७ | २१.०५ | - | - | - | - | ४.०७ टन | ७५% घरधुरी भएको |
| ५ | ४.०३ | २३.०५ | - | - | - | - | ३.०७ | ७५ प्रतिशत घरधुरीको भएको |
| ६ | ४५४९.५ | ६०.६१ | ११९.५४ | ३१.२९ | ०.२ | २.०३ | | ठिकै |

| वडा | कृषि योग्य भूमि (हे.) | कृषि उत्पादन धान (मे टन) | | | | | तरकारी उत्पादन | करेसावारी |
|---|---|---|---|---|---|---|---|---|
| ७ | - | - | - | - | - | - | - | - |
| ८ | - | - | - | - | - | - | - | - |
| ९ | - | - | - | - | - | - | - | - |
| १० | १७५.७२ | ७५.४ | १३६.२ | ८०.२ | २.२ | २०.८ | | |
| ११ | - | - | - | - | - | - | - | - |
| १२ | ५०० | ११४.६ | १२० | ९० | - | - | - | - |
| १३ | ३.०५ | १८.०६ | - | - | - | - | १ मे. टन | २०% |
| १४ | - | - | - | - | - | - | - | - |
| १५ | - | - | - | - | - | - | - | - |

*स्रोतः नगर कार्यपालिकाको कार्यालय, २०७४*

### ५.७.४ कृषक समूहको विवरण

यस नगरपालिकामा आ.व. २०७२/७३ मा रहेका ८२ वटा कृषक समूहहरू मध्ये महिला कृषक समूहहरू २४ र पुरुष कृषक समूहरूको संख्या ५ रहेका छन् । लैंगिक हिसाबले यस नगरपालिकामा महिला कृषि समूहहरूको वर्चस्व देखिन्छ भने नगरपालिकामा मिश्रीत कृषक समूहहरूको संख्या ५३ देखिन्छन् । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ३४ :** कृषक समूहको विवरण

| कृषक समूह संख्या | | | |
|---|---|---|---|
| **कुल** | **महिला** | **पुरुष** | **मिश्रीत** |
| ८२ | २४ | ५ | ५३ |

*स्रोतः जिल्ला कृषि विकास कार्यालय, सल्यान २०७३*

### ५.७.५ कृषी बालीमा लाग्ने रोग

नगरपालिकाको कृषि उत्पादनमा मकै, कोदो, धान, दलहन, आदि नै मुख्य रुपमा रहेको छ । सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट रोगहरु देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरे जस्ता रोगहरु देखिन्छन् । यसैगरी मकैमा डाँठ वा घोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटव्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिने जस्ता रोगहरु मुख्य रुपमा देखा पर्दछन् । फलफूलमा विशेषगरी कोत्रे, सेतो धुले रोग, भोजक (पात गुजुमुज्ज हुने) जरा कुहिने, ओइलाउने आदी रोगहरुको प्रकोपबाट कृषकहरु समस्यामा परेका छन् । मुख्य बालीहरुमा लाग्ने शत्रु जीव र रोगहरुको विस्तृत विवरण तलको तालिकामा राखिएको छ ।

तालिका नं. ३५ : विभिन्न बालीमा लाग्ने रोग विवरण

| क्र.स | बालीको नाम | देखिएको प्रमुख रोग हरु | मुख्यमुख्य किराहरु |
|---|---|---|---|
| १ | धान | ब्लाष्ट, खैरोथोप्ले, फेदकुहिने आदी । | पतेरो, गवारो, फड्के, पातबेरुवा |
| २ | गहुँ | सिन्दुरे, कालोपोके | लाही, खुर्मे,फट्याँग्रा, फेदकटुवा |
| ३ | मकै | कालोपोके, पातको धर्सेरोग, डाँठ र फल कुहिने, ध्वाँसे आदी । | लाही, फट्याग्रा, खुम्रै, फेदकटुवा, गवारो आदी |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, २०७३*

## ५.७.६ कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण

कृषि प्रबिधि बिस्तारको उद्देश्यलाई सहयोग गर्दै कृषकको कृषि प्राविधिकसम्मको पहुँचलाई सरल बनाउन शारदा नगरपालिकामा निम्नानुसारका कृषि सेवाकेन्द्र स्थापना गरिएको छ ।

तालिका नं. ३६ : सेवा केन्द्रहरु र सेवा पुऱ्याउने क्षेत्रहरु

| क्र.सं. | कृषि सेवा केन्द्र | सेवा पुऱ्याउने साविकका गा.वि.सहरु |
|---|---|---|
| १ | भोटेचौर | शारदा न.पा. ६,७, १२-१५ |
| २ | मार्के | शारदा न.पा १-५, ८-११ |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय, २०७३*

## ५.७.७ एग्रोभेट सम्बन्धी विवरण

नगरपालिकामा कृषि उत्पादन तथा पशुपंक्षी पालनमा आएको व्यवसायिकताको लहरसँगै भेटेरिनरी औषधीको व्यवसाय पनि निकै फस्टाउँदै गएको पाइन्छ । औषधी व्यवसायी संघ सल्यान जिल्लाका अनुसार नगरपालिकामा दर्ता भएका नभएका गरी १ दर्जन भन्दा बढी भेटेरिनरी औषधी पसलहरू संचालित छन् । जसमध्ये ८ वटा भेटेरिनरी औषधी पसलहरू यस शारदा नगरपालिकामा संचालित छन् ।

तालिका नं. ३७ : एग्रोभेट सम्बन्धी विवरण

| क्र.सं. | एग्रोभेटको नाम | ठेगाना | विक्रेताको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | प्रतिमा एग्रोभेट सेन्टर | शा.न.पा. ४ | तप्त बहादुर सिनवाल | |
| २ | आभा एग्रोभेट सेन्टर | शा.न.पा. २ | यम बहादुर डाँगी | |
| ३ | शिशिर एग्रोभेट सेन्टर | शा.न.पा. २ | टोपेन्द्र बहादुर के.सी | |
| ४ | राप्ती एग्रोभेट सेन्टर | शा.न.पा. २ | गुमान बस्नेत | |
| ५ | न्यू जिवनज्योति एग्रोभेट सेन्टर | शा.न.पा. ८ | दिपेन्द्र गिरी | |
| ६ | सृजना एग्रोभेट सेन्टर | शा.न.पा. १४ | गोविन्द बहादुर खत्री | |
| ७ | कुश्मा एग्रोभेट सेन्टर | शा.न.पा. २ | कुश्मा के.सि. | |
| ८ | मानव कल्याण एग्रोभेट सेन्टर | शा.न.पा. २ | चिरन्जिवी वली | |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय, सल्यान २०७३*

### ५.७.८ कृषि पकेट क्षेत्रको बिवरण

शारदा नगरपालिकामा कृषि पेशा अगाल्ने परिवारको संख्या उच्च रहेको छ । कृषि पेशामा संलग्न श्रम शक्ति उच्च रहेको यस नगरपालिकामा कृषि व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले नगरपालिकामा विभिन्न क्षेत्रलाई कृषि पकेट क्षेत्रको रूपमा विकास गरी नगदे वाली, तरकारी, फलफुल, खाद्यान्न, मौरी पालन, उखुजस्ता कृषि उत्पादनको वृद्धि गर्न सक्ने प्रसस्त सम्भावना देखिन्छ। यसै अनुसार नगरमा भएको पकेट क्षेत्रको विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ३८ :** कृषि पकेट क्षेत्रको विवरण

| क.सं. | पकेट विवरण | बाली | साविकको गा.वि.स. | सडक सुविधा | सिंचाई को अवस्था | बालि चक्र | बजार स्थल/संकलन केन्द्र | कृषि सेवा केन्द्र |
|---|---|---|---|---|---|---|---|---|
| १ | विउ उत्पादन | धान, गहुँ, मकै | मार्के | भएको | आँशिक/भएको | धान-गहुँ, गहुँ-मकै, धान-आलु-मकै | मार्के | मार्के |
| २ | अदुवा उत्पादन | विउ तथा ताजा अदुवा | शारदा न.पा. १४,१५ | आंशिक भएको | आंशिक भएको | धान-गहुँ, गहुँ-अदुवा, धान-आलु-अदुवा | श्रीनगर | भोटेचौर, थारमारे, मुलखोला |
| ३ | व्यवसायिक सुन्तला उत्पादन | सुन्तला | कजेरी | आंशिक भएको | आंशिक भएको | सुन्तला-तरकारी, अदुवा, केराउ सुन्तला-केराउ, सुन्तला अदुवा, बेशार-मकै-गहुँ-खाली धान-गहुँ, धान-आलु-तरकारी, मकै-तोरी-तरकारी | श्रीनगर | थारमारे, भोटेचौर, भल्चौर |
| ४ | तरकारी विउ उत्पादन | रायो, मुला, काउली, केराउ, आदि | कजेरी | आंशिक भएको | आंशिक भएको | धान-मुला, रायो, काउली, गहुँ-मकै-तरकारी वीउ धान-आलु-मकै | थारमारे, श्रीनगर, कपुरकोट, भल्चौर, बरला | थारमारे, भल्चौर, भोटेचौर |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय, सल्यान २०७३*

### ५.७.९ कृषि बजारीकरण

नेपाल एक कृषि प्रधान देश हो तथापि यहाँको कृषि आपूर्ति आयातमा निर्भर रहेको छ। नेपालको कुल जनसंख्या मध्ये दुई तिहाई जनसंख्याको पेशा कृषि हो । परम्परागत कृषिको कारण देशको अर्थतन्त्रमा भने कृषिले उल्लेख्य हिस्सा ओगट्न भने सकेको छैन । दैनिक जीवन गुजारा हुने किसिमको खेतिपातीले कृषिमा व्यवसायिकरण हुन सकेको छैन । परम्परागत बजारीकरणमा उत्पादकहरुले असंगठीत रुपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै कृषि उपजहरुको

बजारीकरणको प्रचलन विकास हुन थालेको छ। यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरुले कृषि बजारको क्रमिक विकासमा टेवा पुऱ्याएका छन्। नगरपालिकामा उत्पादन हुने उपजहरु विभिन्न बजारहरुबाट (तरकारी, फलफूल आदि) बजारीकरण हुने गरेको देखिन्छ। कृषकले उत्पादन गरेका कृषिजन्य वस्तुले सही बजार पाउनु पर्छ। कृषि क्षेत्रको समुचित विकास हुन सकेको खण्डमा समग्र देशको विकास हुन्छ तसर्थ यसको लागि कृषि बजारीकणलाई प्रोत्साहन गरी व्यवस्थित बनाउनु पर्ने देखिन्छ।

### ५.७.१० जग्गाको उर्वराशक्ति

नगरपालिकाको ठूलो क्षेत्रफल पहाडी भूभागले ओगटेको देखिन्छ। यद्यपी शारदा नगरपालिकाको झण्डै २८ प्रतिशत भु-भागमा खेतिपाती गरेको पाइन्छ भने यस क्षेत्रफलको झण्डै २५ प्रतिशत भु-भागमा मात्र सिँचाई सुविधा रहेको छ। नगरपालिकाको पहाडी भू-भागमा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि पाइन्छ भने वन क्षेत्रले ढाकेको क्षेत्रहरुमा जडीबुटी तथा डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ।

**तालिका नं. ३९ :** नगरपालिकाको खेतीयोग्य क्षेत्रफल

| भुगोल | विवरण | क्षेत्रफल हेक्टरमा | प्रतिशतमा |
|---|---|---|---|
| सल्यान जिल्लाको | कुल क्षेत्रफल | १९५१०० | १०० |
| | खेतीजन्य कार्यमा प्रयोग हुने जग्गा | २६६८२ | १३.६८ |
| | सिंचित क्षेत्रफल | ६६५७.८ | २४.२५ |
| शारदा नगरपालिकाको | कुल क्षेत्रफल | १९८३० | १०० |
| | खेतीजन्य कार्यमा प्रयोग हुने जग्गा | ५५५२.४ | २८.०० |
| | सिंचित क्षेत्रफल | १३८५.५ | २४.९५ |

*स्रोत: शारदा नगरपालिकाको बस्तुगत विवरण २०७४*

## ५.८ सिंचाइ

नगरपालिकामा सतह जल सिंचाईका स्रोत रहेका छन्। कृषिको लागि उर्वर माटो भएको र नगरपालिकामा ठूलो संख्यामा जनता कृषिमा निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिचाई सुविधा पुऱ्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त वृद्धि हुने देखिन्छ। शारदा नगरपालिकामा हालसम्म संचालित मुख्य सिँचाइ योजनामा चैवाङ्ग ज्यूला सिंचाइ योजना रहेको छ जुनको विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ४० :** सिंचाइको विवरण

| क्र.स. | योजनाको नाम | स्थान | सिंचाई क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १ | चैवाङ्ग ज्यूला सिंचाइ योजना | शारदा नगरपालिका | ४० हेक्टर | |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय, सल्यान २०७३*

## ५.९ पशुपालन

नगरपालिकामा विशेषगरी गाई, भैँसी, बाखा नै यहाँका मुख्य घरपालुवा जनावरहरु हुन । यसबाट नगरपालिकाबासीहरुको जीविकोपार्जनमा उल्लेख्य सुधार भैरहेको छ । पशुजन्य उत्पादनहरु जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, खसी, बोकाहरुको बिक्रीबाट आम्दानी बढेको देखिन्छ ।

पशुपालन व्यवसायलाई सुरक्षित राख्न र यसबाट पूर्ण प्रतिफल प्राप्त गर्न पशु सेवा केन्द्र, त्यस्तै गरी भेटेनरी सेवा पनि नगरपालिकामा उपलब्ध रहेको छ । नगरपालिकामा जिल्ला पशु सेवा कार्यालय बाहेक पशु सेवा विभाग अन्तर्गतका विभिन्न स्तरका कार्यालयहरु समेत कार्यरत रही आ-आफ्नो क्षेत्रमा सेवा पु¥याई रहेका छन् ।

सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरुको हिस्सा कुल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ । गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाखातर्फ उन्नत जातका बोकाहरुसँग प्रजनन् गराउने परिपाटी बसेको हुँदा यी जातका जनावरहरुमा वर्णशंकरको संख्या बढ्दो छ । तथापि बँधुवा पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालनसम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन । नश्ल सुधारमार्फत् नयाँ जन्मिएका जनावरका बच्चाहरुलाई भविष्यको राम्रो माउमा विकसित गर्ने कुरा मध्यनजर गरी थप कार्यक्रमहरु संचालन गर्नु आवश्यक छ ।

सारांशमा, विगतका वर्षहरुमा नगरपालिकाको पशुपालन क्षेत्रले राम्रो फड्को मारेको छ जसले गर्दा पशुपंक्षीजन्य उत्पादनमा परिमाणात्मक विकास सम्भव भएको छ । तर हालको परिमाणात्मक विकासको गति सुस्त छ । पशु पालन क्षेत्रमा क्रमिक रुपमा व्यवसायिकता थपिएको छ तर पशुपंक्षीजन्य उत्पादन प्रशोधनका लागि उद्योग स्थापना खासै हुन सकेको पाईंदैन । त्यसैगरी पशुपालनतर्फ गुणात्मक विकासको खाँचो सर्वत्र महसुस गरिएको छ । पशुपालनसँग आवद्ध श्रमिक तथा महिला वर्गहरुको उत्पादकत्व अति न्युन हुनु, युवा वर्गहरु विदेश पलायन हुनु र सो अनुरुप पशुपालनमा वैज्ञानिकीकरण र यान्त्रिकरण हुन नसक्नु, पशु पालन क्षेत्रमा पुँजी लगानीको आकार धेरै सानो हुनु तथा जनमानसमा पशुपालनको कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशुपालन क्षेत्रबाट आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन ।

### ५.९.१ पशुपंक्षीमा लाग्ने रोगहरु

कृषकहरुको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको पशुपंक्षीहरुको पालन यस नगरपालिकाको प्रमुख पेशा मध्ये एक हो । नगरपालिकामा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन् सम्बन्धि र जुका पर्दछन्। नगरपालिकाको वन जंगलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत पिपिआर स्वाइन फिवर जस्ता अत्यन्त संक्रामक रोगको प्रकोप पनि यस नगरपालिकामा एदाकदा देखिने गरेको छ। यसका कारणहरूलाई हेर्दा, पशुको अवैध

आवत जावत, दयनिय व्यवस्थापन, खोप लगाउनुपर्छ भन्ने चेतनाको कमी, आदि मान्न सकिन्छ। यि रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास भैरहेको देखिन्छ।

जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस नगरपालिकाका किसानहरूले खोप लगाउने गरेको पाइन्छ। तापनि यी रोगहरू फाट्टफुट्ट रुपमा देखिने गरेका छन्। नगरपालिकामा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्य समेत नगरपालिकाका विभिन्न वडाहरूमा समेत संचालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ। सामान्यतया पशुपंक्षीमा ठूलो माहामारी फैलिएको पाइँदैन । तथापी यहाँका पशुपंक्षीहरुमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीज जस्ता रोगहरुको र पंक्षीहरुमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रुपमा लाग्ने गरेको छ ।

## ५.९.२ गाई/भैंसी/बाखा फार्महरु

यस नगरपालिकामा गाई भैंसी फार्महरु केहि वडाहरुमा रहेका छन् भने बाखा पालनमा पनि आकर्षण रहेको देखिन्छ । त्यसै गरी फार्महरुको यान्त्रिकरण तर्फ पनि प्रगति अति नै न्युन रहेको पाईन्छ । कृषकहरुले आफ्नो दैनिक जीवनको लागि केही गाई, भैंसी, बाखा पालन गरे तापनि यसले व्यवसायिकता भने पाउन सकेको छैन । त्यस कारण, समग्रमा भन्नु पर्दा नगरपालिकामा दुग्ध तर्फ परिमाणात्मक विकास हालसम्म उल्लेख्य रहेको छैन ।

**तालिका नं. ४१ :** पशुपंक्षी पालन तथा फार्महरु

| वडा | दुध उत्पादन (ली) | मासु उत्पादन (केजी) | गाई तथा बाखा, बंगुर पालन फर्म | कुखुरा, हाँस टर्की आदि फर्म |
|---|---|---|---|---|
| १ | ५० | ५०० | १० वटा | - |
| २ | - | - | - | - |
| ३ | - | - | - | - |
| ४ | ४३ | - | - | ३ वटा |
| ५ | ५९ | ५० | ३ वटा | २ वटा |
| ६ | १७६५० | १०००० | १ वटा | ८ वटा |
| ७ | - | - | - | - |
| ८ | - | - | - | - |
| ९ | - | - | - | - |
| १० | - | - | १ वटा | १४ वटा |
| ११ | - | - | - | - |
| १२ | - | - | - | - |
| १३ | २० | ४० | २ वटा | |
| १४ | - | - | - | - |
| १५ | - | - | - | - |

*स्रोत : शारदा नगरपालिकाको वस्तुगत विवरण, २०७४*

### ५.९.३ नगरपालिकामा दुग्ध बजारीकरण

शारदा नगरपालिकामा पशुपालन एक प्रमुख पेशाको रुपमा विकास भएको छैन । केहि कृषकले आफ्नो आफ्नो आवश्यकता परिपुर्ति गर्नका लागि गाई भैंसी पालन गरेता पनि दुग्ध बजारिकरण भने त्यति धेरै फस्टाएको देखिँदैन उत्पादित केही दुध स्थानीय बजारमा अवस्थित केही डेरीहरु सञ्चालनमा भएतापनि अन्य घरमा नै विभिन्न किसिमले प्रयोग गरेको पाइन्छ। यद्यपी नगरपालिकामा गाई तथा भैंसी पालनमा क्रमिकरुपमा सुधार हुँदै गएको देखिन्छ ।

### ५.९.४ मासु बजारीकरण

शारदा नगरपालिकामा मासु उत्पादन उल्लेख्य रुपमा हुन सकेको देखिदैन । उत्पादनले आश्यकता अनुसारको मासु आपुर्ति गर्न सक्दैन यसको लागि मासु उपार्जन तर्फ व्यवसायिकताको खाँचो रहेको छ । नगरपालिकाको हकमा यसका मुख्य दुईवटा कारणहरु रहेका छन् जसमा आधारभूत भौतिक पूर्वाधारहरुको कमी तथा पशुपंक्षी पालन प्रयोजन व्यवसायीक नहुनु रहेका छन् । उदाहरणको लागि यस नगरपालिका बाख्राको व्यवसायीक पालनमा संभाव्य स्रोत भएकोले कृषि सडक, बिजुली, खानेपानी तथा बजार र सम्बन्धित अन्य सुविधाहरुको अभावले गर्दा बाख्रा पालनबाट मासुको व्यवसायीकरण तर्फ अपेक्षित योगदान सम्भव हुन सकि रहेको छैन । मासुको बढ्दो माग, उपभोक्ताको बढ्दो क्रयशक्ति र बजारको विकास गर्न सके मासु व्यवसायमा सुधार आउने अवस्था भने पक्का छ यसको आधार नै व्यवसायिकता हो; कृषकले वैज्ञानिक पद्धतिका खोर बनाउने देखि यसको प्रजनन, आहारा, स्वास्थ्य तथा बजार व्यवस्थापन तर्फ कृषकहरुको चासो बढिरहेको पाईन्छ ।

## ५.१० पर्यटन

शारदा नगरपालिका हरियाली पहाडी मनोरम दृश्य सेता हिमालको शिर अनि कलकल सुसाउँदै बग्ने शारदाको किनारमा रहेको छ । यस नगरपालिकामा पनि विशेष पर्यटकिय स्थलहरु नभएपनि गाउँको सुन्दर हरियाली एवं प्राकृतिक मनोरम दृश्य अवलोकनको लागी स्वदेशी पर्यटकहरु आउने गरेको पाइन्छ । तर धार्मिक एवं पर्यापर्यटनको क्षेत्रमा आवश्यक पूर्वाधारहरु जस्तैः हरितक्षेत्र निर्माण, पार्क पिकनिक स्थलहरु, सडकको पहुँच, खानेपानी, शौचालय, होटल/लज, रेष्टुरेण्ट, रिसोर्ट आदिको विकास हुन सकेको छैन । धार्मिक एवं पर्यापर्यटनको विकासका लागि निजी क्षेत्रको सक्रिय संलग्नता हुन सकेको छैन । धार्मिक एवं सांस्कृतिक र प्राकृतिकरुपले महत्वपूर्ण स्थलहरुको पहिचान र प्रचार प्रसार हुन सकेको छैन । तथापि हाल आएर केही न केही धार्मिक पर्यटन विकासका प्रयासहरु शुरु हुन थालेका छन् । यसतर्फ नगरपालिकावासी लगायत संबद्ध सरकारी एवं गैरसरकारी निकाय योजनावद्ध तरिकाले लाग्नु जरुरी छ । सुन्दर हरियाली एवं प्राकृतिक मनोरम दृष्यलाई विदेशी पर्यटक आकर्षण गरी संरक्षण, प्रचार प्रसार र व्यवस्थापन गर्न सकिएमा यहाँका जनताको जीवनस्तर माथि उठाउन मद्दत मिल्ने देखिन्छ । तसर्थ धार्मिक एवं पर्यापर्यटन विकासका लागि आवश्यक पूर्वाधारहरु योजनावद्धरुपमा निर्माण गर्दै जानु जरुरी देखिन्छ । नगरपालिकाको आर्थिक विकासमा टेवा पुऱ्याउन पर्यटन क्षेत्रमा रहेका संभाव्यताहरु निम्नानुसार रहेका छन् ।

- शारदा नदीको जल पर्यावरणीय प्रणालीको उपयोग गरी क्याम्पीङ, रिसोर्ट आदिको विकास गर्ने,
- यहाँका मुख्य धार्मि स्थलहरुलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकसित गर्न सकिने प्रशस्त संभावना रहेको छ ।

## ५.११ उद्योग

वर्तमान अवस्थामा अधिकांश दैनिक उपभोग्य सामग्री नगर क्षेत्रमै उपलब्ध भइरहेको देखिन्छ । यातायातको सहजता भएका स्थानमा भने यसको मूल्य केही सस्तो हुन्छ । नगर क्षेत्रमा रहेका अधिकांश व्यापार व्यावसाय सम्बन्धित निकायको अनुमति नलिइ सञ्चालन भइरहेका छन् । जसले गर्दा नगरपालिकाको आन्तरीक आयको ठूलो हिस्सा गुमिरहेको छ । व्यापारिक दृष्टिकोणबाट श्रीनगर, शारदा नगरपालिकाको मात्र नभई सम्पूर्ण जिल्लाकै ठूलो केन्द्रको रुपमा रहेको छ ।

नगरक्षेत्रमा विभिन्न स्थानमा केही साना उद्योगहरुमात्र रहेका छन् । उद्योगको विकास हुने वनजन्य कच्चा पदार्थ र चुनढुङ्गाको उपलब्धता भएपनि औद्योगिकरणको माहौल सिर्जना हुन सकेको छैन । दाङको तुलसीपुर र घोराही शारदा नगरपालिकाबाट नजिक हुनु र त्यहाँ पर्याप्त बजारको उपलब्धता भएका कारण लगानीकर्ताहरु त्यसतर्फ बढि अकर्षित भएको देखिन्छ । साथै लगानी गर्नसक्ने व्यक्ति र जनसंख्याको पलायनका कारण पनि उद्योग धन्दाहरु फस्टाउन सकेका छैनन् । नगरपालिकामा सञ्चालित विभिन्न साना तथा कृषिजन्य उद्योगको विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ४२ :** शारदा नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका उद्योगहरुको विवरण

| क्र.सं. | उद्योगको नाम, ठेगाना | उद्देश्य | उत्पादन हुने वस्तु | कर्मचारी संख्या |
|---|---|---|---|---|
| १ | शा.न.पा. १४, बरला | कुटान पिसान | चामल पिठो र तेल | २ |
| २ | शा.न.पा.१४, ठाडढुङ्गा | कुटान पिसान | चामल पिठो | ३ |
| ३ | शा.न.पा.१४, ढारखानी | कुटान पिसान | | १ |
| ४ | शा.न.पा.११ | कुटान, पिसान र पेलानी | चामल, पिठो र तेल | २ |
| ५ | शा.न.पा.१० | कुटान पिसान | चामल पिठो | २ |
| ६ | शा.न.पा. ७ | कुटान पिसान | चामल पिठो | १ |
| ७ | शा.न.पा. ६ | कुटान पिसान | चामल पिठो | १ |
| ८ | शा.न.पा. ६ | कुटान पिसान | चामल पिठो | १ |
| ९ | शा.न.पा. ६ | कुटान पिसान | चामल पिठो | १ |
| १० | शा.न.पा. ६ | कुटान पिसान | चामल पिठो | १ |
| ११ | शा.न.पा. ६ | कुटान पिसान | चामल पिठो | १ |
| १२ | शा.न.पा.१५, चवरगाउँ | कुटान, पिसान र पेलानी | चामल, पिठो र तेल | २ |
| १३ | शा.न.पा.१५, स्थानजिउला | कुटान पिसान | चामल पिठो | २ |
| १४ | शा.न.पा.१ | ग्रिल उद्योग | फलामबाट बन्ने सामानहरु | २ |
| १५ | शा.न.पा.१ | डेरी उद्योग | दुधजन्य उत्पादन | ३ |
| १६ | शा.न.पा.१ | कुटान पिसान र पेलानी | चामल, पिठो र तेल | १ |
| १७ | शा.न.पा. २ | छापाखाला | कागजबाट बन्ने बस्तुहरु | २ |
| १८ | शा.न.पा. २ | छापाखाला | कागजबाट बन्ने बस्तुहरु | २ |

*स्रोत : शारदा नगरपालिकाको वस्तुगत विवरण, २०७४*

## ५.१२ व्यापारिक महत्वका स्थानहरु

शारदा नगरपालिकामा जिल्लाकै व्यापारिक र प्रशासनिक महत्वका स्थानहरु रहेका छन् । जिल्ला सदरमुकाम खलंगा बजार व्यापारिक भन्दा प्रशासनिक हिसाबले बढी महत्वपूर्ण मानिन्छ भने श्रीनगर बजार व्यापारिक दृष्टिकोणबाट महत्वपुर्ण छ । श्रीनगर बजार जिल्लाकै सबैभन्दा ठूलो बजार केन्द्र पनि हो । यसबाहेक व्यापार व्यवसायको दृष्टिकोणले बरला बजार, शान्तिनगर, मार्के, साहुटोल, पिपलनेटा, दुलधारा पोखरा, रामेखोला, हिवल्चा गौरीडाँडा स्थानीय बजार, रातामाटा पेदी बजार, खैरावाङ बजार, बागखोर बजार, मिलन बजार सल्यानचौर, स्यानीखाल जस्ता बजारकेन्द्रहरु क्रमश विकासित हुँदै गरेका बजारहरु छन् ।

## ५.१३ थोक तथा खुद्रा व्यापार

विभिन्न छिमेकी गाउँपालिका/नगरपालिकामा कृषि उपजहरु यस नगरबाट निर्यात हुने साथै आवश्यक दैनिक उपभोग्य सामाग्रीहरु यहाँ आयात हुने गरेको छ। खुद्रा व्यापार अन्तर्गत चामल, पिठो, तेल, तरकारी, फलफुल, गेडागुडी तथा मसला आदिको व्यापार हुने गरेको छ भने अन्य व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरेको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत केही मात्रामा बिक्री वितरण हुने गरेको पाइन्छ।

तालिका नं. ४३ : नगरपालिकामा संचालनमा रहेका पसल कवलहरु

| क्र.सं. | पसल/कवल/संस्थाको किसिम | जम्मा संख्या | क्र.सं. | पसल/कवल/संस्थाको किसिम | जम्मा संख्या |
|---|---|---|---|---|---|
| १ | जुत्ता, चपल पसल | १७ | ३० | इट्टा डिपो | २ |
| २ | फोटो स्टुडियो | १८ | ३१ | कम्प्युटर सोरुम | १ |
| ३ | किराना पसल | ६६ | ३२ | पोलिक्लिनिक | २ |
| ४ | मोबाइल पसल | २२ | ३३ | आर्ट व्यवसाय | ४ |
| ५ | चम्चा पसल | ४ | ३४ | बंगुर पालन व्यवसाय | ३ |
| ६ | कपडा पसल | ४० | ३५ | कोल्ड स्टोर | ३ |
| ७ | खाजा तथा चिया पसल | २४ | ३६ | टि.भि शोरुम | २ |
| ८ | मदिरा पसल | २६ | ३७ | ग्यास डिलर | ६ |
| ९ | पुस्तक पसल | १५ | ३८ | सैलुन | ४ |
| १० | फोटोकपि पसल | २१ | ३९ | प्लाष्टिक भाँडा | ८ |
| ११ | मनि ट्रान्सफर | ११ | ४० | टेन्ट हाउस | १ |
| १२ | सहकारी संस्था | १९ | ४१ | कार्पेट पसल | ३ |
| १३ | बैंक | ७ | ४२ | हार्डवेयर | १२ |
| १४ | सुन पसल | २० | ४३ | गिफ्ट पसल | ४ |
| १५ | भेटनरी | ८ | ४४ | जुस उद्योग | २ |
| १६ | औषधि पसल | १२ | ४५ | ग्रिल उद्योग | ५ |

| क्र.सं. | पसल/कवल/संस्थाको किसिम | जम्मा संख्या |
|---|---|---|
| १७ | तरकारी तथा फलफुल पसल | १४ |
| १८ | बिमा कम्पनि | ६ |
| १९ | कला केन्द्र | १ |
| २० | पेट्रोल पम्प | २ |
| २१ | बेकरी उद्योग | १ |
| २२ | मासु पसल | १५ |
| २३ | फर्निचर | ५ |
| २४ | साइकल तथा मोटरसाइकल मर्मत | ११ |
| २५ | टेलर्स | ११ |
| २६ | होटल व्यवसाय | २३ |
| २७ | भाँडा पसल | १३ |
| २८ | म्यानपावर कम्पनि | २ |
| २९ | कस्मेटिक पसल | १८ |

| क्र.सं. | पसल/कवल/संस्थाको किसिम | जम्मा संख्या |
|---|---|---|
| ४६ | छापाखाना | २ |
| ४७ | लघुवित्त संस्था | ६ |
| ४८ | माटोको भाँडो पसल | ७ |
| ४९ | खाद्यन्न स्टोर | ७ |
| ५० | चाउमिन उद्योग | १ |
| ५१ | सिनेमा हल | १ |
| ५२ | राइसमिल | १ |
| ५३ | इलेक्ट्रिकल र इलेक्ट्रोनिक पसल | ८ |
| ५४ | पार्लर | ६ |
| ५५ | कानून व्यवसायि र परामर्श सेवा | ६ |
| ५६ | निर्माण सामाग्री सप्लायर्स | २ |
| ५७ | दुध डेरी | १ |
| | **जम्मा** | **५६२** |

*स्रोत : शारदा नगरपालिकाको वस्तुगत विवरण, २०७४*

### ५.१३.१ ढुवानी तथा भण्डार व्यवस्था

नगरपालिका क्षेत्रभित्र उत्पादित मालसामानहरू नगरपालिकाको एक ठाँउबाट अर्को ठाउँमा पुऱ्याउन ढुवानी साधनको रुपमा, ट्रक, ट्याक्टर, बस, जिप आदि रहेका छन्। नगरपालिकाको विकट क्षेत्रमा सडकको स्तर राम्रो नभएका क्षेत्रहरुमा ढुवानी गर्न समस्या भएको पाइन्छ। कतिपय ठाउँहरूमा विभिन्न खोलाहरूमा पुल नभएका कारण आवागमनको समेत समस्या रहेको सन्दर्भमा मालसामान ढुवानी गर्ने समस्या झन टड्कारोरुपमा रहेको छ। नगरपालिकाको आन्तरिक ढुवानी प्रणालीलाई सुदृढ गर्न विभिन्न खोला तथा नदीहरुमा पुल निर्माण र सडक संजालहरूको स्तर उन्नती गर्नुपर्ने देखिन्छ ।

### ५.१३.२ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति

नगरपालिकामा कृषिजन्य कच्चा पदार्थहरूमा धान, गहुँ, मकै, पशु, कुखुरा, फलफुल, काष्ठजन्य र निर्माणजन्य आदि प्रमुख छन्। यहाँ उपलब्ध स्रोत तथा कच्चा पदार्थको सही सदुपयोग हुन नसकेको पाइन्छ । व्यापारको प्रकृति अनुसार खाद्यान्न धान, गहुँ, मकै तथा काष्ठजन्य वस्तुहरु व्यापारीहरूले अन्य नगरपालिकाहरुबाट आयात तथा निर्यात गर्ने गरेको पाइन्छ ।

## ५.१४ अन्य आर्थिक विकासका सम्भावनाहरू

नगरपालिकामा आर्थिक विकास अन्तर्गत कृषि, साना उद्योग, पशुपालन, व्यवसाय र विकल्पमा बैदेशिक रोजगार लगायत थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन्।

समग्रमा यस नगरपालिकाको ग्रामीण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या अझै उच्च रहेको छ। नगरपालिकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, मसला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकता अनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

भूमिको वैज्ञानिक र व्यवस्थित प्रयोगको कमीले माटोको उर्वराशक्ति क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वरा शक्ति बढाई वातावरणीय सन्तुलन कायम गर्न सकेमा भावी पुस्ताको लागि दिगो विकासका आधारमा हाम्रा वासस्थानहरुलाई सुरक्षित राख्न सकिनेछ ।

नगरपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई व्यावसायिक रुपमा विस्तार गरी यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र नगरपालिकाको आयमा वृद्धि गर्न सकिने सम्भावना देखिन्छ।

यस नगरपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणीय मित्रवत प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

नगरपालिकाले ओगटेका वन क्षेत्रहरुमा सालको वन, खयर, सियौ, पाइन, चिर लगायत उच्च स्थानहरुमा, गुँरास, धुपी, निगालो, बेतवाँस, त्यसैगरी कटुस, चिलाउने, काफल, चौतारी लगायत उच्च व्यवसायिक महत्वका वनस्पति प्रजातियुक्त वन क्षेत्र हुनु, वन क्षेत्रको पुनरुत्पादन दर राम्रो हुनाले गर्दा वनको वैज्ञानिक व्यवस्थापन मार्फत् जीविकोपार्जनमा टेवा पुऱ्याउन र राजश्वमा वृद्धि गर्न सकिने अवस्था रहेको छ । यसका अलावा जैविक विविधता संरक्षण प्रवर्द्धन, पर्यटनमार्फत् समेत आर्थिक विकासमा उपयोग गर्न सकिने अवस्था छ ।

नगरपालिकाका सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जस्तै अमला, चुत्रो, सुगन्ध कोकिला, भ्याउ, सजिवन, सुगन्धवाल वर्रो, हर्रो, कुरिलो, तितेपाती, गुराँस, बोझो, टिमुर, रिठ्ठा, ठुलो ओखती, जटामसी, यार्सागुम्बा, पाँचऔंले, चिराइतो जस्ता जडिबुटीको खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारमुखी गर्न सकेमा सो क्षेत्रको आर्थिक

उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ। शारदा नदी यस क्षेत्रको सुन्दरता थप्ने नदी हो । वृहत योजनाका साथ यस क्षेत्रलाई पर्यटनको राम्रो संभावना भएका कारण आकर्षणको केन्द्रको रुपमा विकसित गर्न सकिन्छ ।

नगरपालिकामा बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस नगरपालिकाका युवाहरूलाई व्यावसायिक तथा सिपमुलक तालिम प्रदान गरी दक्ष जनशक्ति सिर्जना गर्न सकेमा नगरपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने सम्भावना देखिन्छ।

## ५.१५ खानीको स्रोत र उपयोगको स्थिति

शारदा नगरपालिकाको खानी सम्बन्धी सम्भाव्यता हेर्दा स्लेट खानी, ढुङ्गा खानी, बालुवा खानी, ग्राभेल खानी को प्रसस्त संम्भावना देखिएको छ । त्यसैले वातावरणीय र पर्यावरणीय अध्ययन गरेर उक्त क्षेत्रमा उत्खनन् सम्बन्धी काम हुन सक्ने सम्भावना देखिन्छ। नगरपालिकामा उपलब्ध हुने अन्य कच्चा पदार्थमा रोडा, ढुंगा, बालुवा आदि प्रशस्त मात्रामा पाइन्छ । त्यसैले नगरपालिकामा रहेको संम्भावना पहिल्याएर विभिन्न प्राकृतिक श्रोत, साधन र खनिजको प्रशोधन गरी उद्योगको विकास तथा अर्थतन्त्र बलियो सम्भावना देखिन्छ ।

तालिका नं. ४४ : शारदा नगरपालिकामा पाइने खनिज पदार्थ सम्बन्धि विवरण

| क्र.सं. | खनिज पदार्थको नाम | पाइने स्थान | कैफियत |
|---|---|---|---|
| १ | छाना छाउने स्लेट | मार्के, सैजवाल टाकुरा, खलंगा | |
| २ | भाँडा वर्तन बनाउने माटो | मार्के | |
| ३ | बालुवा, ढुङ्गा, रोडा | शारदा नदी | |
| ४ | चुनढुङ्गा | कजेरी | |

*स्रोत: शारदा नगरपालिकाको बस्तुगत विवरण २०७४*

## ५.१६ नगरपालिकाको अर्थतन्त्रको विशिष्टिकरण

नगरपालिकाको अर्थतन्त्रमा वनपैदावार र प्राकृतिक सम्पदाको संरक्षण गरी सतह तथा भूमिगत सिंचाइमा आधारित दिगो कृषि प्रणालीलाई नै मेरुदण्डको रुपमा लिन सकिन्छ। साथै यो नगरपालिकामा आधारभूत भौतिक पूर्वाधारहरु जस्तै सडक, सञ्चारको विकास गर्न सके पर्यटनको विकास सम्भव देखिन्छ। कृषी, पशु एवम् वनजन्य कच्चा पदार्थको उपलब्धताले नगरपालिकाका सबैजसो वडाहरुमा सडक, विजुली, पानी लगायत आधारभूत औद्योगिक पूर्वाधारको विकास क्रमश गर्न सके शारदा नगरपालिकामा कृषि, पशु, वन लगायतको उद्योगका साथै शैक्षिक र औषधीय पर्यटन (Medical tourism) समेतको विकासको सम्भावना रहेको छ। अर्थतन्त्रका यिनै विशिष्ट क्षेत्रहरूमा नगरपालिकाको विशिष्टता एवं प्राथमिकता केन्द्रित गर्नु उपयुक्त देखिन्छ।

## ५.१७ बैंक तथा वित्तीय संस्थाहरु

नगरपालिकामा उद्योग र व्यापारमा लगानी गर्न स्थानीय स्तरका बैंक तथा अन्य राष्ट्रिय स्तरका बैंकहरु मार्फत कर्जा लगानी हुने गरेको देखिन्छ। यसबाहेक नगरपालिकामा संचालित वित्तिय कारोवार गर्न सहकारी संस्थाहरुले कर्जा उपलब्ध गर्दै आएका छन् भने नगरपालिकाबासीहरुसँग रहेको रकमलाई निक्षेपको रुपमा स्वीकार गरी बचत पनि गर्दै आएका छन्। यसै अनुसार नगरपालिकामा हालसम्म ८ वटा बैकहरु सञ्चालनमा रहेका छन् जसको विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ४५ :** नगरपालिकामा रहेका बैंक तथा वित्तीय संस्थाको विवरण

| क.सं. | बैक तथा वित्तिय संस्थाहरु | स्थान |
|---|---|---|
| १ | नेपाल बैंक लिमिटेड | शा.न.पा २ |
| २ | कुमारी बैंक लिमिटेड | शा.न.पा २ |
| ३ | कृषि विकास बैंक | शा.न.पा १ |
| ४ | सिभिल बैंक | शा.न.पा १ |
| ५ | लक्ष्मी बैंक | शा.न.पा १ |
| ६ | माछापुच्छ्रे बैंक | शा.न.पा १ |
| ७ | नेपाल बंगलादेश बैंक लिमिटेड | शा.न.पा १ |
| ८ | मध्य पश्चिम ग्रामिण बैंक | शा.न.पा १ |

*स्रोत: शारदा नगरपालिकाको बस्तुगत विवरण २०७४*

## ५.१८ सहकारी संस्थाको विवरण

नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ। सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई नगरपालिका बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका छन्। सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ। यसलाई सहज र व्यवस्थित ढङ्गबाट सञ्चालन हुन सक्ने वातावरणको सिर्जना गरी स्थानीय निकायलाई बलियो बनाउदै नगरपालिकाका जनतालाई सहकारी संस्थाले प्रधान गर्ने सेवा सुविधाको पहुँच सहजीकरण गर्न सकिएको खण्डमा नगरपालिकाको विकासमा टेवा पुग्ने देखिन्छ।

**तालिका नं. ४६ :** नगरपालिकाका विभिन्न स्थानमा रहेका सहकारी संस्थाहरु

| क.सं. | सहकारी संस्थाको नाम | ठेगाना | प्रकार/उद्देश्य | सदस्य संख्या |
|---|---|---|---|---|
| १ | शारदा बचत तथा ऋण सहकारी संस्था लि. | वडा नं. १ | बचत तथा ऋण | ३०५ |
| २ | ग्रामिण महिला तथा बचत ऋण सहकारी संस्था लि. | वडा नं. २ | बचत तथा ऋण | ६०० |
| ३ | महिला आय आर्जन बचत तथा ऋण सहकारी संस्था. | वडा नं. २ | बचत तथा ऋण | ३६० |
| ४ | महिला उत्थान केन्द्र | वडा नं. २ | बचत तथा ऋण | २१८२ |
| ५ | सृजनशिल सहकारी संस्था. | वडा नं. २ | बचत तथा ऋण | ३०० |

| क्र.सं. | सहकारी संस्थाको नाम | ठेगाना | प्रकार/उद्देश्य | सदस्य संख्या |
|---|---|---|---|---|
| ६ | द्वारिका बचत तथा ऋण सहकारी संस्था लि. | वडा नं. ३ | बचत तथा ऋण | ९४ |
| ७ | चेतना सहकारी संस्था. | वडा नं. ३ | बचत तथा ऋण | ३०० |
| ८ | जागृती बचत तथा ऋण सहकारी संस्था लि. | वडा नं. ४ | बचत तथा ऋण | ३०० |
| ९ | सुनखानी सहकारी संस्था लि. | वडा नं. ४ | बचत तथा ऋण | ५० |
| १० | बरला कृषि बहुउद्देशिय सहकारी संस्था लि. | वडा नं. ६ | बचत तथा ऋण | १९९ |
| ११ | सौभाग्य लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. | वडा नं. ६ | बचत तथा ऋण | २०० |
| १२ | कृषि सहकारी संस्था लि. | वडा नं. ६ | बचत तथा ऋण | ३५ |
| १३ | महिला जागृती बचत तथा ऋण सहकारी संस्था. | वडा नं. १२ | खाद्यान्न बिउ उत्पादन | २५ |
| १४ | जनआश्रित एकिकृत कृषि समूह. | वडा नं. १२ | खाद्यान्न बिउ उत्पादन | २५ |
| १५ | कृषि सहकारी संस्था माल्नेटा. | वडा नं. १४ | कृषि उत्पादन | ३० |
| १६ | सूर्यमुखी सहकारी संस्था लि. | वडा नं. १४ | बचत तथा ऋण | २५ |
| १७ | प्रतिभा बहुउद्देश्यीय सहकारी संस्था लि. | वडा नं. १५ | बचत तथा ऋण | ४९ |

*स्रोत: शारदा नगरपालिकाको बस्तुगत विवरण २०७४*

## ५.१९ संघ संस्था तथा विभिन्न समूहहरु

यस नगरपालिकामा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले समुदायमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आफ्ना कार्यक्रमहरु संचालन गरिरहेका छन्। यहाँ रहेका सरकारी संस्थाहरु क्रमशः नगरपालिका कार्यालय, स्वास्थ्य चौकी, इलाका हुलाक, अतिरिक्त हुलाक, इलाका प्रहरी, वन कार्यालय, कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र आदि रहेका छन्। यसका अतिरिक्त नगरपालिकामा विभिन्न समूहहरु, युवा क्लबहरु, नागरिक समाज, राजनितिक दलहरु क्रियाशिल रहेका छन्।


**तालिका नं. ४७ :** गैर सरकारी संस्थाहरुको विवरण

| सि.न. | संस्थाको नाम, ठेगाना | स्थापना वर्ष | विषयगत क्षेत्र | कार्यक्षेत्र | कर्मचारी संख्या ( महिला/पुरुष) |
|---|---|---|---|---|---|
| १ | ग्रामीण महिला उत्थान केन्द्र | | महिला सशक्तिकरण, सिपमुलक आय आर्जन, महिला स्वास्थ्य | कुपिण्डेदह, थारमोर, माझकाँडा | ३/१ |
| २ | दिगो विकासका लागि पास नेपाल | | स्वास्थ्य तथा सरसफाइ, कृषि | जिल्लाको २२ गा.वि.स हरु | ५५/५० |
| ३ | नागरिक सरोकार मञ्च, नेपाल | | पिछडिदिएको महिला तथा बालबालिकाको स्वास्थ्य तथा सरसफाइ | | ७/१ |
| ४ | दलित विकास समाज नेपाल | २०५२ | दलित सशक्तिकरण र मुल प्रवाहिकरण | जिल्ला भरी | १५/१६ |
| ५ | पार्ड नेपाल | २०६१ | | १५ वटा गा.वि.स | २/६ |

*स्रोत: शारदा नगरपालिकाको बस्तुगत विवरण २०७४*

# खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार

## ६.१ यातायात




**नक्सा नं ११:** नगरपालिकाको सडक सञ्जाल

## (क) सडक सञ्जाल

तालिका नं. ४८ : नगरपालिकाको सबै वर्गका सडक सञ्जाल सम्बन्धी विवरण

| "क" वर्गका सडक | | | |
|---|---|---|---|
| सडकको कोड | सडकको नाम | लम्बाई (कि.मी) | अधिकार क्षेत्र (मि.) |
| 455M01A001 | श्रीनगर-मार्के-सिमखर्क सडक | १२.६८ | २५ |
| "ख" वर्गका सडकहरु | | | |
| 455M01B001 | खैरावाङ-हिवल्चा-नयागाउँ-सुनचौर-ढिरुवा सडक | ३८.०९ | २० |
| 455M01B002 | रेशम ज्युला-सल्लेरी सडक | १९.०८ | २० |
| 455M01B003 | थापागाउँ-दौडेडाँडा सडक | ६.०४ | २० |
| 455M01B004 | काँके-लाखुडाँडा सडक | ७.५२ | २० |
| 455M01B005 | बरला-ढारखानी-बरला हर्ले सडक | १५.४३ | २० |
| 455M01B006 | खत्री पोखरी - सुनटाकुरा सडक | १३.५२ | २० |
| 455M01B007 | अत्तरकाँडा-मुलगाउँ सडक | ५.०४ | २० |
| "ग" वर्गका सडकहरु | | | |
| 455M01C001 | धाउन्ने ओडार-स्याला-अमलापानी सडक | ६०६७ | १५ |
| 455M01C002 | चौरगाउँ-रोटेपानी सडक | ३.०८ | १५ |
| 455M01C003 | चौरगाउँ-राउतेगाउँ-लेखगाउँ-बाघमारे सडक | १.४६ | १५ |
| 455M01C004 | स्यानो डाँग्री-तिमिले सडक | ४.८३ | १५ |
| 455M01C005 | ठूलो डाँग्री-मुलडाँडा सडक | ५.११ | १५ |
| 455M01C006 | मुलडाँडा-अमराई टाकुरा-राप्ती राजमार्ग सडक | २.१५ | १५ |
| 455M01C007 | अमराई टाकुरा-रातेखोली सडक | २.८५ | १५ |
| 455M01C008 | रोतोखोला गाउँ-हलचौर-पोखराडाँडा सडक | ३.१४ | १५ |
| 455M01C009 | साहुटोल-तल्लो साईलाकम्द सडक | ३.९७ | १५ |
| 455M01C0010 | राप्ती राजमार्ग-श्रीनगर दारिमचौर | ३.१९ | १५ |
| 455M01C0011 | बाहुन टोल-अस्वा सडक | ३.५३ | १५ |
| 455M01C0012 | भुवनेश्वरी-डाँडासिम-कफाली डाँडासिम लेक सडक | ३.२५ | १५ |
| 455M01C0013 | बाँसखोला गाउँ-वरगाउँ-मार्के सडक | ३.७२ | १५ |
| 455M01C0014 | कातिगाउँ-मार्के-शनिबजार-जुगेनाखोला गाउँ सडक | ८.११ | १५ |
| 455M01C0015 | आरा-जुगेपत्ला-मार्के सडक | ३.९७ | १५ |
| 455M01C0016 | जलुके-ठुलोखोलागाउँ-वाल्ले खर्क सडक | २.५१ | १५ |
| 455M01C0017 | साउने-लामाडाँडा-हिवल्चा सडक | २.९३ | १५ |
| 455M01C0018 | भंगारचौर-मार्के-कातिगाउँ जोड्ने सडक | ४.०३ | १५ |
| 455M01C0019 | बाहुनचौर-मदमकाँडा-चरीखुट्टे सडक | १.९२ | १५ |
| 455M01C0020 | बाहुनचौर-मदमकाँडा-चरीखुट्टे सडक | २.७५ | १५ |

*स्रोत: शारदा नगरपालिकाको बस्तुगत विवरण २०७४*

नगर यातायात गुरुयोजना अनुसार शारदा नगरपालिका क्षेत्रभित्र रहेका सडकहरुको कुल लम्बाई ४७७.२८ कि.मि. रहेका छ जसमा २७.४९ कि.मि. मात्र कालोपत्रे रहेका छ भने २.०६ कि.मि. ढलान, ३४.४३ कि.मि. ग्राभेल र ४१४.३० कि.मि धुले सडक रहेका छन् । त्यसैगरी सम्पूर्ण सडकहरुलाई क, ख, ग र घ गरी ४ वटा वर्गहरुमा वर्गीकरण गरिएको छ । जसअनुसार "क" वर्गमा १ वटा, "ख" वर्गमा ७ वटा, "ग" वर्गमा २० वटा र अन्य सम्पूर्ण सडकहरु "घ" वर्गमा राखिएको छ । "क", "ख", "ग" र "घ" वर्गमा पर्ने सडकहरुको चौडाइ क्रमशः २५ मि., २० मि., १५ मि र १० मिटर राखिएको छ । यसरी नगरपालिकामा हाल प्रयोगमा रहेका सडकहरु जतिसुकै चौडाईको भएपनि नगर यातायात गुरुयोजनाले निर्धारण गरेको चौडाइ अनुसार मात्र भविष्यमा हुने सडक मर्मत तथा स्तरोन्नती हुने देखिन्छ ।

सडकको घनत्वको विश्लेषण गर्दा कि.मि प्रति वर्ग कि.मि र कि.मि. प्रति १००० जनसंख्याको आधारमा गरिएको छ । कि.मि. प्रति वर्ग कि.मि को आधारमा सबभन्दा बढि सडक घनत्व वडा नं. ८ मा र सबभन्दा कम घनत्व वडा नं ९ मा रहेको छ । त्यसैगरी कि.मि.प्रति १००० जनसंख्याको अधारमा सबभन्दा बढि घनत्व वडा नं १० मा रहेको छ भने सबभन्दा कम घनत्व वडा नं ७ मा रहेको छ । सार्वजनिक सवारी साधनको पहुँचको हिसाबले सबभन्दा सुगम वडा नं. २ रहेको छ जसमा सबभन्दा नजिकको बस बिसौनी पुग्न सरदर ८ मिनेट लाग्छ भने सबभन्दा टाढा वडा नं ८ रहेको छ जसमा नजिकको बस बिसौनी पुग्न सरदर ४५ मिनेट लाग्छ ।

### (ख) यातायात सेवा

कुनै पनि क्षेत्रको आर्थिक सामाजिक विकासकालाई गतिशिल बनाउन सार्वजनिक वस्तु तथा सेवा प्रवाहलाई सरल र सहज बनाउन कृषि तथा गैर कृषि क्षेत्रको विकास गर्न यातायात एउटा महत्वपूर्ण पुर्वाधारको रुपमा रहेको हुन्छ ।

यस शारदा नगरपालिकाका सबै क्षेत्रहरूमा बाह्रै महिना चल्ने सडक सञ्जाल विस्तार हुन सकेको देखिँदैन । नगरपालिकामा उत्पादित विभिन्न कृषि उपजहरू जस्तै खाद्यान्न, तरकारी, तेलहन, दलहन, फलफूल, दुग्ध उत्पादनहरुलाई नगरपालिकाका सबै वडाहरुमा बाह्रै महिना सवारी साधन चल्ने सडकको सुविधा नभएकाले उत्पादित वस्तुलाई बजार सम्म पुर्‍याउन कठिनाई भएको देखिन्छ। नगरपालिकाका सबै वडाहरुमा बाह्रै महिना सवारी साधन चल्ने सडकको विस्तार नभएकोले आन्तरिक यातायातको भरपर्दो सुविधा नभएको हुँदा नगरपालिका बासीहरुलाई समयमै आवश्यक उपचार तथा औषधिको सेवा र बजारमा पहुँच पुर्‍याउन सकिएको छैन। नगरपालिकामा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ। नगरपालिकामा ट्रेक्टर, जिप, बस, ट्रक, मोटरसाइकलहरूको समेत उपयोग गरिएको देखिन्छ। नगरपालिकाका सबै वडाहरूमा बाह्रै महिना सुचारु हुने गरी सडकमार्गहरूको स्तर उन्नति गर्नुपर्ने देखिन्छ ।

सडक यातायताको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी साधन पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनी सम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रुपमा विकास गर्नु पर्ने देखिन्छ।

## ६.२ संचार

सन् १९९० सालसम्म संचार माध्ययमहरु सिमित थिए । हाल पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग अत्यधिक मात्रामा बढ्दै गएको छ । शारदा नगरपालिकामा एफ.एम र रेडियो नेपाल लगायत विभिन्न

स्टेसनहरु जिल्ला तथा केन्द्रबाट सिधा प्रशारण भएको सुन्न सकिन्छ। नगरपालिकामा नेपाल टेलिकम र एनसेल दुवैको 3G Network सेवा नगरपालिका सबै वडाहरूमा उपलब्ध हुन सकेको छैन।

### ६.२.१ टेलिफोन/मोबाइल

सञ्चार प्रणालीको विवेचना गर्दा यस नगरपालिकाका सबै वडाहरुमा सिडिएमए, एडिएसएल, मोबाइल, आदि सेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले उपलब्ध गराएको देखिन्छ। ग्रामिण क्षेत्रहरुमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुऱ्याउन प्राविधिक कठिनाइको साथै, बढी खर्चिलो हुने देखिएकोले त्यस्ता स्थानहरूमा वायरलेस प्रणालीबाट सेवा पुऱ्याउनु पर्ने देखिन्छ साथै सबै वडाहरूमा टेलिफोन नेटवर्क सेवाको स्तर उन्नति गर्नुपर्ने देखिन्छ।

### ६.२.२ हुलाक सेवा

नगरपालिकामा आधा शताब्दी देखि सञ्चार क्षेत्रमा सेवा पुऱ्याइरहेको हुलाक सेवा हाल नगरपालिकाका विभिन्न वडाहरुमा कार्यरत छन्। नगरपालिकाभित्र र नगरपालिका बाहिर एवम् विदेशमा समेतले हुलाक सेवा प्रदान गरिरहेको छ। हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन्। यद्यपी संचार माध्यमहरु र यातायातको तीब्र र उच्च विकासले हुलाक प्रयोगकर्ताहरुको संख्या क्रमश घट्दै गइरहेको छ।

### ६.२.३ एफ. एम स्टेसन तथा पत्रपत्रिका सम्बन्धी विवरण

यस नगरमा प्रसारण हुने स्थानीय एफ.एम.हरुमा शारदा एफ.एम, राप्ती एफ.एम, रेडियो सल्यान, तहल्का एफ. एम, गाउँवेशी एफ.एमहरु रहेका छन् भने अन्तर्राष्ट्रिय स्तरका बीबीसी नेपाली सेवा तथा राष्ट्रिय स्तरका रेडियो नेपाल, कान्तिपुर पनि प्रसारण हुने गरेको पाईन्छ। जुन सुविधाबाट यस नगरका वासिन्दाले प्रत्यक्ष लाभ लिइरहेको पाइन्छ।

नगरमा प्रकाशित हुने स्थानिय सल्यान सन्देश दैनिक तथा केन्द्रबाट प्रकाशित हुने सबैजसो दैनिक अखबारहरु, साप्ताहिकहरु र मासिक पत्रिकाहरु (गोरखापत्र, कान्तिपुर दैनिक, नागरिक दैनिक, नेपाल समाचार पत्र, राजधानी दैनिक, अन्नपूर्ण पोष्ट, नयाँ पत्रिका आदि) बाट समेत नगरका केहि क्षेत्रका बासीन्दाले मात्र लाभ लिन सकेका छन् भने ग्रामिण भेगमा तथा भौतिक पूर्वाधारको कमि भएको ठाउँमा पत्रपत्रिका पुग्न सकेको छैन।

**तालिका नं. ४९ :** एफ. एम स्टेसन सम्बन्धी विवरण

| क्र.सं. | एफ एम/पत्रपत्रिकाको नाम | कार्यालय रहेको स्थान | सम्पादक/प्रमुखको नाम/सम्पर्क | व्यवसायिक/सामुदायिक | कैफियत |
|---|---|---|---|---|---|
| १ | शारदा एफ एम | शा.न. पा. २ | प्रतिक शर्मा | | |
| २ | राप्ति एफ एम | शा.न. पा. २ | रमेश गौतम | | |
| ३ | रेडियो सल्यान | शा.न. पा. २ | प्रकाश भण्डारी | | |
| ४ | तहल्का एफ एम | शा.न. पा. २ | डिल्ली रावत | | |
| ५ | गाउँवेशी एफ एम | | | | |
| ६ | सल्यान सन्देश दैनिक पत्रिका | | सालिकराम शर्मा | | नेपाल पत्रकार महासंघका सल्यान अध्यक्ष |

*स्रोत: शारदा नगरपालिकाको बस्तुगत विवरण २०७४*

# ६.३ विद्युत

## ६.३.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण


यस शारदा नगरपालिकाका सबै वडाहरुमा विद्युत मर्मत संभार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ । राष्ट्रिय जनगणना २०६८ (सन् २०११) को नजिता अनुसार दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा विद्युत प्रमुख स्रोतको रुपमा रहेको देखिन्छ ।

**तालिका नं. ५० :** बत्ती बाल्न प्रयोग गरिने श्रोत

| वडा नं. | बिजुली | मट्टितेल | गोबरग्याँस | सोलार | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ८०८ | ९० | १ | ६ | ९ | ६ | ९२० |
| २ | ५७२ | २७ | १ | १ | २३ | ४३ | ६६७ |
| ३ | ३०५ | ४६ | ० | ० | ३ | २ | ३५६ |
| ४ | २१५ | ८० | ० | ६ | ३२ | १ | ३३४ |
| ५ | २७१ | १६१ | २ | १ | २ | ५ | ४४२ |
| ६ | ३१४ | २१० | ० | ५ | ३४ | ३२ | ५९५ |
| ७ | ० | २२२ | ० | १०४ | १३७ | ७ | ४७० |
| ८ | १९१ | १४० | ० | ० | ६६ | १ | ३९८ |
| ९ | १०४ | १४४ | ० | १०४ | ८० | २ | ४३४ |
| १० | १२५ | ३३ | ० | ४१ | २१६ | १ | ४१६ |
| ११ | १५२ | १८० | ० | ७९ | ६१ | ४ | ४७६ |
| १२ | २१६ | १०० | ० | १९ | ९७ | २ | ४३४ |
| १३ | २८ | २३६ | ० | १२७ | ५९ | १४ | ४६४ |
| १४ | २८४ | ११८ | ० | ३ | ४७ | १ | ४५३ |
| १५ | १८९ | १९८ | ० | ५७ | ८८ | ० | ५३२ |
| जम्मा | ३,७७४ | १,९८५ | ४ | ५५३ | ९५४ | १२१ | ७,३९१ |
| प्रतिशत | ५१.०६ | २६.८६ | ०.०५ | ७.४८ | १२.९१ | १.६४ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

नगरपालिकामा बत्ती बाल्न विद्युत प्रयोग गर्नेको घरधुरी संख्या ३,७७४ (५१.०६ प्रतिशत) रहेको छ । त्यस्तै नगरपालिकाका कुल घरधुरीको १९८५ (२६.८६ प्रतिशत) ले मट्टितेल, ५५३ (७.४८ प्रतिशत) ले सोलार र ४ (०.०५ प्रतिशत) घरधुरीले गोबर ग्याँसको प्रयोग गरेको देखिन्छ । त्यसैगरी अन्य श्रोत प्रयोग गर्ने ९५४ ( १२.९१ प्रतिशत) देखिन्छ भने उल्लेख नभएको १२१ (१.६४) रहेको देखिन्छ । त्यस्तै वडागतरुपमा सबैभन्दा बढी विद्युतको प्रयोग गर्ने वडा नं. १ रहेको देखिन्छ भने वडा नं ७ मा विद्युत प्रयोगकर्ता ० भएको देखिन्छ । जसको विस्तृत विवरण माथिको तालिकामा र तल स्तम्भमा देखाइएको छ ।




## ६.३.२ पछिल्लो तथ्याङ्कअनुसार नगरपालिकामा विद्युतिकरणको अवस्था

**तालिका नं. ५१ :** विद्युतिकरणको अवस्था

पछिल्लो घरधुरी सर्वेक्षण अनुसार नगरपालिकाको ५ वटा वडाहरुमा पूर्ण रुपमा विद्युतको पहुँच रहेको छ भने ५ वटा वडाहरुमा आंशिक रुपमा र बाँकी ५ वटा वडाहरुमा विद्युत पुगेको अवस्था देखिदैन । सल्यान जिल्लामा हालसम्म कुनैपनि ठूला किसिमका विद्युत आयोजनाहरु सञ्चालनमा रहेका छैनन् भने शारदा नगरपालिका भित्र माइको हाइड्रो समेत सञ्चालनमा छैन । नगर क्षेत्रको विद्युतिकरणको अवस्थालाई यसरी दर्शाइएको छ ।

**तालिका नं. ५२ :** विद्युतिकरणको अवस्था

| वडा नं. | विद्युतिकरणको अवस्था | कैफियत |
|---|---|---|
| १ | पूर्ण रुपमा पुगेको | |
| २ | पूर्ण रुपमा पुगेको | |
| ३ | पूर्ण रुपमा पुगेको | |
| ४ | पूर्ण रुपमा पुगेको | |
| ५ | पूर्ण रुपमा पुगेको | |
| ६ | आंशिक रुपमा पुगेको | साविकको कजेरी गा.वि.स वडा नं ८ मा आंशिक रुपमा पुगेको । वडा नं. ४-७ पुगेको छैन । |
| ७ | पुगेको छैन | |
| ८ | - | |
| ९ | - | |
| १० | - | |
| ११ | - | |
| १२ | आंशिक रुपमा पुगेको | साविक स्यानिखाल गा.वि.स वडा नं १, २ र ९ मा पूर्ण रुपमा पुगेको, वडा नं. ८ मा पुगेको छैन |
| १३ | आंशिक रुपमा पुगेको | साविक स्यानीखाल गा.वि.स वडा नं ५ र ६ मा पुगेको छैन भने ७ मा आंशिक |
| १४ | आंशिक रुपमा पुगेको | साविक डाँडागाउँ गा.वि.स वडा नं ७ र ८ मा पुगेको छैन भने वडा नै ६ र ९ मा पूर्ण रुपमा पुगेको |
| १५ | आंशिक रुपमा पुगेको | साविक डाँडागाउँ वडा नं १ हरेलमा पुगेको छैन भने वडा नं. ४ मा पूर्ण रुपमा पुगेको र वडा नं २, ३ र ५ मा आंशिक रुपमा मात्र पुगेको |

*स्रोत: शारदा नगरपालिकाको बस्तुगत विवरण २०७४*


### ६.३.३ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

**तालिका नं. ५३ :** खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

| वडा नं. | काठ/दाउरा | मटीतेल | एल.पी. ग्यांस | कुइठा /ठोहरा | बिजुली | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ७२० | ७ | १८५ | ० | २ | ० | ६ | ९२० |
| २ | ४२२ | ६ | १८९ | १ | ० | ६ | ४३ | ६६७ |
| ३ | २६० | १ | ८५ | ० | १ | ७ | २ | ३५६ |
| ४ | ३०२ | १ | ३० | ० | ० | ० | १ | ३३४ |
| ५ | ४३२ | ० | ५ | ० | ० | ० | ५ | ४४२ |
| ६ | ५५३ | ८ | २ | ० | ० | ० | ३२ | ५९५ |
| ७ | ४५० | १० | १ | ० | ० | ० | ९ | ४७० |
| ८ | ३९४ | २ | १ | ० | ० | ० | १ | ३९८ |
| ९ | ४३२ | ० | ० | ० | ० | ० | २ | ४३४ |
| १० | ४११ | १ | ० | ३ | ० | ० | १ | ४१६ |
| ११ | ४६८ | ३ | ० | ० | ० | ० | ५ | ४७६ |
| १२ | ४३१ | १ | ० | ० | ० | ० | २ | ४३४ |
| १३ | ४४७ | ३ | ० | ० | ० | ० | १४ | ४६४ |
| १४ | ४५१ | ० | १ | ० | ० | ० | १ | ४५३ |
| १५ | ५२७ | ४ | ० | ० | ० | १ | ० | ५३२ |
| जम्मा | ६,७०० | ४७ | ४९९ | ४ | ३ | १४ | १२४ | ७,३९१ |
| प्रतिशत | ९०.६५ | ०.६४ | ६.७५ | ०.०५ | ०.०४ | ०.१९ | १.६८ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

वि.सं २०६८ को जनगणना अनुसार शारदा नगरपालिकामा परिवारमा खाना पकाउन प्रयोग गरिने प्रमुख इन्धनको रूपमा काठ तथा दाउरा सबैभन्दा बढी ६,७०० (९०.६५ प्रतिशत) रहेको छ । यसैगरी दोस्रोमा एल.पी. ग्यांस प्रयोग गर्ने घरधुरी संख्या ४९९ (६.७५ प्रतिशत), मट्टीतेल प्रयोग गर्ने घरधुरी संख्या ४७ ( ०.६४ प्रतिशत) रहेका छन् भने कुइठा/ठोहरा प्रयोग गर्ने घरधुरी ४ (०.०५ प्रतिशत) र बिजुली प्रयोग गर्ने घरधुरी ३ (०.०४ प्रतिशत) रहेको देखिन्छ। वडागत रुपमा सबैभन्दा बढी काठ/दाउरा प्रयोग गर्ने वडा नं. १ मा ७२० घरधुरी संख्या रहेको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




यद्यपी यो तथ्याङ्क केहि अगाडिको भएकाले एल.पी ग्यांस प्रयोग गर्नेहरुको संख्या बढेको छ ।

# खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा

## ७.१ शिक्षा

कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ। यसलाई मानव विकासको प्रमुख सूचकको रूपमा लिइन्छ। समग्रमा हेर्दा शिक्षा प्रति जनचासो, राज्य र गैरराज्य पक्षको लगानीको समष्टिगत परिणामस्वरुप समग्र देशको साक्षरता दरमा वृद्धि आवधिक भइरहेको छ। शारदा नगरपालिकाको तथ्याङ्कबाट पनि यसको आभास पाउन सकिन्छ। यसका साथै देशबाट निरक्षरता उन्मुलन गर्न विद्यालय भर्ना अभियान जस्ता राज्य निर्देशित अभियान पनि प्रभावकारी हुने अपेक्षा गरिएको छ। यसै सिलसिलामा शारदा नगरपालिकाको शैक्षिक स्थिती देखाउन खोजिएको छ । विकासको प्रमुख आधारशिला शिक्षा हो। शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको सर्वोपरि भूमिका रहन्छ। गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई एक शसक्त माध्यमको आवधिक योजनाहरुले निरन्तर रुपमा अबलम्बन गर्दै आएको छ। नेपालको संविधान २०७२ को भाग ३, धारा ३१ शिक्षा सम्बन्धी हक मा देहायबमोजिमको व्यवस्था गरिएको छ।

(१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।

(३) अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।

(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

संविधान तथा योजनाको ठूलठूला वहस भएता पनि शैक्षिक गुणस्तरको हकमा अन्य मुलुकको तुलनामा उल्लेखनीय विकास भने भएको देखिँदैन। शिक्षाले ज्ञान र सिप प्रयोगात्मक परिवर्तन ल्याउने, पिछडिएको, विपन्न र अभावग्रस्त वर्गको पक्षपोषण गर्ने, अबोध बालबालिका एवं आवाज विहिनका पक्षमा रही देशलाई समृद्ध बनाउने परिकल्पनालाई साकार पार्नुपर्दछ। देशका लागि आवश्यक नेतृत्वदायी क्षमताको विकास,

अथकरूपमा सिक्ने र सिकाउने प्रवृति, सामाजिक र मानवीय मूल्यमान्यता र आत्मविश्वासजस्ता आधारभूत समग्र पक्षको विकास गर्न सघाउनु नै गुणस्तरीय शिक्षाको विशेषता हो । यस्तो शिक्षामा विश्लेषणात्मक र मौलिक सोचको पर्याप्तता हुनुपर्छ । निर्दिष्ट सिकाइमात्र स्तरीयता होइन । आज व्यावहारिक परिवर्तन, श्रमसँगको आस्था, जीवनोपयोगी खोज अनुसन्धान, सान्दर्भिकता देश र संस्कृतिप्रति प्रेम, नैतिक जिम्मेवारी, मौलिकरूपमा विज्ञानको उपयोग गर्न स्तरीय शिक्षाको आवश्यकता छ ।

सन् २०००-२०१५ सम्म कार्यान्वयनमा रहेका सहश्राब्दी विकास लक्ष्य (MDGs) ८ मध्ये उद्देश्य नं २ (Goal No. 2) सार्वभौमिक प्राथमिक शिक्ष रहेको थियो । MDGs पक्ष राष्ट्रको हैसियतले नेपालको उक्त उद्देश्य प्राप्तिका बाटोमा आफ्नो गतिविधि केन्द्रित गरेको पाइन्छ। फलस्वरुप २०१५ को अन्त्यसम्म प्राथमिक तहमा खुद भर्नादर ९६.६ प्रतिशत पुगेको छ भने लैङ्गिक अनुपात समदरमा पुगेको छ। दिगो विकासका लक्ष्य (SDGs 2015-2030) को १७ मध्ये उद्देश्य ४ सबैका लागि समावेशी, समतामुलक र गुणस्तरीय शिक्षा र जिवनपर्यन्त सिकाइ रहेको छ । गुणस्तरीय शैक्षिक जनशक्ति उत्पादन गर्न, उद्यमशिलता विकास गर्न, प्रतिस्पर्धात्मक श्रमबजारमा रोजगारी प्राप्त गर्न यो उद्देश्यको कार्यान्वयन निर्देशित देखिन्छ ।

परम्परागत कृषि पेशामा आधुनिकिकरण र व्यवसायिकरण गर्न, उद्यमशिलताको विकास र पूँजी लगानी मार्फत औद्योगिकिकरण गर्न मयार्दित रोजगारीको अवसर सृजना गर्न र समग्रमा मानव विकास मार्फत सम्वृद्ध र समुन्नत देश विकास गर्न जीवनोपयोगी र व्यवहारिक शिक्षाको अहम् भूमिका रहन्छ ।

शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै सिलसिलामा यस शारदा नगरपालिकाको शैक्षिक स्थिती देखाउन यहाँको साक्षरता स्थिति, शिक्षण संस्थाको विवरण, शिक्षक दरबन्दी विवरण, विद्यार्थीको भर्ना, तहगत तथा विषयगत शैक्षिक विवरण देखाउन खोजिएको छ जसबाट शारदा नगरपालिकाको शैक्षिक अवस्थालाई बुझी अगामी दिनमा सुधार गर्न नीति तथा कार्यक्रम बनाउन सकिन्छ ।

## ७.२ साक्षरता स्थिति

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामको रुपमा रहेको शिक्षा क्षेत्रमा शारदा नगरपालिका सल्यान जिल्लाका अन्य नगरपालिकाको तुलनामा केही अगाडि रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस नगरपालिकाको साक्षरता दर ७०.८८ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो नगरपालिकामा पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तै: यस नगरपालिकाको पुरुषको साक्षरता दर ८१.९९ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ६१.५३ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षरता दरमा लगभग २०.४६ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता


दर ४१.६९ प्रतिशत रहेको छ। त्यसैगरी यस शारदा नगरपालिकाको साक्षरताको स्थितिको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ५४ : साक्षरता दर**

| वडा नं. | पढ्न र लेख्न सक्ने | | पढ्न मात्र सक्ने | | पढ्न र लेख्न नसक्ने | | उल्लेख नगरिएको | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| १ | १४१८ | १२१८ | ७४ | ९४ | १२० | ४४२ | २ | ४ | १,६१४ | १,७५८ | ३,३७२ |
| २ | ९२९ | ७५९ | ५२ | ७८ | ८७ | २७५ | १ | ४ | १,०६९ | १,११६ | २,१८५ |
| ३ | ५६६ | ५०४ | ४ | ७ | ३८ | १५४ | ९ | ५४ | ६१७ | ७१९ | १,३३६ |
| ४ | ५२३ | ५१५ | ७ | ६ | ४४ | १८६ | ० | ० | ५७४ | ७०७ | १,२८१ |
| ५ | ६१६ | ५२६ | ५९ | ६७ | ९६ | ३६८ | ० | ० | ७७१ | ९६१ | १,७३२ |
| ६ | ८६६ | ७१० | ५८ | ६२ | २१२ | ५६३ | १ | २ | १,१३७ | १,३३७ | २,४७४ |
| ७ | ७५८ | ६४५ | २३ | ३२ | १६३ | ४५० | ० | १ | ९४४ | १,१२८ | २,०७२ |
| ८ | ५७१ | ४८१ | ६० | ७१ | ११७ | ३३४ | २ | २ | ७५० | ८८८ | १,६३८ |
| ९ | ६९० | ५१६ | ३२ | ४२ | २११ | ४७५ | ० | १ | ९३३ | १,०३४ | १,९६७ |
| १० | ५२५ | ५२७ | ३५ | ४३ | १८४ | ३६५ | ० | ० | ७४४ | ९३५ | १,६७९ |
| ११ | ६०७ | ५०४ | २४ | ३४ | १३७ | ४०० | १ | १ | ७६९ | ९३९ | १,७०८ |
| १२ | ६४२ | ६३१ | २० | ४० | ८४ | ३३७ | ० | १ | ७४६ | १,००९ | १,७५५ |
| १३ | ८०४ | ७३५ | २० | २७ | १९६ | ४४४ | ० | ० | १,०२० | १,२०६ | २,२२६ |
| १४ | ७०७ | ६९९ | १४ | १८ | १०५ | ३१७ | ० | १ | ८२६ | १,०३५ | १,८६१ |
| १५ | ८१२ | ८६९ | ३७ | ४४ | ८१ | २१८ | १३ | ८७ | ९४३ | १,२१८ | २,१६१ |
| जम्मा | ११,०३४ | ९,८३९ | ५१९ | ६६५ | १,८७५ | ५,३२८ | २९ | १५८ | १३,४५७ | १५,९९० | २९,४४७ |
| प्रतिशत | ८१.९९ | ६१.५३ | ३.८६ | ४.१६ | १३.९३ | ३३.३२ | ०.२२ | ०.९९ | १००.०० | १००.०० | |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा शारदा नगरपालिकाको साक्षरताको वडागत विवरण देखाईएको छ। यस नगरपालिकामा कुल जनसंख्याको स्थिति वर्णन गर्नुपर्दा सबै भन्दा बढि साक्षरता दर वडा नं.४ मा ८१.०३ प्रतिशत रहेको छ जसमध्ये पुरुष साक्षरता दर ९१.११ प्रतिशत र महिला साक्षरता दर ७२.८४ प्रतिशत रहेको छ। त्यस्तै गरि सबै भन्दा कम साक्षरता दर वार्ड नं.९ मा रहेको छ। जसमा कुल साक्षरता दर ६१.३१ प्रतिशत रहेको छ। जसमध्ये पुरुष साक्षरता दर ७३.९५ प्रतिशत र महिला साक्षरता दर ४९.९० प्रतिशत रहेको छ।




## ७.२.१ शैक्षिक जनशक्तिको विवरण

**तालिका नं. ५५ : शैक्षिक जनशक्तिको विवरण**

| विवरण | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| स्कूल नगएको | ६५२ | ६३१ | १२८३ | ५.८७ |
| प्राथमिक तह | ४७५६ | ४४५४ | ९२१० | ४२.१६ |
| नि.मा.वि. तह | २३९९ | २२६५ | ४६६४ | २१.३५ |
| मा.वि. तह | १२६१ | ११५२ | २४१३ | ११.०५ |
| एस.एल.सी. तह | १११० | ७५४ | १८६४ | ८.५३ |
| प्रमाणपत्र तह | ६२५ | ४६० | १०८५ | ४.९७ |
| स्नातक तह | २३० | ६३ | २९३ | १.३४ |
| स्नातकोत्तर तह र सोभन्दा माथी | ८१ | १३ | ९४ | ०.४३ |
| अन्य | १० | १२ | २२ | ०.१० |
| अनौपचारिक शिक्षा | २९१ | ३६७ | ६५८ | ३.०१ |
| उल्लेख नगरिएको | १४९ | १०८ | २५७ | १.१८ |
| जम्मा | ११५६४ | १०२७९ | २१८४३ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

यस तालिकामा शारदा नगरपालिकामा विभिन्न शैक्षिक तह उर्त्तीण गरेका जनशक्ति देखाइएको छ। जसमा १२८३ (५.८७ प्रतिशत) जना स्कूल नगएका ९,२१० (४२.१६ प्रतिशत) प्राथमिक तह, ४,६६४ (२१.३५ प्रतिशत) नि.मा.वि. तह, २,४१३ (११.०५ प्रतिशत) मा.वि. तह, १८६४ (८.५३ प्रतिशत) एस.एल.सी. तह, १,०८५ (४.९७ प्रतिशत) प्रमाणपत्र तह, २९३ (१.३४ प्रतिशत) स्नातक तह, ९४ (०.४३ प्रतिशत) स्नातकोत्तर तह र सोभन्दा माथि अध्ययन गरेको देखिन्छ भने ६५८ (३.०१ प्रतिशत) ले अनौपचारिक शिक्षा हासिल गरेको देखिन्छ। जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ जसलाई तल स्तम्भ चार्टमा देखाईएको छ।




### ७.२.२ विषयगत शैक्षिक जनशक्तिको विवरण

तालिका नं. ५६ : विषयगत शैक्षिक जनशक्तिको विवरण

| विषय | जम्मा | प्रतिशत |
|---|---|---|
| मानविकी र कला | ३१९ | २१.६७ |
| व्यापार र प्रशासन | ८१ | ५.५० |
| शिक्षा | ५१४ | ३४.९२ |
| विज्ञान | २० | १.३६ |
| स्वास्थ्य | २६ | १.७७ |
| इन्जिनीयरिङ र निर्माण | ८ | ०.५४ |
| कानुन | ६ | ०.४१ |
| सामाजिक र व्यवहारिक विज्ञान | ६५ | ४.४२ |
| गणित र तथ्याङ्क | ९ | ०.६१ |
| कृषी, वन र मत्स्य | ५ | ०.३४ |
| कम्प्यूटिङ्ग | १ | ०.०७ |
| पत्रकारीता र सूचना | ० | ०.०० |
| अन्य | ६ | ०.४१ |
| उल्लेख नगरिएको | ४१२ | २७.९९ |
| जम्मा | १४७२ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

राष्ट्रिय जनगणना २०६८ बाट प्राप्त तथ्याङ्कका आधारमा नगरपालिकामा विभिन्न संकायमा अध्ययन गरेका शैक्षिक जनशक्तिको विवरणलाई तालिकामा देखाइएको छ। जस अनुसार यस नगरपालिकामा सबैभन्दा बढी शिक्षा पढ्नेको संख्या ५१४ (३४.९२ प्रतिशत) रहेको छ भने दोस्रोमा मानविकी र कला संकायमा विषय लिएर पढ्नेको जनसंख्या ३१९ (२१.६७ प्रतिशत), तेस्रो स्थानमा व्यापार तथा प्रशासन विषय लिएर पढ्नेको संख्या ८१ (५.५० प्रतिशत), सामाजिक व्यवहारिक विज्ञान विषय लिएर पढ्नेको संख्या ६५ (४.४२ प्रतिशत) र त्यसैगरी विज्ञान, स्वास्थ्य, इन्जिनीयरिङ, निर्माण, कृषी, वन र मत्स्य, र गणितीय तथ्याङ् विषय लिएर पढ्नेको जनसंख्या अत्यन्तै कम रहेको देखिन्छ भने ४१२ (२७.९९ प्रतिशत) जना उल्लेख नभएको देखिन्छ जसको विस्तृत विवरण माथि तालिकामा साथैतल पाई चार्टमा प्रस्तुत गरिएको छ।



## ७.२.३ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

**तालिका नं. ५७ :** उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

| उमेर समूह | कुल जनसंख्या | | | विद्यालय गैरहेको | | | हाल विद्यालय नगएको जनसंख्या | | | उल्लेख नगरिएको | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| ५-१० वर्ष | २७८९ | २७९२ | ५५८१ | २३१८ | २३१० | ४६२८ | ३११ | ३१६ | ६२७ | १६० | ३१६ | ४७६ |
| ११-१५ वर्ष | २३९४ | २३७९ | ४७७३ | २१७६ | २१७५ | ४३५१ | १०५ | ८१ | १८६ | ११३ | ८१ | १९४ |
| १६-२० वर्ष | १६२२ | २०५१ | ३६७३ | ११०२ | १२४१ | २३४३ | ३६६ | ५९० | ९५६ | १५४ | ५९० | ७४४ |
| जम्मा | ६८०५ | ७२२२ | १४०२७ | ५५९६ | ५७२६ | ११३२२ | ७८२ | ९८७ | १७६९ | ४२७ | ९८७ | १४१४ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा विद्यालय जाने उमेर समूहको जनसंख्या र विद्यालय गइरहेको जनसंख्याको तुलनात्मक विवरण उल्लेख गरिएको छ। जसमा ५ देखि १० वर्ष उमेर समूहका बालबालिकाको कुल जनसंख्या ५५८१ मध्ये ४६२८ जना विद्यालय गएको देखिन्छ। ११ देखि १५ वर्ष उमेर समूहको कुल ४७७३ जनसंख्या मध्ये ४३५१ जना विद्यालय गएको देखिन्छ। त्यसैगरी १६ देखि २० वर्ष उमेर समूहको कुल ३६७३ जनसंख्या मध्ये २३४३ जना विद्यालय गएको देखिन्छ । त्यसैगरी हाल विद्यालय नगएको जनसंख्यामा ५ देखि १० वर्ष उमेर समूहका ६२७ जना देखिन्छ। ११ देखि १५ वर्ष उमेर समूहका १८६ र १६ देखि २० वर्ष उमेर समूहका ९५६ जना रहेको देखिन्छ। तालिकामा विभिन्न उमेर समूहका उल्लेख नभएको विवरण पनि प्रस्तुत गरिएको छ।

*(नोट : नयाँ शिक्षा ऐन अनुसार कक्षा १ देखि ८ सम्मको तहलाई आधारभूत तह र कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक तहघोषणा गरिएको छ। त्यस्तै कक्षा १ भन्दा मुनिको तहलाई बाल विकास भनेर नामाकरण गरिएको छ।)*

## ७.२.४ नगरपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण

### (क) शैक्षिक पूर्वाधार तथा सेवा

नगरपालिकामा शिक्षा क्षेत्रमा धेरै प्रयास भएता पनि अपेक्षित उपलब्धि भने प्राप्त गर्न सकिएको छैन। तथापि योजनाबद्ध रूपमा शैक्षिक पूर्वाधार एवम् सेवा विस्तार गर्ने प्रयास हुँदै आएको छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४, लागू भए पछि स्थानीय सरकारको रूपमा नगरपालिकाको समग्र विकासको निम्ति नगरपालिकालाई स्वायत्त बनाउँदै आएको छ।

नगरपालिका क्षेत्रमा रहेका विद्यालय बाहेक केही निजी विद्यालयहरु, २ वटा क्याम्पसहरु र २ वटा प्राविधिक शिक्षालय पनि रहेका छन्। क्याम्पसहरुमध्ये सल्यान बहुमुखि क्याम्पस र श्रीनगर क्याम्पस रहेका छन्। यि क्याम्पसहरुमा शिक्षा, मानविकि र व्यवस्थापन विषय मात्र संचालनमा रहेका छन् भने विज्ञान विषय

अध्ययन गर्न जिल्ला बाहिर जानुपर्ने अवस्था रहेको छ। यद्यपि CTEVT बाट सम्बन्ध प्राप्त आरती टेक्निकल इन्स्टीच्युटबाट केहि मात्रामा प्राविधिक तथा दक्ष जनशक्तिको उत्पादन हुने गरेको छ।

तालिका नं. ५८ : नगरपालिकामा रहेका शिक्षण संस्थाहरुको विवरण

| क.सं. | विद्यालयको नाम | वडा नं. | संचालित कक्षा | आधारभूत तह विद्यार्थी संख्या | मा.वि. तह विद्यार्थी संख्या | जम्मा दरबन्दी संख्या |
|---|---|---|---|---|---|---|
| १ | शिवजन उच्च मा.वि., सितलपाटी | १ | १-१२ | ४१० | २२४ | १३ |
| २ | भगवती प्रा.वि, भगवतीखोला | १ | १-५ | ४७ | - | ४ |
| ३ | शारदा प्रा.वि, चैबाङ्ग | १ | १-५ | ८८ | - | ३ |
| ४ | बाल शिक्षा मन्दिर प्रा.वि., | २ | १-५ | ६६ | - | ८ |
| ५ | खड्गदेवी प्रा.वि., पौवाबारी | २ | १-५ | ७४ | - | ५ |
| ६ | त्रिभवुन जन उच्च मा.वि. | २ | ६-१२ | | - | ९ |
| ७ | सिद्धार्थ प्रा.वि., जोगिदेउखोला | २ | १-३ | ३७ | - | ० |
| ८ | द्वारिका प्रा.वि., वडाखोला | ३ | १-५ | १८ | - | ५ |
| ९ | बि.पी स्मृती प्रा. वि. | ३ | १-५ | | - | ५ |
| १० | बुद्ध प्रा.वि., सुन्टाकुरा | ४ | १-५ | ४२ | - | ३ |
| ११ | सरस्वती विद्या मन्दिर प्रा.वि. | ४ | १-५ | ४० | - | ४ |
| १२ | ज्ञानोदय प्रा.वि., साइलाकम्द | ४ | १-५ | ४८ | - | ५ |
| १३ | महेन्द्र रत्न मा.वि., सेजवालटाकुरा | ४ | १-१० | २८८ | ८४ | १३ |
| १४ | शिक्षा मन्दिर प्रा.वि., दुलधारा पोखरा | ५ | १-५ | ५४ | - | ३ |
| १५ | जनकल्याण प्रा.वि., तल्लो मार्के, | ५ | १-५ | ३२ | - | ३ |
| १६ | जीवनज्योती प्रा.वि., सापमारा | ६ | १-५ | १२७ | - | ३ |
| १७ | लक्ष्मी प्रा.वि. | ६ | १-५ | ५१ | - | ३ |
| १८ | शारदा प्रा.वि, कौछे | ६ | १-५ | ६० | - | ३ |
| १९ | बालशखा मा.वि., मदमकाँडा | ६ | १-१० | ३३९ | ३९ | ८ |
| २० | ज्ञानज्योती प्रा.वि., मदमकाँडा | ६ | १-५ | ६२ | - | ० |
| २१ | कालिका मा.वि. | ७ | १-१० | १८३ | ७० | ५ |
| २२ | जनविकास नि.मा.वि., ओखेनी | ७ | १-८ | २०० | - | ३ |
| २३ | शारदा प्रा.वि., कुरल | ७ | १-३ | २० | - | २ |
| २४ | सरस्वती प्रा.वि., गैरीगाउँ | ७ | १-५ | ८१ | - | ३ |
| २५ | गैरीखर्क प्रा.वि., सिमखर्क | ८ | १-५ | ५४ | - | ३ |
| २६ | त्रिभवुन जनता उच्च मा.वि. | ८ | १-१२ | ४६८ | ११६ | ३ |
| २७ | शारदा प्रा.वि., रारे | ८ | १-५ | ९८ | - | ३ |
| २८ | कृष्ण नि.मा.वि. बागचौर | ९ | १-८ | २०९ | - | ४ |
| २९ | हिमालय प्रा.वि., स्युरे | ९ | १-५ | ३६ | - | ३ |
| ३० | बिद्याज्ञान प्रा.वि., आरा | ९ | १-५ | | - | ३ |
| ३१ | बिजया प्रा.वि., सानिगारे | ९ | १-३ | १९ | - | २ |
| ३२ | नि.मा.वि., सुनचौर | ९ | १-८ | १७९ | - | ५ |
| ३३ | प्रा.वि., नयाँ बस्ती | ९ | १-३ | २३ | - | २ |
| ३४ | सरस्वती प्रा.वि., हात्तीढुङ्गा | ९ | १-५ | ९३ | - | ० |
| ३५ | जनकल्याण प्रा.वि.,जुलुके | १० | १-५ | ७० | - | ३ |
| ३६ | सिद्ध प्रा.वि., मधाना | १० | १-५ | ८२ | - | ४ |
| ३७ | जनता प्रा.वि., पैयाखर्क | १० | १-५ | ३६ | - | ३ |
| ३८ | सरस्वती मा.वि., भंगारचौर | १० | १-३ | ५५ | - | ० |
| ३९ | कालिका प्रा.वि., मधाना | ११ | १-३ | २५ | - | ० |
| ४० | भुवनेश्वरी प्रा.वि., खैराबाड | ११ | १-५ | ४९ | - | ३ |

| क.सं. | विद्यालयको नाम | वडा नं. | संचालित कक्षा | आधारभूत तह विद्यार्थी संख्या | मा.वि. तह विद्यार्थी संख्या | जम्मा दरबन्दी संख्या |
|---|---|---|---|---|---|---|
| ४१ | जनसेवा मा.वि., पेदी खैराबाङ | ११ | १-१० | १४४ | ४७ | ३ |
| ४२ | महेन्द्र रत्न मा.वि. | ११ | १-१० | ३४९ | ९५ | १२ |
| ४३ | बालकल्याण प्रा.वि., स्याला | ११ | १-३ | २९ | - | ० |
| ४४ | जनचेतना प्रा.वि. | ११ | १-३ | ५९ | - | ० |
| ४५ | प्रा.वि. लेख कागखोला | १२ | १-५ | २३ | - | ३ |
| ४६ | दुर्गा प्रा.वि., तिमिले | १२ | १-५ | ४७ | - | ३ |
| ४७ | शिव मा.वि., मुलडाँडा | १२ | १-१० | २४६ | २० | ३ |
| ४८ | महेन्द्रादय नि.मा.वि., लेखडाग्री | १२ | १-८ | १२७ | - | ६ |
| ४९ | लक्ष्मि मा.वि., स्यानीखाल | १३ | १-१२ | २४३ | १५० | १२ |
| ५० | दिपेन्द्र चौतारा प्रा.वि., अत्तरकाँडा | १३ | १-५ | ६४ | - | ३ |
| ५१ | भगबती नि.मा.वि., सल्यानचौर | १३ | १-८ | १९१ | - | ४ |
| ५२ | सिर्जनशील प्रा.वि. | १३ | १-५ | ५८ | - | ० |
| ५३ | बालकल्याण प्रा.वि., चलाउनेपानी | १३ | १-३ | ३६ | - | ० |
| ५४ | कालिका प्रा.वि., ढारखानी | १४ | १-५ | ४७ | - | २ |
| ५५ | शारदा प्रा.वि., बरला | १४ | १-५ | ३२ | - | ३ |
| ५६ | लक्ष्मि प्रा.वि., माल्नेटा पानिखोला | १४ | १-५ | २३० | - | ४ |
| ५७ | जनता प्रा.वि., तुसारे | १४ | १-३ | २४ | - | ० |
| ५८ | पशुपति प्रा.वि., हरले | १५ | १-५ | ७८ | - | ४ |
| ५९ | शिव प्रा.वि., सिम्तारा माल्नेटा | १५ | १-५ | ९२ | - | ४ |
| ६० | त्रिभुवन जनता उच्च मा.वि. | १५ | १-१२ | २२५ | ५८ | १२ |
| ६१ | दुर्गा प्रा.वि., माल्नेटा | १५ | १-५ | १०२ | - | २ |

*स्रोत: शारदा नगरपालिकाको बस्तुगत विवरण २०७४*

नगरपालिका क्षेत्रमा जम्मा ६१ विद्यालय रहेका छन् जसमा ७२४२ विद्यार्थी अध्ययन गरिसकेका छन् भने २३४ वटा मात्र शिक्षक दरबन्दी रहेको छ । विद्यालय र विद्यार्थीको संख्यालाई हेर्दा उल्लेख्य संख्यामा विद्यार्थीहरु नगरपालिका बाहिर अथवा जिल्ला बाहिर अध्ययन गर्न गईरहेको अनुमान लगाउन सकिन्छ । त्यसैगरी विद्यालयहरुमा विद्यार्थी शिक्षक अनुपात असाध्यै असन्तुलित रहेको पाउन सकिन्छ । कुनै कुनै विद्यालयहरुमा विद्यार्थीको संख्याको अनुपातमा शिक्षकको संख्या धेरै पाइएको छ । यसले सार्वजनिक विद्यालयहरुमा विद्यार्थी र अभिभावकको आकर्षण घटिरहेको विश्लेषण गर्न सकिन्छ ।

### ७.२.५ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

- **विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु :** विद्यार्थीहरु प्राथमिक तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरुको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रुपमा देखिएको छ ।
- **कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु :** प्राथमिक तहको विद्यार्थीहरुको तथ्याङकलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ ।
- **दलित, आदिवासी जनजाति भर्नादर न्यून हुनु :** विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु नगरपालिकाको शैक्षिक विकासको चुनौतीको रुपमा रहेको छ ।

- **दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर :**नगरपालिकाको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरुको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो ।
- **विद्यालयहरु आर्थिक रुपले कमजोर हुनु :** विगतमा नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिले समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्यक विद्यालयहरुको आर्थिक स्थिति निकै कमजोर देखिन्छ । दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न बाधा पुगेको देखिन्छ ।
- **अभिभावकहरु चनाखो नहुनु :** बालबालिकाहरुको शैक्षिक प्रगतिबारे अभिभावकहरुको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरुको स्थितिबारे अभिभावकलाई जानकारी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ ।
- **शिक्षक दरबन्दी कम हुनु :** दरबन्दी अनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागि कुनै शिक्षकको अनुपस्थिति हुँदा कक्षाहरु खाली रहने गरेको देखिन्छ । यसरी शिक्षकहरु तालिममा जाँदा, सुत्केरी बिदा वा सञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालिन शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन । एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी उपलब्ध नहुनु अर्कोतर्फ स्थानीय सरकार एवम् व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन ।
- **राजनीतिकरण हुनु :** विभिन्न राजनीतिक पार्टीहरुले शिक्षकहरुको संगठनहरु मार्फत शिक्षकहरुलाई आफ्नो पार्टीको स्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ । राजनीतिक पार्टीहरुको दबावका कारण सम्बन्धित निकायले त्यस्ता शिक्षकहरुमाथि अनुशासनको कारवाही समेत गर्न नसकेको पाइएको छ । यस बाहेक व्यवस्थापन समिति समेत शिक्षकहरुलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रुपमा प्रयोग गर्दै आएको देखिएको छ ।
- **शिक्षकहरुमा प्रतिबद्धताको कमी :** शिक्षकहरुले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रुपमा देखा परेको छ । प्राय:पठन-पाठन समयमा नसिद्धिनु साथै पाठ्य सामाग्रीहरु समेत समयमा उपलब्ध नहुनु पनि मुख्य समस्याको रुपमा देखिएको छ ।
- **आधुनिक प्रविधिको प्रयोग नहुनु :** सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरु बञ्चित हुनु पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ । प्राय: धेरै विद्यार्थी र शिक्षकहरु कम्प्युटर र इन्टरनेटको प्रयोगको सुविधाबाट बञ्चित रहेका छन् ।

## ७.३ स्वास्थ्य

यस नगरपालिकामा जनसमुदायहरुले चेतनाको क्रमिक विकास संगै स्वास्थ्य, सरसफाइ तथा सामुदायीक स्वास्थ्यका स्वस्थकर बानी व्यवहार अबलम्बन गर्दै गैरहेको देखिन्छ। तथापी जनताले आवश्यकता अनुसारको स्वास्थ्य सुविधा लिन सकेका छैनन् । स्वास्थ्य सेवामा नगरपालिकाको केन्द्र क्षेत्रका जनताहरुको पहुँच सहज देखिएता पनि बाँकी जनताको पहुँच केवल स्वास्थ्य चौकी सम्म रहेको छ जहाँ सबै स्वास्थ्य समस्याको समाधान संभव छैन । हेल्थपोष्टहरुमा पर्याप्त स्वास्थ्यकर्मी र औषधीको उपलब्धता नहुँदा समस्या झेल्नुपर्ने

बाध्यता छ। नगरपालिकामा विभिन्न वडाहरुमा स्वास्थ्य चौकी रहेका छन् तर आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरू छैनन्। तसर्थ ग्रामीणस्तरमा उपचारात्मक स्वास्थ्य स्थिति कमजोर रहेको छ।

अधिकांश नगरबासिहरु बिरामी पर्दा सार्वजनिक स्वास्थ्य संस्थामा उपचार गराउन जाने गरेका छन् भने न्यून जनसंख्या मात्र निजी स्वास्थ्य संस्थामा उपचार गराउन जाने गरेका छन्। नगरपालिकाको श्रीनगर र खलंगा बाहेकका स्थानमा सर्वसाधारणहरु स्वास्थ्य चौकीबाट प्राप्त हुने सेवामा भर गर्नुपर्ने अवस्था रहेको छ। त्यसैगरी असामान्य अर्थात गम्भिर प्रकृतिको बिरामीहरु अहिलेपनि जिल्ला बाहिर जानुपर्ने अवस्था रहेको छ। हाल नगरमा सञ्चालन भएका स्वास्थ्य संस्थाहरु तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ५९ :** स्वास्थ्य संस्था सम्बन्धी विवरण

| क्र.सं. | स्वास्थ्य संस्थाको नाम, ठेगाना | वडा नं. |
|---|---|---|
| १ | जिल्ला स्वास्थ्य कार्यालय (जिल्ला अस्पताल) | २ |
| २ | जनस्वास्थ्य कार्यालय | २ |
| ३ | जिल्ला आयुर्वेद औषधालय | २ |
| ४ | स्वास्थ्य चौकी, कजेरी | ७ |
| ५ | स्वास्थ्य चौकी, खलंगा | २ |
| ६ | स्वास्थ्य चौकी, डाँडागाउँ | १५ |
| ७ | स्वास्थ्य चौकी, ह्विल्चा | ११ |
| ८ | स्वास्थ्य चौकी, स्यानीखाल | १३ |
| ९ | स्वास्थ्य चौकी, मार्के | ८ |
| १० | स्वास्थ्य चौकी, सैजवाल टाकुरा | ४ |

*स्रोतः शारदा नगरपालिकाको बस्तुगत विवरण २०७४*

**तालिका नं. ६० :** आ.व. २०७२/०७३ सम्मा बहिरंग (OPD) सेवा अन्तर्गत उपचार गरेका बिरामीहरुको विवरण

| सि.नं. | साविकको गा.वि.स | बहिरंग (OPD) सेवा आ.व.२०७२/७३ सम्मको विवरण |
|---|---|---|
| १ | डाँडागाउ | ३ २६२ |
| २ | हिवल्चा | ३ ११३ |
| ३ | कजेरी | १ ८८७ |
| ४ | खलंगा | ३ ९०१ |
| ५ | मार्के | ४ १८४ |
| ६ | सेजवालटाकुरा | २ ५५६ |
| ७ | स्यानीखाल | २७८१ |

*स्रोतः जिल्ला स्वास्थ्य कार्यालय, २०७३*

### ७.३.१ एच. आई. भी./एड्सको अवस्था

सन् १९८८ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एच.आई.भी.को प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ। बालबालिका पनि यो समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभावित हुदै गएका छन्।

हाल नेपालमा एच.आई.भी. संक्रमित बालबालिकाको संख्या उल्लेख्य रहेको छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार २०७१ को साउन महिना सम्म नेपालमा भेटिएका जम्मा २२,९९४ एच.आई.भी. संक्रमण मध्ये १६१८ जना १५ वर्ष मुनिका बालबालिकामा एच.आई.भी. संक्रमण भेटिएको छ। भारतलगायतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रुपमा भइरहेको देह व्यापार, चेलीबेटी बेचविखन, सुईद्वारा लागुपदार्थको प्रयोग, अशिक्षा र गरिबीजस्ता सामाजिक समस्याले एच.आई.भी.को प्रकोप बढाउनमा भूमिका खेलिरहेका छन्। यस रोगबाट बच्न यस नगरपालिकामा समेत जनचेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ । यस नगरपालिकाको एड्स रोगीको संख्या भने उपलब्ध छैन ।

### ७.३.२ सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदा देखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलतः आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थामा बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानूनी रुपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ। तर १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्ष उमेरका) गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११)। सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरै मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन।

ग्रामीण भेगहरुमा समयमा नै गर्ववती महिला स्वास्थ्य चौकी नपुग्दा र स्वास्थ्यकर्मी पर्याप्त नहुँदा कति शिशुहरु को मृत्यु हुने गरेको कुरा हामी सामु स्पष्ट नै छ ।

**तालिका नं. ६१ :** सुरक्षित मातृत्वको अवस्थाको विवरण

| सि.नं. | साविकको गा.वि.स | २० वर्ष र सोभन्दा माथिका गर्भवती | २० वर्ष भन्दा कम उमेरका गर्भवती | २० वर्ष र सोभन्दा माथिका गर्भवती | २० वर्ष भन्दा कम उमेरका गर्भवती |
|---|---|---|---|---|---|
| १ | डाँडागाउ | १७ | ८ | ९ | २५ |
| २ | हिवल्चा | २२ | १४ | ११ | २१ |
| ३ | कजेरी | ३२ | १८ | २ | २७ |
| ४ | खलंगा | ३४ | ३४ | २२ | ३८ |
| ५ | मार्के | ४५ | २३ | १३ | ३८ |
| ६ | सेजवालटाकुरा | १३ | ९ | ५ | १९ |
| ७ | स्यानीखाल | १९ | १८ | ५ | १६ |
| | जम्मा | १८२ | १२४ | ६७ | १८४ |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालय, २०७३*

### ७.३.३ परिवार नियोजन

परिवार नियोजनबाट हुने फाइदाका बारेमा बिभिन्न संघ संस्थाहरु बाट गरिएको अध्ययन अनुसन्धानबाट आमा, बच्चा र नवजात शिशुको स्वास्थ्य सुधार गर्न उल्लेखनिय भूमिका खेल्ने कुरा प्रमाणित भएको छ। साथै यसले लैङ्गिक समानता, महिलाको शिक्षा र वृति विकास गर्नको लागि सहयोग पुऱ्याउँछ। त्यस कारण गुणस्तरीय परिवार नियोजन सेवा प्रदान गर्ने उद्देश्यले सन् १९९१ देखि प्रजनन स्वास्थ्य कार्यक्रम र परिवार नियोजन कार्यक्रम लाई विस्तार गरी अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, गाउँघर क्लिनिक र घुम्ती शिविरहरु महिला स्वास्थ्य स्वयंसेवीकाद्वारा सेवा पुऱ्याउँदै आएको छ।

### ७.३.४ खोपको विवरण

बालबालिका भविष्यका निर्माता हुन्। यसको लागि यिनीहरु स्वस्थ र निरोगी हुनु आवश्यक छ। बालक अवस्थामा उनीहरुलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रामा दिनै पर्दछ। बालबालिकाहरुको लागि पाँचओटै खोपहरु नियमित पुरा मात्रामा दिनु पर्दछ। नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुऱ्याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेको छ।

बाल्य अवस्थामा लगाएको खोपले बालबालिकाको स्वास्थ्य निर्धारण गर्दछ। बालक स्वस्थ रहन बाल्य अवस्थामा लगाउनुपर्ने खोपहरु सबै पुरा गर्नु पर्छ। खोप कार्यक्रम प्रभावकारी भएको खण्डमा बाल अवस्थामा जोखिम हुने रोगहरु बाट बच्नुको साथै बाल मृत्युदर पनि कम हुन्छ। यसैगरी पछिल्लो पटक आ.व. २०७२/७३ को तथ्यांक अनुसार नगरपालिकामा बालबालिकालाई दिएको विभिन्न खोपको विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ६२ : खोपको विवरण**

| सि.नं. | साविकको गा.वि.स | बि.सि.जि. खोप पाएका बालबालिका | डी.पी.टी-हेपाटाइटिस बी.-हिव तेस्रो खोप पाएका बालबालिका | दादुरा/रुबेला का खोप पाएका ९-११ महिनाका बालबालिका |
|---|---|---|---|---|
| १ | डाँडागाउ | १०३ | १०४ | १०५ |
| २ | हिवल्चा | १०४ | ८४ | ५६ |
| ३ | कजेरी | ९२ | ९५ | १०५ |
| ४ | खलंगा | २१४ | १७९ | १५२ |
| ५ | मार्के | १२० | १२३ | ११९ |
| ६ | सेजवालटाकुरा | ४० | ४१ | ४२ |
| ७ | स्यानीखाल | ७६ | ९० | ६४ |
| जम्मा | | ७४९ | ७१६ | ६४३ |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालय, २०७३*

### ७.३.५ बाल्यकालमा हुने रोगका जोखिम

५ वर्षमुनिका बालबालिकालाई विभिन्न रोगले संक्रमण गर्ने उच्च संम्भावना रहन्छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रुपमा श्वासप्रश्वास सम्बन्धि रोग, निमोनिया, झाडापखाला, कडा जलबियोजन, मलेरिया, दादुरा र कुपोषण पर्दछन्। सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागु गरेको छ । कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ।

### ७.३.६ शिशु तथा ५ वर्ष मुनिका बाल मृत्युदर

राष्ट्रिय जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षण २०१६ (National Demographic and Health Survey 2016) का अनुसार नवजात शिशु मृत्युदर २१ प्रति हजार, शिशु मृत्युदर ३२ प्रति हजार र पँच वर्ष मुनिको बाल मृत्युदर ३९ प्रति हजार रहेको तथ्याङ्क सार्वजनिक भएको छ । शारदा नगरपालिकाको पाँच वर्ष मुनिको बाल मृत्युदर तथा शिशु मृत्युदरको तथ्याङ्क नभएतापनि यस राष्ट्रिय तथ्याङ्कको आधारमा यहाँको अवस्था अनुमान गर्न सकिन्छ ।

### ७.३.७ बालपोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सूचकको रुपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित रुपमा बालवृद्धि अनुमान गर्दै आएको छ। बालअधिकार सम्बन्धि महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, बेवास्ता, हेलचेक्राइ, दुव्यर्वहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान (२०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रुपमा राखेको छ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिकबिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ । नगरपालिकामा समेत राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भइ आएका छन् । स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन् । नगरपालिकाको आ.व. २०७२/०७३ को पोषण सम्बन्धी विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ६३ : पोषण सम्बन्धी विवरण

| साविकको गा.वि.स | ०-११ महिना सम्मको नयाँ शिशुहरूको वृद्धि अनुगमन मध्यम | ०-११ महिना सम्मको नयाँ शिशुहरूको वृद्धि अनुगमन सामान्य | ०-११ महिना सम्मको नयाँ शिशुहरूको वृद्धि अनुगमन गम्भिर | १२-२३ महिना सम्मको नयाँ शिशुहरूको वृद्धि अनुगमन मध्यम | १२-२३ महिना सम्मको नयाँ शिशुहरूको वृद्धि अनुगमन सामान्य | १२-२३ महिना सम्मको नयाँ शिशुहरूको वृद्धि अनुगमन गम्भिर | पहिलो पटक आइरन चक्की पाउने गर्भवती महिला | १८० आइरन चक्की पाउने गर्भवती महिला |
|---|---|---|---|---|---|---|---|---|
| डाँडागाउ | २ | १४७ | - | - | ७४ | - | ४७ | ३७ |
| हिवल्चा | - | ७५ | - | - | ११३ | - | ३१ | २५ |
| कजेरी | १ | ५२ | २ | - | ५ | - | ५७ | ५५ |
| खलंगा | - | - | - | - | - | - | ११२ | ६३ |
| मार्के | - | ९५ | - | - | - | - | १०६ | ५१ |
| सेजवालट ाकुरा | ३ | ५७ | - | - | १३ | - | २१ | २५ |
| स्यानीखा ल | १ | २५७ | २ | - | ३१० | - | ५० | २५ |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालय, २०७३*

## ७.४ खेलकुद तथा मनोरञ्जन

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी नगरपालिकाको खेल तथा अनुशासन विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस नगरपालिकामा खेलकुदको विकासका लागि प्रयासरत रहेको पाइन्छ। यसको लागि नगरपालिकाले विभिन्न खुलास्थानहरूमा खेलकुदको लागि दिर्घकालिन पूर्वाधार तयार गरेको खण्डमा खेलकुदको विकास गर्न सकिन्छ ।

नगरपालिकाले पनि आफ्नो कार्यक्षेत्र भित्र गतिशिल रहने गरी नगरपालिकामा गाँउ खेलकुद विकास समितिहरू गठन गरेका छन्। विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुऱ्याइरहेका छन्। यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने जिल्ला खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा कतिपय खेलहरूको आयोजना गर्ने गरिएको छ। समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वास्थ्य शारिरीक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा न्युन लगानी हुने गरेको देखिन्छ । विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। हालका दिनहरुमा आएर निजी क्षेत्रहरूबाट पनि क्रिकेट, व्याडमिन्टन जस्ता केही खास खास खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ। यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारीको रुपमा विकसित गर्दै लैजानुपर्ने देखिन्छ ।

नगरपालिकाको खेलकुद तथा मनोरन्जनलाई विकास गरी नगरपालिका बासीहरुलाई खेलकुदमा आकर्षण गर्नका लागि विभिन्न योजनाहरु तयार पारेका छन् जसमा स्थानीय युवा क्लवको स्तरोन्नतिको लागि विभिन्न

खेलकुद सामाग्रीको व्यवस्था गर्नुपर्ने, सामुदायिरुपमा समन्वय गरी चिल्ड्रेनपार्कको व्यवस्था हुनपर्ने, खेलकुद प्याराफिट सहित खेलमैदान, वडा स्तरिय खेल मैदानमा आवश्यक चारैतिर पक्की नाली सहित माटो भरान, वडाका सबै क्लवहरुलाई खेलकुद सामाग्री उपलब्ध गराउने, खेल क्षेत्रमा स्तरउन्नती गर्न शारदा नगरपालिका रहेका बालबालिका तथा युवाहरुमा रहेको खेलकुद प्रतिको रुचि मध्यनजर गर्दै शारदा नगरपालिकामा रहेका संभावना पहिचान गरेको खण्डमा राष्ट्रिय खेलकुदमा टेवा पुग्ने देखिन्छ ।

**तालिका नं. ६४ :** नगरपालिकामा रहेका खेल मैदान तथा खुल्ला स्थानको विवरण

| क्र.सं. | खेल मैदानको किसिम | अनुमानित क्षेत्रफल (रोपनी वा हेक्टरमा) | स्थान, वडा |
|---|---|---|---|
| १ | सार्वजनिक | ५ रोपनी | वडा नं ४, साहुटोल |
| २ | सार्वजनिक | ७ रोपनी | वडा नं ४, सुनटाकुरा |
| ३ | सार्वजनिक | ९ रोपनी | वडा नं ४, रानीकोट |
| ४ | सार्वजनिक | ४ रोपनी | वडा नं ५ दुलधारा, पोखरा |
| ५ | सार्वजनिक | १० रोपनी | वडा नं ६ जलुके |
| ६ | सार्वजनिक | ८ रोपनी | वडा नं ६ तलगाउँ |
| ७ | सार्वजनिक | ४ रोपनी | वडा नं २ टुँडीखेल |
| ८ | सार्वजनिक | ६ रोपनी | वडा नं २ |
| ९ | विद्यालयको स्वामित्व | ३ रोपनी | वडा नं २, हाइस्कुल |
| १० | सार्वजनिक | १२ रोपनी | वडा नं १०, पैयाँखर्क |
| ११ | सार्वजनिक | - | वडा नं ११ |
| १२ | सार्वजनिक | ५ रोपनी | वडा नं १२ गैरापोखरी |
| १३ | सार्वजनिक | ४ रोपनी | वडा नं १२ लेखडाँगी |
| १४ | सार्वजनिक | ६ रोपनी | वडा नं १२ मुलडाँडा |
| १५ | सार्वजनिक | ६ रोपनी | वडा नं १२ रेशमज्युला |
| १६ | सार्वजनिक | २ रोपनी | वडा नं १३ अत्तरकाँडा |
| १७ | सार्वजनिक | २ रोपनी | वडा नं १३ राउटिया |
| १८ | सार्वजनिक | १ रोपनी | वडा नं १३ चलाउनेपानी |
| १९ | सार्वजनिक | २ रोपनी | वडा नं १३ ठूलोखोला |

*स्रोत : शारदा नगर कार्यपालिका कार्यालय,२०७४*

## ७.५ नागरिक सुरक्षा सेवा

### ७.५.१ बृद्धबृद्धाहरूको अवस्था

जनगणना २०६८ को नतिजा अनुसार यस शारदा नगरपालिकामा, ७० वर्ष उमेर नाघेका २.०८ प्रतिशत (७०३ जना) बृद्धबृद्धाहरू रहेका छन्। शारिरीक जीर्णताका कारण परिवारजनहरूको समेत पर्याप्त हेरचाह नपुग्ने यो समुदायको सामाजिक अवस्था कमजोर रहेको छ। बृद्धहरूको मनोरञ्जनका लागि कुनै विशेष स्थल वा कार्यक्रमको निर्माण वा तयारी देखिदैंन । पश्चिमा संस्कृतिको प्रभावले हाम्रो संस्कृतिको मुल मर्म र बृद्धजन तथा नयाँपुस्ताबीचको पारस्परिक सुमधुर सम्बन्धलाई समस्या पार्ने खतरा बढ्दै गएको छ। राज्यको

तर्फबाट ७० वर्ष माथिका सबै जेष्ठ नागरिकहरूलाई दिइने भनिएको बृद्ध भत्ता समेत सबैले समयमा पाउन सकेका छैनन्।

### ७.५.२ शान्ति सुरक्षा

सुरक्षाको प्रत्याभुति देशको संविधानमा सुनिश्चित गरिएको हुन्छ। संविधानमा उल्लेख भए अनुरुप राज्यले नागरिकलाई सुरक्षित आभाष गराउन सक्नु पर्दछ। हरेक राष्ट्रका नागरिकहरुलाई नागरिक सुरक्षा प्रदान गर्नु राज्यको दायित्व हो। नागरिकले आफ्नो राज्यमा सुरक्षित महसुस हुन पाउनुपर्छ। यसलाई चुस्त बनाउन नागरिक समाजको पनि त्यतिकै महत्वपुर्ण भूमिका रहन्छ।

नगरपालिकामा भएका अपराधिक तथा सामाजिक नियम बाहिरका कार्य चोरी डकैती लगायतका अन्य कार्यहरु यी सुरक्षा निकाय मार्फत समाधान हुने गरेको पाइन्छ। यस नगरपालिकामा वर्षभरिमा कुनै अप्रिय घटना घटेको दर्ता खासै गरिएको देखिएन। नगरपालिकामा सानातिना झैझगडा, कुटपिट, साँध, सिमानामा विवाद, चोरी डकैती, ठगी, घरेलु हिंसाका घटनाहरु यदाकदा हुने गरेको स्थानीयबासीको भनाई छ। नगरपालिकामा जिल्ला प्रहरी कार्यालय, साथै जिल्लामा शान्ति सुरक्षासँग सम्बन्धित निकायहरुमा नेपाली सेना शसस्त्र प्रहरी बल तथा नेपाल प्रहरीका विभिन्न ईकाइहरु रहेका छन्।

### ७.५.३ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६९ बमोजिम समाजका जेष्ठ नागरिक, एकल महिला, विधवा, दलित वर्ग, लोपोन्मुख आदिवासी जनजाति, अशक्त, अपाङ्गता भएका नागरिकहरु एवंम दलित बालबालिकाहरुले सामाजिक सुरक्षा भत्ता वृत्ति अनुदान प्राप्त गर्नेछन्।

## ७.६ महिला तथा बालबालिका

### ७.६.१ महिला सम्बन्धी विवरण

कुल जनसङ्ख्याको आधा हिस्सा भन्दा बढी ओगटेका महिलाहरु अझै पनि देश विकासको मुल प्रवाहमा उल्लेखनीयरुपमा आउन सकेका छैनन्। महिला सहभागिता, सशक्तिकरण तथा विभिन्न कार्यक्रमहरु पछिल्लो समयमा हुँदै आए पनि समान सहमागिता र लैङ्गिक समता भने कायम हुन सकेको देखिँदैन। यसको कारण समाजमा व्याप्त असमान शक्ति सम्बन्घ, पितृसत्तात्मक सोच तथा समाजिक संरचना आदी रहेका छन् जसको फलस्वरुप महिलाहरु आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, शैक्षिकरुपमा अझै पनि तुलनात्मकरुपमा पछाडी परेको देखिन्छ।

विकासमा महिलाहरुको समानुपातिक र सक्रिय सहभागिता सुनिश्चत गर्न उनीहरुको आर्थिक र सामाजिक जीवनस्तर अभिवृद्धि गर्ने उद्देश्यका साथ अभियानका रुपमा आ.व.२०३८/०३९ देखि ५ जिल्लाबाट सुरु भएको महिला विकास कार्यक्रम हाल नेपालको ७५ जिल्लामा विस्तार भएको छ। महिला विकास कार्यक्रम महिला विकास र सशक्तिकरणको लागि एउटा महत्वपुर्ण प्रयास हो। ग्रामीण विपन्न महिलाहरुलाई

समूह, समिति, संस्थामा संगठित गराई जनचेतना अभिवृद्धि, क्षमता विकास गरी सामाजिक तथा आर्थिकरुपमा सशक्त बनाउन,सामाजिक विभेद र लैङ्गिक हिंसा विरुद्ध जागरुकता बढाउन यस कार्यक्रमले प्रमुख भुमिका निर्वाह गर्दै आईरहेको छ ।

नेपाल सरकार तथा विभिन्न निकायहरुले महिला विकास तथा उत्थानको लागि कार्यक्रम अघि बढि रहेता पनि  परिवर्तन र सुधारको बाबजुत सामाजिक संरचनामा अझै पनि समान अवस्था देख्न सकिएको छैन । यसलाई कम गर्न सरकार तथा नागरिक मञ्च सबैको भूमिका अपरिहार्य  रहन्छ ।

यद्यपि गर्भवती महिलाहरुको निःशुल्क वा न्यूनतम् शुल्कमा स्वास्थ्य परिक्षण गर्न तथा महिलाहरुमा देखिने स्तन क्यान्सर र पाठेघर क्यान्सरको अग्रीम पहिचान र न्यूनिकरणका लागि विशेष पहल गर्नुपर्ने देखिन्छ । जिल्ला जनस्वास्थ्य कार्यालय एवं अन्य सम्बद्ध स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी मातृशिशु स्वास्थ्य तथा क्षयरोग नियन्त्रणका क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि स्थायित्व, वृत्तिविकास तथा पुनर्ताजगि जस्ता कार्यक्रम ल्याई महिलाहरुका लागि लघु उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसाय मार्फत आर्थिक रुपमा सबल बनाउनु पर्ने देखिन्छ । आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै नगर विकासमा महिलाहरुको समान सहभागिता गराउन अझैपनि थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ । सामाजिक क्षेत्रमा उदाहरणीय कार्य गर्ने आमा समूह, टोल विकास संस्था, महिला समन्वय समिति तथा महिला सम्बन्धी संघसंस्थालाई संस्थागत विकासका लागि विभिन्न कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्नु पर्दछ । महिला तथा बालबालिकाका लागि सामुदायिक कार्यप्रक्रियालाई वडाहरुमा विस्तार गर्ने तथा सामाजिक परिचालन प्रवर्द्धन कार्यलाई निरन्तरता दिई लक्षित समूहतर्फ सबै समूह र वर्गको सहभागिता हुने कार्यक्रमहरु सञ्चालन गरि समावेशी अवधारणा अनुरुप स्थानीय शासन र विकासमा महिलाको संलग्नता वृद्धि गर्न विभिन्न क्षमता विकासका कार्यक्रमहरु ल्याउनुपर्ने देखिन्छ ।

### ७.६.२ बालबालिका सम्बन्धी विवरण

अन्तराष्ट्रिय स्तरमा १८ वर्षभन्दा मुनिका बालबालिकालाई बालक/बालिका भनिन्छ भने नेपालको बालबालिकासम्बन्धी ऐन २०४८ ले १६ वर्षभन्दा मुनिका सम्पूर्ण मानिसहरुलाई बालबालिका हुन् भनेर परिभाषित गरेको छ । बालबालिका भविष्यका कर्णधार हुन् । बालबालिका साझा भविष्य हुन र उनीहरूको स्वतन्त्रता, अधिकार, संरक्षण, विकास र जीवनस्तर सुधारको लागि सामूहिक प्रतिवद्धता र साझा प्रयास आवश्यक छ भन्ने कुरा महसुस गरी संयुक्त राष्ट्र संघले सन् सन् १९८९ नोभेम्बरमा बाल अधिकार सम्बन्धी महासन्धि पारित गरे पश्चात  हरेक वर्ष नोभेम्बर २० का दिन अन्तराष्ट्रिय बाल दिवस मनाइन्छ । जसरी एउटा काठलाई खोपेर वा कुँदेर राम्रो आकृति बनाउन सकिन्छ, त्यसरी नै बालबालिकाहरुलाई पनि अधिकाररुपी औजारले एक कर्मठ र सबल नागरिकमा परिणत गर्न सकिन्छ । नेपालको संविधान २०७२ ले

बालबालिकासम्बन्धी थुप्रै हक अधिकारहरु समेटेको छ। नेपालको संविधान २०७२ को भाग ३ को धारा ३९ देहाय बमोजिमको बालबालिकाको हक व्यवस्था गरेको छ।

१. प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ।
२. प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ।
३. प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ।
४. कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन।
५. कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन।
६. कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन।
७. कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन।
८. प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ।
९. असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।
१०. उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

यो सँगै बालबालिकाहरुको अधिकारसम्बन्धी महासन्धिमा ५० औं देशहरुको हस्ताक्षर रहेकोमा नेपालले पनि सहमति जनाएको छ। संविधानमा बालबालिका सम्बन्धी हकको सुनिश्चिता र विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाको प्रयास भएपनि घरेलु कामदारको रुपमा खटिएका बालबालिकाहरु, उद्योग तथा कलकारखानामा कडा श्रममा खटिएका बालबालिकाहरु, शिक्षा बाट बञ्चित रहेका बालबालिकाहरु, बाँच्न पाउने नैसर्गिक अधिकार संविधानमा सुनिश्चत भएर पनि जन्मन नपाई जन्मने अधिकार खोसिएका बालबालिकाहरु र बाल अधिकारको उपयोगबाट टाढा रहेका बालबालिकाहरुको उदाहरणहरु समाजमा हामी सामु छर्लङ्ग नै छन्। यसरी समाजमा हुने गरेका बाल श्रम तथा बाल अधिकार बाट बञ्चित बालबालिका हरुको लागि अझै सरकार, नागरिक समाज सचेत रहन जरुरी छ।

### ७.६.३ बालअधिकारका सिद्धान्तहरू

बालवालिका र उनीहरूका निम्ति गरिने व्यवहार बालबालिकाको हितमाभए नभएको भनी मापन गर्न बालअधिकार महासन्धिले चारओटा सिद्धान्तहरू अपनाएको छ। यी सिद्धान्तहरूले परिवार, समाज र राज्यबाट

भए गरेका व्यवहार तथा कार्यहरु बालअधिकारका पक्षमा छन् वा छैनन् भनी जाँच्नका लागि आधारभूत मापदण्डको काम गर्दछन् । बालबालिका र उनीहरूका निम्ति गरिने प्रत्येक व्यवहारहरु बालअधिकारको यी चार सिद्धान्त विपरीत हुनुहुँदैन भनेर यसले मार्गदर्शन पनि गर्दछ ।

बालअधिकारका चार सिद्धान्तहरू यसप्रकार छन् :

- विभेद रहित समाज
- बालबालिकाको सर्वोत्तम हित
- दीर्घजीवन र विकास
- बालबालिकाको विचार तथा भावनाको कदर

### ७.६.४ बालश्रमको अवस्था

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो। नेपालमा कानूनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ। १३ वर्ष उमेर नपुगेका बालबालिकाहरूलाई श्रमिकका रुपमा काममा लगाउन हुदैन भने १४ वर्षदेखि १५ वर्षसम्मकालाई खासखास क्षेत्रको हल्का र विशेष सुविधाका काममा लगाउन पाइन्छ। कुनै पनि बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन पाइदैन। तथापी सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाहरु बालश्रमिकका रुपमा काम गर्न बाध्य छन्। आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन्। काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनु देखि शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पिडित भएका छन्। नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठुला अध्ययन भए तापनि आवधिक, एकिकृत, आधिकारिक तथ्याङ्क तथा जानकारीको भने अभाव छ। बालश्रम नेपाली बालबालिकाको एक दुःखद यथार्थ हो ।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरित कार्य हो। यसैगरी नेपालले राज्य पक्षका रुपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघका बाल अधिकार सम्बन्धि महासन्धि, १९८९, अन्तराष्ट्रिय श्रम संगठनको रोजगारीको न्यूनतम उमेर सम्बन्धी महासन्धी नं १३८ तथा निकृष्ट प्रकारको बालश्रम सम्बनधी महासन्धी नं. १८२ तथा सिफारिश नं १९० ले पनि राज्यलाई बालश्रमविरुद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ।

शारदा नगरपालिकालाई बालमैत्री नगरको रुपमा विकसित गर्नका लागि सबै वडाहरुमा वडा बालक्लब गठन गरी बालमैत्री स्थानीय शासन पूर्ण रुपमा लागु गर्ने उद्देश्यले बालबालिका लक्षित कार्यक्रममा तोकिएको १० प्रतिशत बजेट बढाएर १५ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । नगर क्षेत्रमा निकृष्ठ प्रकारको बाल श्रमको अन्त्य गर्न बालश्रम नराखेको कबुल गर्नेलाई मात्र नगरपालिकाबाट सेवा प्रवाह गर्नुपर्ने व्यवस्था मिलाउने प्रावधान राख्नुका साथै १ वर्ष मुनिका बालबालिकाहरुलाई नियमित खोपको सुनिश्चित गरी पूर्ण खोपयुक्त नगरको रुपमा पनि अगाडी बढाउने उद्देश्य राखिएको छ ।

### ७.६.५ बालक्लब

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रुपमा बालबालिकाहरु क्रियाशिल रहेका छन्। बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यम बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नीतिगत दस्तावेजहरुमा पनि उल्लेख गरिएको छ। बालबालिकाहरूलाई समूहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्त गर्नका लागि विभिन्न स्तरका नीति तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधत्वलाई मान्यता दिइएको छ।

व्यक्तिगत रुपमा नगरमा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेका छन्। बालक्लबहरूले संचालन गरेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यालय भर्ना अभियान, (३) बालश्रम न्यूनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिबृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मुलन सम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन्।

### ७.६.६ बाल विकास केन्द्र

बालवालिकाहरुको व्यक्तित्वको संवेदनशील र महत्वपूर्ण हुन्छ र यसलाई कुनै पनि शारीरिक सजाय बिना प्रेमसंग सिकाउनुलाई राम्रो मानिन्छ। बालवालिका मानिसको अनुहार हो। मानिसहरूको पूर्ण शक्ति र सम्भावना शिशुमा भण्डारण गरिएको छ। भविष्य मानिसको विकास उहाँको उचित पोषण र शिक्षामा निर्भर गर्दछ। त्यसकारण, मानव शिक्षाको पूर्णताको आधार शिशुमा पर्दछ। यस उमेरमा, आजको युगमा शिशु शिक्षालाई उच्चतम महत्व दिइएको छ।

शारदा नगरपालिकाको बाल विकास केन्द्रहरूको वर्तमान अवस्थालाई तलको तालिकामा उल्लेख गरिएको छ। यस नगरपालिकामा विद्यालयमा आधारित बाल विकास केन्द्रहरू मात्र रहेको पाइएको छ। समुदायले समेत विभिन्न स्रोतहरू जुटाएर बाल विकास केन्द्र स्थापना गर्न सक्ने व्यवस्था राज्यले गरेको भए पनि यस नगरपालिकामा त्यस्ता केन्द्रहरू समुदाय स्तरबाट खोली सञ्चालनमा आएको पाइएको छैन।

## ७.७ अपाङ्गताको विवरण

शरीरका अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चार समेतबाट सिर्जना भएको अवरोधसमेतले दैनिक क्रियाकलाप सामान्यरूपमा

सञ्चालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाइ हुने अवस्थालाई अपाङ्गता भनिन्छ। खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्न Trachoma रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गता सम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यत्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ।


२०६८ सालको जनगणना अनुसार नेपालमा कुल जनसंख्याको १.९४ प्रतिशत (५,१२,३२१ जना) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ। जसमध्ये शारिरीक अपाङ्गता ३६.३ प्रतिशत, दृष्टिबिहीन १८.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपांगता २.९ प्रतिशत, बहु अपाङ्गतामा ७.५ प्रतिशत रहेको छ । यसैगरी यहाँ यस शारदा नगरपालिकाको अपाङ्गताको अवस्थाको अध्ययन गरिएको छ जसको विस्तृत विवरण तल उल्लेख गरिएको छ।

**तालिका नं. ६५ :** अपाङ्गताको विवरण

| लिङ्ग | शारिरीक अपाङ्गता | दृष्टी सम्बन्धी अपाङ्गता | श्रवण सम्बन्धी अपाङ्गता | श्रवण, दृष्टिविहीन अपाङ्गता | स्वरबोलाई सम्बन्धी अपाङ्गता | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहु अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १७५ | ४६ | ५८ | ८ | ५९ | १६ | ९ | २८ | ३९९ |
| महिला | ११८ | ५२ | ५८ | १२ | ३८ | १५ | ५ | २२ | ३२० |
| जम्मा | २९३ | ९८ | ११६ | २० | ९७ | ३१ | १४ | ५० | ७१९ |
| प्रतिशत | ४०.७५ | १३.६३ | १६.१३ | २.७८ | १३.४९ | ४.३१ | १.९५ | ६.९५ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार शारदा नगरपालिकामा अपाङ्गता भएको जनसंख्या २.४२ प्रतिशत ( ६९० जना) रहेको छ। जसमा शरिरीक अपाङ्गता भएका २९३ (४०.७५ प्रतिशत), दृष्टि सम्बन्धी अपाङ्गता भएका ९८ जना (१३.६३ प्रतिशत), श्रवण सम्बन्धी अपाङ्गता भएका ११६ (१६.१३ प्रतिशत), श्रवण, दृष्टिविहीन सम्बन्धी अपाङ्गता भएका २० (२.७८ प्रतिशत) स्वर बोलाई सम्बन्धी समस्या भएका ९७ जना (१३.४९ प्रतिशत) देखिन्छन् । त्यसैगरी मानसिक अपाङ्गता ३१ जना ( ४.३१ प्रतिशत), बौद्धिक अपाङ्गता भएका १४ जना (१.९५ प्रतिशत) र बहु अपाङ्गता ५० (६.९५ प्रतिशत) रहेको देखिन्छ। माथि उल्लेखित विवरणलाई तल स्तम्भ चार्टमा प्रस्तुत गरिएको छ ।




माथिको तालिका र स्तम्भको अध्ययन गर्दा यस शारदा नगरपालिकमा पनि अपाङ्गता सम्बन्धी आवश्यक निति तथा कार्यक्रमहरु ल्याउनु पर्ने देखिन्छ । सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिका समेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्युन दृष्टियुक्त, स्वरबोलाइ सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता, बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग पँहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ । हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधन र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने साथै यी अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता, सुविधा तथा प्रतिनिधित्वको लागि तथा सुस्त मनस्थिति र पूर्ण अशक्तता भएका आमाबाबु वा प्रत्यक्ष रूपमा पालनपोषणमा संलग्न व्यक्ति, अभिभावक वा सरोकारवालाहरुले ध्यान दिनुपर्ने देखिन्छ ।

## ७.८ खानेपानी तथा सरसफाई

नगरपालिका स्वच्छ र सफा हुनुपर्छ । खानेपानी स्वच्छ जीवनको प्रमुख आधार हो । खानेपानी सुरक्षित नहुँदा विभिन्न दुषित तथा असुरक्षित पानी बाट लाग्ने रोगको जोखिम हुन्छ । खानेपानी सुरक्षित राख्न त्यस ठाउँको वातावरण पनि सफा र स्वच्छ रहनु पर्दछ । खानेपानीमा प्रयोग गरिएको स्रोतको आधारमा नगर तथा नगरपालिकाको स्वास्थ्य स्थिति निर्धारण गर्न सकिन्छ। सुरक्षित खानेपानीको प्रयोगबाट विभिन्न रोगको जोखिम न्युनीकरण गर्न सकिन्छ । शारदा नगरपालिकाको खानेपानीको स्थिति बुझ्न तल गाउँबासीहरुले खानेपानीमा प्रयोग गरेको स्रोतको विवरण देखाईएको छ ।

### ७.८.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण

**तालिका नं. ६६ :** परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत

| धारा/पाइप | ट्युबवेल/हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ४,८२१ | १३ | १८५ | १,२२३ | ८१२ | १९४ | २४ | ११९ | ७,३९१ |
| ६५.२३ | ०.१८ | २.५० | १६.५५ | १०.९९ | २.६२ | ०.३२ | १.६१ | १०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८*

शारदा नगरपालिकाको खानेपानीको प्रमुख स्रोत धारा/पाइप भएकोले नगरमा भएका परिवारहरुले सबैभन्दा बढी ४८२१ (६५.२३ प्रतिशत) धारा पाईपको पानी प्रयोग गरेको पाइएको भने दोस्रोमा खुला इनार कुवाको पानी प्रयोग गर्ने घरधुरी संख्या १२२३ (१६.५५ प्रतिशत), तेस्रोमा मूल धाराको पानी प्रयोग गर्ने घरधुरी संख्या ८१२ (१०.९९ प्रतिशत) रहेको देखिन्छ । त्यसैगरी नदी तथा खोला बाट १९४ (२.६२ प्रतिशत), ढाकिएको इनार तथा कुवाबाट १८५ (२.५० प्रतिशत) प्रयोग गर्छन् भने अन्य विभिन्न श्रोतबाट पानि प्रयोग गरेको तालिकामा देख्न सकिन्छ भने उल्लेख नगरिएको ११९ (१.६१ प्रतिशत) रहेको देखिन्छ भने तल स्तम्भ मार्फत पनि स्पष्ट पारिएको छ ।



### ७.८.२ खानेपानीको स्रोतको विवरण

**तालिका नं. ६७ :** खानेपानीको स्रोतको विवरण

| वडा नं. | धारा/पाइप | ट्युबवेल/हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ७७१ | ६ | १३ | १६ | ५३ | ५५ | ० | ६ | ९२० |
| २ | ५७७ | ४ | ० | ० | ४४ | ० | ० | ४२ | ६६७ |
| ३ | ३०४ | ० | ३२ | १६ | १ | १ | ० | २ | ३५६ |
| ४ | ३०१ | ० | १ | १७ | १४ | ० | ० | १ | ३३४ |
| ५ | ३६५ | ० | ५ | २३ | ४३ | ० | ० | ६ | ४४२ |
| ६ | ४२३ | १ | ३२ | २५ | ७३ | १० | ० | ३१ | ५९५ |
| ७ | ४०१ | ० | ३५ | १७ | ६ | २ | ० | ९ | ४७० |
| ८ | ३१२ | ० | ११ | ३७ | ३२ | ५ | ० | १ | ३९८ |
| ९ | २९८ | १ | ४१ | ५० | १० | ३२ | ० | २ | ४३४ |
| १० | ६३ | ० | ० | १८२ | १२५ | ४५ | ० | १ | ४१६ |
| ११ | १६३ | ० | ९ | २९७ | ० | ४ | ० | ३ | ४७६ |
| १२ | २६६ | ० | ६ | ९६ | ४० | ० | २४ | २ | ४३४ |
| १३ | १५८ | ० | ० | १६४ | ११९ | ११ | ० | १२ | ४६४ |
| १४ | ८६ | ० | ० | १३१ | २३५ | ० | ० | १ | ४५३ |
| १५ | ३३३ | १ | ० | १५२ | १७ | २९ | ० | ० | ५३२ |
| जम्मा | ४,८२१ | १३ | १८५ | १,२२३ | ८१२ | १९४ | २४ | ११९ | ७,३९१ |
| प्रतिशत | ६५.२३ | ०.१८ | २.५० | १६.५५ | १०.९९ | २.६२ | ०.३२ | १.६१ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकाका विभिन्न वडाहरूका घरधुरीहरुले प्रयोग गर्ने खानेपानीको विभिन्न श्रोतको विवरण तालिकामा देखाइएको छ। जसमा खानेपानीको मुख्य स्रोतको सबै वडाहरुमा सबैभन्दा बढी धारा तथा पाइपको ४,८२१ घरधुरीले (६५.२३) प्रयोग गरेको देखिन्छ। त्यसैगरी क्रमश खुला इनार तथा कुवा र मुल धाराको पानी प्रयोग गर्ने घरधुरी पनि उल्लेख्य रुपमा देख्न सकिन्छ जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ ।

पछिल्लो पटक खानेपानी तथा सरसफाइ विभागले तयार पारेको सोही प्रतिवेदनअनुसार सल्यान जिल्लाभरी साना ठूला गरी जम्मा ५९८ खानेपानीका आयोजनाहरु संचालनमा रहेका छन् जसमध्ये १२५ वटा आयोजनाहरु शारदा नगरपालिका भित्र संचालनमा रहेका छन् ।

**तालिका नं. ६८ :** पछिल्लो तथ्याङ्क अनुसार पिउने पानीको मुख्य श्रोतको आधारमा घरधुरी संख्या

| क्र.सं. | खानेपानीको श्रोत | घरधुरी संख्या (प्रतिशतमा) | जम्मा घरधुरी संख्या |
|---|---|---|---|
| १ | सार्वजनिक धारा | ६४.२६ | ४९७१ |
| २ | भूमिगत पानी | ०.०० | ० |
| ३ | निजी धारा | ०.६० | ४४ |
| ४ | मूलको पानी | ३०.९५ | २२८८ |
| ५ | इनार | ०.६० | ४४ |
| ६ | अन्य | ०.६० | ४४ |

*स्रोत: शारदा नगरपालिकाको बस्तुगत विवरण २०७४*

**तालिका नं. ६९ :** पछिल्लो तथ्याङ्क अनुसार खानेपानीको अवस्था

| वडा | धारा | कुवा | नदी | पोखरी |
|---|---|---|---|---|
| १ | ६८३ | ४४ | - | - |
| २ | - | - | - | - |
| ३ | २१५ | ११ | - | - |
| ४ | निम्न | १९ | - | ५ |
| ५ | निम्न | २५ | - | ३ |
| ६ | २३० (नियमित पानी नहुने समस्य) | ४ (सुख्खा) | १ | १० (पानी नभएर सुख्खा भएको अवस्था) |
| ७ | २० | ३ | - | २ |
| ८ | - | - | - | - |
| ९ | - | - | - | - |
| १० | ३२५ | ६८ | - | - |
| ११ | - | - | - | - |
| १२ | ५५ | १४ | - | १५ |
| १३ | निम्न | १० वटा | - | २ वटा |
| १४ | - | - | - | - |
| १५ | - | - | - | - |

*स्रोतः नगर कार्यपालिकाको कार्यालय, २०७४*

### ७.८.३ खानेपानी शुद्ध पार्ने तरिकाको आधारमा घरधुरी संख्या

प्राथमिक सूचना संकलन गरी विश्लेषण गर्दा नगरपालिकामा झण्डै ७४ प्रतिशत घरधुरीमा मानिसहरु मात्र पानीलाई शुद्ध पारेर प्रयोग गर्दा रहेछन् भने झण्डै २३ प्रतिशत जनतालाई पानी शुद्ध पारेर खानुपर्छ भनेर जानकारी समेत भएन । जिल्ला स्वास्थ्य कार्यालयको तथ्यांक अनुसार झाडापखलालाई प्रमुख रोगको रुपमा लिइएको छ र यसको मुख्य कारण नै खानेपानीको अशुद्धता हो । मूल अथवा धाराको पानीलाई सिधै पिउँदा पानीबाट सर्ने विभिन्न किसिमका सरुवा रोगहरु लाग्ने गर्छ । निम्न तालिकामा खोनपानी शुद्ध पार्ने तरिकाको आधारमा घरधुरी विवरण प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७० :** खानेपानी शुद्ध पार्ने तरिकाको आधारमा घरधुरी संख्या

| क्र.सं. | शुद्ध पार्ने तरिका | जनसंख्या प्रतिशतमा | जम्मा जनसंख्या |
|---|---|---|---|
| १ | उमाल्ने | ५३.४ | ३९४८ |
| २ | फिल्टर गर्ने | १९.९ | १४६९ |
| ३ | सोडिस गर्ने | ० | ० |
| ४ | क्लोरिन मिसाउने | ० | ० |
| ५ | शुद्ध नपारी खाने | २३.० | १६९९ |
| ६ | थाहा छैन | ३.७ | २७५ |

*स्रोतः शारदा नगरपालिकाको बस्तुगत विवरण २०७४*


### ७.८.४ शौचालयको विवरण

तालिका नं. ७१ : शौचालयको प्रकार

| विवरण | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्की) | साधारण शौचालय | शौचालय नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| जम्मा | ९० | २,१६२ | १,३२१ | ३,६९४ | १२४ | ७,३९१ |
| प्रतिशत | १.२२ | २९.२५ | १७.८७ | ४९.९८ | १.६८ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा शारदा नगरपालिकाको घरपरिवारले प्रयोग गर्ने शौचालयको प्रकारलाई उल्लेख गरिएको छ। राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार नगरमा शौचालय नभएको घरपरिवार संख्या ४९.९८ प्रतिशत अर्थात ३,६९४ घरपरिवार रहेको देखिन्छ। त्यसैगरी सबैभन्दा बढि फ्लस भएको (सेप्टि ट्याङ्की) तथा आधुनिक शौचालय प्रयोग गर्ने परिवार २१६२ (२९.२५ प्रतिशत) रहेको छ। त्यस्तै साधारण शौचालयको प्रयोग गर्नेको संख्या १३२१ (१७.८७ प्रतिशत), फ्लस भएको (सार्वजनिक ढल) शौचालयको प्रयोग गर्ने परिवारको संख्या ९० (१.२२ प्रतिशत) देखिएको छ भने उल्लेख नगरिएको संख्या १२४ (१.६८ प्रतिशत) जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ भने तल स्तम्भ चार्टमा प्रस्तुत गरिएको छ।



### ७.८.५ वडागत शौचालयको संख्याको विवरण

**तालिका नं. ७२ :** वडागत शौचालय संख्याको विवरण

| वडा नं. | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्की) | साधारण शौचालय | शौचालय नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ४५ | ५६९ | ९६ | २०४ | ६ | ९२० |
| २ | १६ | ३८२ | ११९ | १०७ | ४३ | ६६७ |
| ३ | ५ | १६७ | १३९ | ४३ | २ | ३५६ |
| ४ | ५ | ११५ | ११२ | १०२ | ० | ३३४ |
| ५ | ४ | ७३ | १४५ | २१४ | ६ | ४४२ |
| ६ | ३ | ५९ | ७६ | ४२५ | ३२ | ५९५ |
| ७ | १ | ७ | २५ | ४२८ | ९ | ४७० |
| ८ | २ | ५० | १३४ | २११ | १ | ३९८ |
| ९ | १ | ४७ | ८२ | ३०२ | २ | ४३४ |
| १० | ० | २२ | २२ | ३७१ | १ | ४१६ |
| ११ | ० | ५४ | ५४ | ३६३ | ५ | ४७६ |
| १२ | ० | २२४ | १५ | १९३ | २ | ४३४ |
| १३ | १ | ११४ | १९४ | १४१ | १४ | ४६४ |
| १४ | ० | १६० | ६३ | २२९ | १ | ४५३ |
| १५ | ७ | ११९ | ४५ | ३६१ | ० | ५३२ |
| जम्मा | ९० | २,१६२ | १,३२१ | ३,६९४ | १२४ | ७,३९१ |
| प्रतिशत | १.२२ | २९.२५ | १७.८७ | ४९.९८ | १.६८ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार शारदा नगरपालिकाको प्रत्येक वडाका प्रत्येक घरधुरीमा भएको शौचालयको अवस्थालाई अध्ययन गर्दा वडा नं ३ मा केहि घरधुरी बाहेक अरु वडाहरुमा शौचालय बिहिन भएको देखिन्छ । त्यसैगरी सबैभन्दा बढी फ्लस भएको (सेफ्टी ट्यांकी) शौचालय प्रयोय गर्नेमा वडा नं. १ ५६९ घरधुरी देखिन्छ भने सबैभन्दा कममा वडा नं. ७ जसको जम्मा ७ घरधुरी मात्र देखिन्छ । तथ्याङ्क अनुसार वडा नं. ५ देखि ९ सम्म धेरैजसो घरधुरीहरु शौचालय बिहिन रहेको देखिन्छ । जसको विवरण तालिकामा उल्लेख गरिएको छ ।

*नोटः राष्ट्रिय जनगणना २०६८, अनुसार शारदा नगरपालिकामा ४९.९८ प्रतिशत घरहरुमा शौचालय नभएको देखिएता पनि पछिल्लो समयमा विभिन्न संघ संस्था, नेपाल सरकार को साथै नागरिक समाजको सक्रिय पहलमा सञ्चालन भएका "एक घर एक चर्पी कार्यक्रम","खुला दिशा मुक्त क्षेत्र कार्यक्रम" लगायत जनचेतनामुलक कार्यक्रहरुले नगरपालिकामा शौचालयको प्रयोग बढ्दै गएको छ ।*

### ७.८.६ नगरक्षेत्रमा सरसफाइको पहुँचको अवस्था

विश्व स्वास्थ्य संगठनको परिभाषा अनुसार सरसफाइले मानव विकार (दिशा र पिशाव) को सुरक्षित व्यवस्थापन र घरबाट निस्कने ठोस तथा तरल फोहोरको समेत उचित व्यवस्थापनलाई जनाउँछ। खानेपानी तथा सरसफाई विभागले सन् २०१० मा प्रकाशन गरेको Nationwide Coverage and Functionality Status of Water Supply and Sanitation in Nepal नामक प्रतिवेदनमा देशव्यापि सरसफाईको पहुँचको अवस्था ४३ प्रतिशत रहेको देखिन्छ भने UNICEF WASH Chapter ले सन् २०१४ मा प्रकाशन गरेको ONE WASH ANNUAL REPORT 2014 प्रतिवेदन अनुसार सन् २०१२ सम्म आइपुग्दा सो अंक बढेर ४२ प्रतिशतमा र २०१४ मा आईपुग्दा ६८ प्रतिशतको उत्साहजनक अवस्थामा रहेको देखिन्छ। यसले शताब्दी विकास लक्ष्यले लिएको देशव्यापी ७३ प्रतिशतको लक्ष्य चाडै हासिल गर्ने अवस्था रहेको विश्लेषण गर्न सकिन्छ। सोही प्रतिवेदन अनुसार सन् २०१० मा सल्यान जिल्लामा सरसफाईको पहुँचको अवस्था भने १६.४ प्रतिशत रहेको देखिन्छ, जुन ज्यादै न्यून देखिन्छ।

नगरको वडाहरुमा सामाजिक परिचालिकाहरुलाई खटाइ वि.सं २०७४ सालमा सरसफाइको सर्वेक्ष लिइएको थियो । जस अनुसार वडा वडामा सरसफाइको अवस्था कस्तो छ भन्ने कुरा तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ७३ : वडाअनुसार सरसफाइ सम्बन्धी विवरण

| शौचालय सहितको पूर्ण सरसफाइ | पुरै समुदायको सरसफाइ | वडा नं. | शौचालय सहितको पूर्ण सरसफाइ | पुरै समुदायको सरसफाइ | वडा नं. |
|---|---|---|---|---|---|
| - | - | १ | - | - | ९ |
| - | - | २ | - | - | १० |
| छ | समान्य | ३ | छ | छ | ११ |
| छैन | छ | ४ | छैन | छैन | १२ |
| छैन | छ | ५ | छैन | छ | १३ |
| ठिकै | ठिकै | ६ | - | - | १४ |
| - | - | ७ | - | - | १५ |
| - | - | ८ | | | |

*स्रोत : नगर कार्यपालिकाको कार्यालय, २०७४*

### ७.८.७ फोहोर पानीको व्यवस्थापन

व्यवस्थित तर सरसफाई युक्त नगरपालिकामा फोहोर पानीको उचित व्यवस्थापन हुनुपर्ने मात्र नभई व्यवथित ढल संजालको पूर्वाधार समेत निर्माण भएको हुनुपर्छ तर भर्खर स्थापना भएको नगरपालिका भएको हुनाले यहाँ ढलको प्रयोग प्राय शुन्य रहेको छ भने अधिकांश नगरवासीहरुले फोहोर पानीलाई खेतबारीमा फाल्ने गरेका छन् । त्यसैगरी २५ प्रतिशत घरधुरीले घरबाट निस्कने फोहोर खुल्ला स्थानमा फाल्ने गरेका छन् ।

### ७.८.८ ठोस फोहोरको व्यवस्थापन

शारदा नगरपालिकामा फोहोर व्यवस्थापन गर्ने पूर्वाधारको अभाव भएकाले ठोस फोहोर मध्ये जैविक फोहोरलाई छुट्याएर कम्पोष्ट मल बनाउने कार्य पनि खासै भएको देखिदैन। जम्मा घरधुरीको ६९ प्रतिशतले

खुल्ला स्थानमा फोहोर फाल्ने गरेका छन् भने जम्मा २६ प्रतिशत घरधुरीले कम्पोष्ट मल बनाउने गरेको पाइएको छ ।

## ७.९ सामुदायिक भवन सम्बन्धी विवरण

तालिका नं. ७४ : नगरमा सामुदायिक सम्बन्धी विवरण

| क्र.सं | सामुदायिक भवन रहेको स्थान | निर्माणकर्ता | वडा नं | क्षमता |
|---|---|---|---|---|
| १ | शा.न.पा. १ पटनेरी | सामुदायिक भवन | १ | |
| २ | शा.न.पा.२, चन्द्रपला | चन्दैपलन सामुदायिक वन उपभोक्ता समूह | २ | |
| ३ | शा.न.पा.६, सापमारा | पार्ड नेपाल र स्थानीयको सहयोगमा | ६ | ५५ |
| ४ | शा.न.पा.६, क मदमकाँडा | आमा समूह र वन समिति | ६ | ६० |
| ५ | तिलपोखरी सामुदायिक वनको भवन | तिलपोखरी | ७ | ५५ |
| ६ | माथिगाउँ | उपभोक्ता समितिको भवन | ७ | ५० |
| ७ | कुरल | आमा समूह | ७ | ३५ |
| ८ | | सिविन नेपाल | ११ | ४५ |
| ९ | लेखडाँग्री | इफा केयर नेपाल | १२ | ११० |
| १० | रेशमज्युला | सिंचाई तथा जलश्रोत आयोजना | १२ | ४०० |
| ११ | स्यालपानी | सामुदायिक वन | १५ | २०० |

*स्रोत: शरदा नगरपालिकाको बस्तुगत विवरण २०७४*

## ७.१० पाटी पौवा र चौताराहरु

तालिका नं. ७५ : नगरपालिकाका विभिन्न स्थानहरुमा रहेका पाटीपौवा र चौताराहरु

| क्रं.सं | नाम, स्थान | वडा नं | उपयोमा रहेको/नरहेको | कैफियत |
|---|---|---|---|---|
| १ | पटनेरी चौतारी | १ | उपयोगमा रहेको | |
| २ | दारीम चौर,साहुटोल चौतारो | १ | | |
| ३ | जोडि पिपल चौतारो | १ | | |
| ४ | तलो बजार चौतारो, गणेश स्थान चौतारो | २ | | |
| ५ | सहिलकम्द चौतारो | ३ | | |
| ६ | रानीकोट चौतारो, बस बिसौनी चौतारा, दलधारा चौतारा | ४ | | |
| ७ | तलगाउँ चौतारा, मदमकाँडा चौतारा, हटचौर चौतारा, खाडीपोखरी चौतारा | ५ | | |
| ८ | नयाँ गाउँ चौतारा | ६ | | |
| ९ | खैराबाङ्ग चौतारा, हिवल्चा चौतारा | १० | | |
| १० | अमैटाकुरा चौतारा, ठूल्डुङ्गा चौतारा, मुलडाँडा चौतारा, रेशमज्युला चौतारा | १२ | | |
| ११ | पिपल चौतारा, अत्तरकाँडा, ध्वजा लाउने टाकुरी, लेख टाकुरा | १३ | | |
| १२ | मरे पिपल चौतारी, ठैला पोखरा पिपल चौतारी, सेजवाल टाकुरा, पिपल चौतारी, तुसारे | १४ | | |
| १३ | पिपल चौतारी, डाँडागाउँ, पिपल चौतारा सिमतारा | १५ | | |

*स्रोत: शारदा नगरपालिकाको बस्तुगत विवरण २०७४*

# खण्ड ८ : वन तथा वातावरण

## ८.१ प्राकृतिक वन तथा वनस्पती

यस शारदा नगरपालिकाको कुल क्षेत्रफल १९८.३४ वर्ग कि.मि. मध्ये ५८.१४ प्रतिशत वन क्षेत्रको रुपमा रहि आएको छ। जुन राष्ट्रिय वन र सामुदायिक वन क्षेत्रको रुपमा रहेको छ । शारदा नगरपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा सल्ला प्रजाती, सिमल, चाँप, टुनी, अर्जुन, रातो सिरिस, भिमल, गिठा, लालि गुराँस, अमला, सुगन्धकोकिला, बर, सुगन्धवाल, टिमुर, चिराईतो, कुरिलो यसै गरी घिस्रने जन्तुहरूमासर्प, पानी सर्प, गोहोरा, सुन गोहोरो, कछुवा, भ्यागुता पाईएका छन् । चराचुरुङ्गीहरूमा कालो तित्रा, सुगा, कण्ठे, कालो गिद्ध, लामो ठुँडे गिद्ध, मौरी चरी, हाँस, चिल, ढुकुर, कोईली, हुट्टी ट्याउँ,सानो जलेवा, सानो बकुला, कालो भूँडीफोर, चिभे, तोप चरा, कोकले, जुरेली/बुलबुल, गाजले चरी, धोबी चरा, श्यामा, रानी चरी, छिरबिरे माटो कोरे, कालिज, निलकण्ठ, बट्टाई, कुथ्रुके, ठूलो चमेरो, भँगेरी, हापसिलो, बाज, लाटोकोसेरो, बकुला, मलेवा आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरु पाइन्छन्।

## ८.२ जैविक विविधता सम्वन्धी विवरण

शारदा नगरपालिकाको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलितरुपबाट कायम राख्न वन, बनस्पती तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दिगोरुपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ। दिगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा हुने विनासलाई न्युनीकरण गर्न नितान्त आवश्यक छ। वातावरणीय सन्तुलनले वनस्पती वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्ततः लोप हुने अवस्था हुन सक्छ। विषम हावापानीमा विभिन्न जात जातिका प्राणी र बनस्पती रहेको यस नगरपालिकामा वन संरक्षण र सम्बर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुन पुगेको छ। यिनै कुराहरूलाई मध्यनजर गरी २०४९ सालमा स्थानीय बासिन्दाहरूलाई आफ्नो दैनिक उपभोग्य वन पैदावारको उपलब्धता गराउने उद्देश्य राखी सामुदायिक वन दर्ता गर्ने कार्यको थालनी भएको पाइन्छ।

मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ। दैनिक जिवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको महत्वलाई दृष्टिगत गरी हाल यस नगरपालिकामा सामुदायिक वन जस्ता अवधारणाहरूलाई व्यवहारमा लागु गरिएको छ। यसै सन्दर्भमा वन वरिपरी बढिरहेको जनसंख्या, चोरी निकासी र आगामी दिनहरूमा उक्त वन क्षेत्रले मागेको आधारमा आपुर्ति गर्न नसक्ने वन पैदावारको हैसियतलाई विचार गर्दा

यस क्षेत्रको जैविक विविधता व्यवस्थापन कार्य चुनौतीपूर्ण बन्दै गएको छ। हाल सामुदायिक वनहरू वन संरक्षण, सम्बर्द्धन तथा सदुपयोगमा सहभागि भइरहेका छन्।

यस नगरपालिकामा केही उष्ण प्रदेशीय जलवायु समेत भएको कारण पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा, सिसौं, सिमल, जामुन, कदम, खयर, करम, पिठारी, छतिवन, वोहरी, खमारी, वोटधँगेरो, बकाईनो, इप्पील, टिक, वर, पीपल, बेल, अमला, निम, पलाँस, आँप, डुम्री, कटहर, लिची, नरिवल, सुपारी, वयर, काँशी अमला, कैंदल, राजवृक्ष, अशोक, चेरी, समी, मसला, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, फडिर, असारे, साज, सादन, कुम्भी, हर्रो-बर्रो, हल्लुडे, सिरीस, तारी, कुसुम, क्यामुना, दबदबे, टुनी, सान्दन, कर्मा, मालती, पाचपाते, वनसुन्तला, कुम्भी, नेवारो, अशोक, सपेटा । यसै गरी घिस्रने जन्तुहरूमा हरहरे, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि र चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कऱ्याङकुरुङ, भद्राई, सारस आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरु पाइन्छन्।

जैविक विविधता अन्तर्गत पर्ने स्थानीय कला संस्कृतिहरूको विविधतालाई जगेर्ना गर्दै धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पर्यटकिय दृष्टिकोणले महत्वपुर्ण ठानिएका विभिन्न स्थानहरु जस्तै, खैराबाङ भगवती मन्दिर, राधाकृष्ण मन्दिर, भद्रकाली मन्दिर, जानकी मन्दिर, सिद्ध गुफा लगायत समेत संरक्षण गर्नुपर्ने देखिन्छ। समग्रमा यो क्षेत्र जैविक विविधताले भरिपूर्ण रहेको छ। उष्ण र समशितोष्ण प्रदेशीय किसिमको वातावरण भएको हुँदा यहाँ विशिष्ट किसिमको जैविक विविधता पाइन्छ।

## ८.३ लघु वन पैदावार

यस नगरपालिकामा मुख्य रुपमा पाइने गैह्रकाष्ठ वन पैदावारहरुमा बाबियो, सुगन्धवाल, रुद्राक्ष, सुगन्ध कोकिला, अमला, अम्रिसो, लहरा, बाँस, रिट्ठा, खोटो, कुरिलो, टिमुर, चिराईतो, धसिँग्रेआदि मुख्य हुन्। यस क्षेत्रमा पाइने गैरकाष्ठ वन पैदावारले यहाँका स्थानीय वासिन्दाका कतिपय महत्वपूर्ण आवश्यकता परिपूर्ति गर्नुका साथै नगरपालिकाका बस्तीहरुको जीवन स्तर उकास्न र खाद्य सुरक्षामा महत्वपूर्ण भूमिका खेलेका छन् । यस्ता पैदावारहरुले जैविक विविधताको संरक्षण गर्नुका साथै रोजगारी र आय आर्जनको आधार तथा साना उद्योगहरुलाई अवसर प्रदान गर्छन् ।

## ८.४ नगरपालिकामा पाईने वन्यजन्तु

### (क) वन्यजन्तु

यस नगरपालिकामा पाइने प्रमुख वन्यजन्तुहरुमा वन्यजन्तुहरुमा चितुवा,बाँदर, हापसिलो, बँदेल, ब्वाँसो, स्याल, रातो बाँदर, वन बिरालो, दुम्सी, निगाले बाघ, जङ्गली मुसा, मल साप्रो, न्याउरी मुसा, लोखर्के आदी रहेका छन् ।

### (ख) चराचुरुङ्गी

यस नगरपालिकामा पंक्षी प्रजातीमा कालिज, ढुकुर, हुचिल, लाटोकोसरो, काग, जुरेली, गौथली, परेवा, चमेरा, सारौं, भँगेरा, कालो तित्रा, सिम तित्रा, लुईंचे, धनेश,सुगा, कालो गिद्ध, लामो ठुँडे गिद्ध, सिलसिले, कटुस टाउके मौरी चरी, जङ्गली लाटोकोसेरो, चिल, कोईली, हुट्टी ट्याउँ, कालो ढाडे लाहाँचे, भद्रे, सानो जलेवा, सानो बकुला, लालसर, कालो भूँडीफोर, चिभे, तोप चरा, कोकले, जुरेली/बुलबुल, गाजले चरी, धोबी चरा, श्यामा, रानी चरी, छिरबिरे माटो कोरे, कालिज, निलकण्ठ, बट्टाई, कुथ्रुके, ठूलो चमेरो, भँगेरी बाज, थोप्ले लाटोकोसेरो, बकुला, मलेवा आदि प्रमुख छन्।

### (ग) घिस्रने जिवजन्तुहरू

यस नगरपालिकामा विशेष गरी घिस्रने जीवजन्तु अन्तर्गत सर्पे, पानी सर्प, छेपारो, गोहोरा, सुन गोहोरो, कछुवा, भ्यागुता पाईएका छन् ।

### (घ) कीरा फट्याङ्ग्राहरु

मौरी, खागो, पुत्को, कठेउरी, गोब्रेकीरा, जुका, बिच्छी, खजुरो, झुसिलो, बारुलो, उडुस, अरिंगाल, शङ्खेकीरा, बच्छ्युँ, माकुरा, डाँस, पतेरो, साङ्लो, लामखुट्टे सयौं प्रकारका किरा फट्याङ्गाहरु आदि ।

## ८.५ वनजंगल

शारदा नगरपालिका समुन्द्री सतहबाट १२१० मिटरको उचाईदेखि शुरु भएर १८३० मीटरसम्म गएर अन्त्य भएको छ । नगरपालिकाको कुल क्षेत्रफलमा ११५.३२ वर्ग कि.मि. वनले ओगटेको छ । नगरपालिकामा प्रशस्त मात्रामा वन क्षेत्र हुनुको साथै वन क्षेत्र भित्र जैविक विविधता पनि प्रशस्त रहेको छ । नगरपालिका बाहिरका अन्य नगरपालिकामा लोप हुने अवस्थामा पुगेको महत्वपूर्ण प्रजाति यस नगरपालिकामा रहेको छ । यो विशिष्ट वातावरणीय अवस्थासँग यहाँ बग्ने नालाको अभिन्न सम्बन्ध रहेको छ ।

कृषी नै मुख्य पेशा भएको यस नगरपालिकामा २००७ साल अगाडी केही मात्रामा जंगलहरु फडानी गरी आवाद गरेको पाईन्छ । तर पनि जनघनत्व कमी नै रहेकोले वन जंगल प्रशस्त नै थियो । तसर्थ पशुपालनमा कुनै खास बाधा थिएन । त्यस बेला वन सम्बन्धी खास ऐन कानुनहरु थिएनन् र वन जंगलकोपूर्ण जिम्मेवारी तालुकदार, मुखिया, जिम्मुवालमा रहेको थियो । १/२ पैसा तिरे पछि आफ्ना नजिकका व्यक्ति विशेषलाई

वनको जग्गा दिने प्रथा थियो । जसले गर्दा धेरै जसो जग्गा जमिन व्यक्ति विशेषको स्वावित्वमा गएको पाईन्छ ।

जनसंख्याको वृद्धि हुँदै गएपछि जीविकोपार्जनको लागि साधन र श्रोतहरु सिमित हुँदै गए । बढ्दो जनसंख्यालाई खाना पु¥याउन धौ धौ हुन थाल्यो । कृषि उत्पादन बढाउनु पर्ने बाध्यताले तिरो तिरेको नाताले वन जंगल क्षेत्रको जग्गा पनि कृषि जग्गामा परिणत हुन थाले र बन जंगलको साविक अवस्थामा ह्रास हुँदै आयो । सुकुम्बासीहरु बाहिरबाट नआए पनि एउटै मान्छे कोट उच्च भूभाग र बेसी गर्ने चलनले गर्दा डाँडा पाखा र बेसी सवै ठाउँमा मानिसहरु बसोबास गर्ने भएकोले सबै ठाँउमा उत्तीकै वन जंगलहरु मासिदै गए ।

## ८.५.१ सामुदायिक वन

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको नीति अनुसार यस नगरपालिकामा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। यो कार्यक्रम शुरुमा लागू हुँदा यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरुमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभूत आवश्यकता परिपुर्ति गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरुको गरिवी निवारण, जीविकोपार्जन, जैविक विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, समावेशीकरण, लैङ्गिक समानता, विशेष गरि महिला, दलित तथा जनजातिको सहभागिता जस्ता नयाँ नयाँ सवालहरु समेत समावेश भएकोले यस कार्यक्रमले गरिवी न्युनिकरणमा समेत सहयोग पु¥याउन सक्ने विश्वास गरिएको छ । जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरु संचालन तथा सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ । विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरुप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रुपमा संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्धता हुनु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ। दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ।

नगरपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वन भित्र गैरकाष्ठ वनपैदावारको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिदै आएका छन्। यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ। सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति

मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैससहरूलाई नगरपालिकामा परिचालन गर्नुपर्ने देखिन्छ।

सामुदायिक वनहरूको क्रमिक हस्तान्तरण र वन संरक्षणका प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरुत्पादन क्रमशः बढ्दै जाने देखिन्छ। वनहरूबाट काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ उन्मुख गराउनुपर्ने र वन्यजन्तुहरूको व्यवसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा वृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ।

वन विकास गुरुयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो नगरपालिकाले अग्रणी भूमिका खेलेको छ। नगरपालिकामा वनहरुको संख्या धेरै भएपनि ती सबैलाई उपभोक्तालाई हस्तान्तरण गरिसकिएको छैन ।

**तालिका नं. ७६ :** आ.व. २०७२/०७३ मा वन कार्ययोजना पुनर्लेखन भएका सा.व.उ.स.को विवरण

| सि.नं. | समूहको नाम | ठेगाना | क्षेत्रफल हे. | घरधुरी |
|---|---|---|---|---|
| १ | जजरकोट | शा.न.पा. ९ | ५८.६ | २३ |
| २ | फुलवारी | शा.न.पा. ११ | १५५ | ४१ |
| ३ | रातामाटा | शा.न.पा. २ | ४०.१ | ३७ |
| ४ | चिउरीनेटा | शा.न.पा. १० | २०० | १२० |
| ५ | चण्डेश्वरी | शा.न.पा. ११ | १९६ | ६६ |
| ६ | सिद्ध कैलाश | शा.न.पा. २ | ६७.९ | १४७ |
| ७ | सालधारी | शा.न.पा. ४ | १३६ | ६२ |
| ८ | भैयादेवी | शा.न.पा. ११ | २०० | १६१ |
| १० | नयाँ बस्ती | शा.न.पा. ९ | ८१.९ | २३ |
| ११ | रानीकोट | शा.न.पा. ५ | २४१ | २०९ |
| १२ | कुसुमे सल्लेरी | शा.न.पा. १५ | ४४.१ | ७३ |
| १३ | जनता | शा.न.पा. ७ | ११० | १३१ |
| १४ | सिता | शा.न.पा. ३ | १२१ | ७७ |
| १५ | चौतारी | शा.न.पा. ६ | १३२ | ९३ |
| १६ | पिपल चौतारी | शा.न.पा. ८ | ४३.१ | ४८ |
| १७ | दुर्गा | शा.न.पा. १५ | ३१.७ | ७४ |
| १८ | नमूना सल्लेरी | शा.न.पा. ११ | ८१.३ | ५५ |
| १९ | जानकी | शा.न.पा. १ | १९९ | १७२ |
| २० | तिलपोखरी | शा.न.पा. १२ | १२९ | ७९ |
| २१ | चौपारी | शा.न.पा. १३ | १११ | ७३ |
| जम्मा | | | २३७८.७ | १७६४ |

**तालिका नं. ७७ :** आ.व. २०७२/०७३ गठन तथा हस्तान्तरण भएका सा.व.उ.स.को विवरण

| क्र.सं. | सा.व.उ.स.को नाम | ठेगाना | स्वीकृत मिति | क्षेत्रफल हे. | घरधुरी |
|---|---|---|---|---|---|
| १ | भगवति लामाडाँडा | शा.न.पा. ८ | २०७२/७३ | ५०.३४ | ४२ |

*स्रोत: जिल्ला वन कार्यालय, सल्यान वार्षिक प्रतिवेदन आ.व. २०७२/०७३*

### ८.५.२ धार्मिक वन

धार्मिक संघ/संस्थाको वरिपरि रहेको वन जंगल क्षेत्रहरू धार्मिक क्षेत्रको महत्व र सौन्दर्य बढाउने उद्देश्यले त्यस्ता धार्मिक वनको रुपमा हस्तान्तरण गरिन्छ। नगरपालिकाको विभिन्न भागहरूमा रहेका धार्मिक स्थल धार्मिक वनको सम्भावना बोकेका क्षेत्रहरू भएतापनि त्यसको उचित संरक्षण र प्रर्वद्धन हुन नसकेको देखिन्छ ।

### ८.५.३ सरकारद्वारा व्यवस्थित वन

नगरपालिकाको कुल वन क्षेत्र मध्ये नगरपालिकामा सामुदायिक वन र धार्मिक वनको रुपमा हस्तान्तरित बाहेक बाँकी रहेको वन क्षेत्र सरकारद्वारा व्यवस्थित वनको रुपमा रहेको छ ।

### ८.५.४ निजी वन

राष्ट्रिय वन क्षेत्र माथि पर्ने वन पैदावारको चापलाई कम गर्न नेपाल सरकारले अवलम्बन गरेको नीति अन्तर्गत सामुदायिक वन सँगै निजी वन कार्यक्रम समेत यस नगरपालिकामा संचालन गरिएको छ निजी वनमा रोपिएका मुख्य प्रजातिहरुमा लहरेपिपल, टिक, मसला, खयर, बाँस, जस्ता प्रजातिहरु रहेका छन् ।

## ८.६ वन पैदावारको माग र आपूर्ति

शारदा नगरपालिकाबाट उत्पादन भएका वन पैदावारको बिक्री वितरण उपभोगको स्थितिलाई हेर्दा यहाँको उत्पादन यस नगरपालिकाको आपूर्तिलाई पुऱ्याई जिल्ला भित्रकै अन्य नगरपालिका तथा ग्रामिण क्षेत्र तथा अन्य जिल्लामा पनि जाने गरेको छ ।

यस नगरपालिकामा काठ/दाउरा खपत मुख्य वन पैदावारमा आधारित उद्योगहरुमा हुने गर्दछ। यस अलावा यहाँको बढ्दो जनसंख्या र बसाई सराई तथा शहरीकरणले आवश्यक पर्ने काठ/दाउरा तथा विकास निर्माणमा काठको माग बढ्दै गएको छ। वनजंगलको नजिकका परिवारले बढी काठ/दाउरा खपत गर्दछन्, भने वनबाट टाढा रहने परिवारले धेरै कम परिमाणमा काठ/दाउरा खपत गर्ने गरेकोपाईन्छ ।

## ८.७ जडिबुटी सम्बन्धी विवरण

शारदा नगरपालिकाको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा बोझो, सिउँडी, घ्युकुमारी, तुलसी, जिम्बु, बाबरी, भृंगराज, रिट्ठा, टिमुर, गुँरास, हर्रो, बर्रो, चिराँईतो चुत्रो अमला, रुदिलो, तितेपाती आदि पाईन्छ। यी जडिबुटीहरू संकलन तथा बिक्री हुने प्रसस्त सम्भावना रहेको देखिन्छ।

## ८.८ वन संरक्षणका लागि चाल्नु पर्ने कदम

राष्ट्रिय, सामुदायिक र संरक्षित वनहरूलाई सघनीकरण गर्दै तिनीहरू भित्र गैरकाष्ठ पैदावार र बहुमुल्य जडिबुटीहरूको उत्पादन गर्नु नितान्त आवश्यक छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको स्थापना तथा सञ्चालनतर्फ सरकारी तथा गैरसरकारी संघ संस्थाहरूको संलग्नता हुनु नितान्त आवश्यक देखिन्छ। नगरपालिकामा जनसंख्याको चाप बढ्दै गएको र उन्नत जातका पशुहरूको तुलनामा स्थानीय अनुत्पादक पशुहरूको संख्या पनि उच्च रहेको देखिन्छ । यी अनुत्पादक पशुहरूको अनियन्त्रित चरिचरनको कारण राष्ट्रिय र संरक्षित वन क्षेत्रहरू अत्यधिक प्रभावित भएका छन् प्राकृतिक रुपबाट पुनरुत्पादन हुने गरेको पोथ्रा पोथ्रीहरू अनियन्त्रित चरिचरनले विनाश भइरहेका छन्। प्राकृतिक स्रोत र साधनहरूको दिगो उपयोगबाट नै मानव समाजको समुन्नत भविष्यको परिकल्पना गर्न सकिन्छ । जनताको सहभागिता र संलग्नतामा वन संरक्षणलाई सामुदायिक वन कार्यक्रम, कबुलियती वन कार्यक्रम र कृषि वन कार्यक्रम सञ्चालन गरी गरिब, असहाय, अपाङ्ग र महिला समुदायलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ। वनको हैसियतमा समेत सुधार ल्याउन सामुदायिक वन उपभोक्ता समूहहरूबाट हुन सक्ने सकारात्मक कार्यक्रमहरूलाई पहिचान गरी सहभागितात्मक सामुदायिक वन विकास कार्यक्रम अघि बढाउनु अत्यावश्यक देखिन्छ।

वन संरक्षणका लागि चाल्नुपर्ने कदमहरु निम्न बुँदाहरुमा उल्लेख गरिएको छ ।

- ✓ घरायसी तथा अन्य इन्धनको रुपमा प्रयोग हुने काठ वा वन पैदावारको विकल्पमा अन्य वैकल्पिक उर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने ।
- ✓ बहुपक्षिय सहभागितात्मक संयन्त्रको विकास गरी चोरी शिकारी, अवैध कटान, वन पैदावारको अवैध संकलन, अत्यधिक चरिचरन, मिचाहा प्रजाती र डढेलो नियन्त्रण गर्ने ।
- ✓ पर्यापर्यटन प्रवर्द्धनको विकासका लागि राष्ट्रिय वनमा तोकिएका प्रजातिका वन्यजन्तु तथा विरुवाको संरक्षण, प्रजनन् र उपयोग गर्ने ।
- ✓ दिगो वन व्यवस्थापनको नीति अवलम्वन गर्ने ।
- ✓ जैविक विविधता, सिमसार क्षेत्रको संरक्षण र जलवायू परिवर्तनको विषयमा एकिकृत कार्यक्रम संचालन गर्ने ।

# खण्ड ९ : विकास सूचकांङ्क र गरिबीको स्थिति

## ९.१ मानव विकास सुचकको विवरण (HDI)

मानव विकास सूचकले तीनवटा कुरालाई आधार बनाएको छ। जसमा आम्दानी, शिक्षा र सापेक्षित आयु छन् । यी तिनवटै परिसुचकलाई समावेश गरी मानव विकासको सूचक निर्धारण गरिएको छ। हरेक देश/ठाउँका जनताको स्वास्थ्य स्थिति, शैक्षिक अवस्था, तथा जीवन स्तरको अवस्था मापन गरी स्तर निर्धारण गर्ने प्रयोजनको लागि संयुक्त राष्ट्रसंघको विकास कार्यक्रम (UNDP) ले विकास गरेको शिक्षा, स्वास्थ्य तथा प्रतिव्यक्ति आयका सूचकहरूको संयुक्त सूचकाङ्क नै मानव विकास सूचकाङ्क हो। UNDP नेपालले हालै नेपालका सबै जिल्लाहरूको मानव विकास सूचकाङ्कको मान समेटिएको नेपाल मानव विकास प्रतिवेदन, २०१४ सार्वजनिक गरेको छ। मानव विकास सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल काठमाण्डौं जिल्लाको मानव विकास सूचकाङ्क ०.६३२ रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको मानव विकास सूचकाङ्कक ०.३६४ रहेको छ। सल्यान जिल्लाको मानव विकास सुचक ०.४४१ रहेको छ। मानव विकास सूचकाङ्कका अवयव सूचकहरू हेर्ने हो भने सल्यान जिल्लाको हरेक व्यक्ति बाँच्ने अपेक्षित औषत आयु (Life expectancy) ६८.८० वर्ष र यसको सूचक ०.७३०, प्रौढ साक्षरता दर (Adult literacy) ५५.५० प्रतिशत र यसको सूचक ०.५५५, शिक्षा आर्जनमा खर्चेको औषत समय, (Mean years of schooling) ३.१७ वर्ष र यसको सूचक ०.२११ तथा प्रतिव्यक्ति आय (Per Capita Income) ७८६ अमेरिकी डलर र यसको सूचक ०.३४४ रहेको देखिन्छ।

**नक्सा नं १२:** मानव विकास सुचांकको विवरण (HDI)

| क्षेत्र | स्वास्थ्य | | शिक्षा | | | | आम्दानी | | मानव विकास सुचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | सापेक्षित आयु | | प्रौढ साक्षरता | | विद्यालय जाने मध्यम वर्ष | | प्रतिव्यक्ति आम्दानी ( क्रय शक्ति) | | ज्यामितीय मध्यक |
| | मान | सुचक | मान | सुचक | मान | सुचक | मान | सुचक | |
| **नेपाल** | ६८.८० | ०.७३० | ५९.५७ | ०.५९६ | ३.९० | ०.२६० | ११६० | ०.४०९ | **०.४९०** |
| **सल्यान** | ६८.८० | ०.७३० | ५५.५० | ०.५५५ | ३.१७ | ०.२११ | ७८६ | ०.३४४ | **०.४४१** |

*स्रोत: नेपाल मानव विकास प्रतिवेदन, २०१४*

## ९.२ मानव गरीबी सूचकांक (Human Poverty Index)

अपेक्षित औषत आयु ४० वर्ष वा सो भन्दा कम भएको जनसंख्याको प्रतिशत, प्रौढ निरक्षरता, सुरक्षित खानेपानी नपुगेको जनसंख्याको प्रतिशत तथा कुपोषित ५ वर्ष भन्दा मुनिका बालबालिकाहरूको प्रतिशत जस्ता सूचकहरूको संयुक्त सूचकाङ्कको रुपमा विकास गरिने मानव गरीबी सूचकाङ्कको स्थिति हेर्दा सल्यान जिल्ला मानव विकास सूचकाङ्कको स्थिति भन्दा केही राम्रो अवस्थामा रहेको देखिन्छ। यो सूचकाङ्कको मान जति कम भयो त्यति राम्रो मानिन्छ किनभने यो सूचकाङ्क नकारात्मक सूचकहरूको प्रयोग गरी निकालिन्छ।

जस्तै: प्रौढ निरक्षरता दर। मानव गरीबी सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल काठमाडौं जिल्लाको मानव गरीबी सूचकाङ्क २२.४५ (नेपालको ३१.१२) रहेको छ भने पुच्छारमा रहेको हुम्ला जिल्लाको मानव गरीबी सूचकाङ्क ४९.२६ रहेको छ। मानव गरीबी सूचकाङ्कका अवयव सूचकहरूमा सल्यान जिल्लाको प्रौढ निरक्षरता दर (Adult illiteracy rate) ४४.५० प्रतिशत, ४० वर्षसम्म पनि बाँच्न सक्ने अपेक्षा नगरिएको जनसंख्या (Percentage of people not expected to survive to age 40 ) ८.२३ प्रतिशत सुरक्षित खानेपानी नपुगेको जनसंख्या (Percentage without safe water) ४२.१९ प्रतिशत तथा ५ वर्ष मुनिका कुपोषणबाट प्रभावित बालबालिकाको संख्या (Percentage of children under age five who are malnourished) ५४.१० प्रतिशत रहेको देखिन्छ।

*(स्रोत : नेपाल मानव विकास प्रतिवेदन ,२०१४,* ***UNDP, NEPAL)***

## ९.३ मानव विकास र गरीबी

नेपालमा गरीबीको लघुक्षेत्र अनुमान, २०६८ अनुसार काठमाडौं जिल्ला उच्च समृद्धिस्तर भएका जिल्लाहरूको श्रेणीमा पर्दछ। ७७ जिल्लाहरू मध्ये गरीबीको दरको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल कास्की जिल्लाको गरीबीको दर ४ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको गरीबीको दर ६४.१ प्रतिशत रहेको छ। सल्यान जिल्लामा गरिबीको रेखामुनी रहेको संख्या ६९,६०५ रहेको देखिन्छ।

**तालिका नं. ७८ :** गरीबीको दरको विवरण

| गरिबीको स्थान | गरिबीको दर (प्रतिशत) | गरिबीको विषमता (प्रतिशत) | गरिबीको गहनता (प्रतिशत) | गरीबहरूको संख्या |
|---|---|---|---|---|
| ४६ | २८.८(८.७६) | ६.३३(२.५७) | २.०५(०.९९) | ६९६०५ |

*श्रोत : राष्ट्रिय जनगणना, २०६८*

## ९.४ गरिबी न्यूनीकरण

सहरी गरिबी न्यूनीकरणका लागि स्वरोजगारी सृजना गर्ने, उद्यमशीलताको खोजी तथा प्रवर्द्धन गर्ने एवं विभिन्न सिपमूलक तथा क्षमता अभिवृद्धि हुने क्रियाकलापद्वारा विशेषत ग्रामीण प्रकृतिका वडाहरुमा रोजगारी सृजना गर्नेतर्फ कार्यक्रम केन्द्रित गरी नयाँ थप भएका वडाहरुमा विभिन्न शिपमूलक तालिम सञ्चालन गरी जीविकोपार्जनका कार्यक्रमलाई प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

## ९.५ समग्र विकास स्थिति

राष्ट्रिय जनगणना २०६८ अनुसार ३३,७३० जनताको बसोबास भएको यस नगरपालिकामा खास गरी सामाजिक रुपले पछिपरेका र आर्थिक रुपले विपन्न अवस्थामा रहेका गरिबीको रेखामुनि परेका जनताको जीवनस्तरलाई कसरी माथि उठाउने र सामाजिक भेदभाव रहित एवं आर्थिक रुपले समुन्नत नगरपालिकाको निर्माण कसरी गर्ने भन्ने चुनौतीलाई समय सापेक्ष रुपमा समाधान गर्न विगत देखि वर्तमान सम्म गरिएका

मानवीय प्रयासहरू र तिनबाट प्राप्त प्रतिफलको आधारमा जीवनस्तरमा भएको रुपान्तरणलाई नै अहिलेसम्मको मानवीय विकासको रुपमा लिन सकिन्छ। यसरी हेर्दा नगरपालिकाबासीहरूको मानवविकास सूचकाङ्क, लैंगिक समता सूचकाङ्क, औषत आयु, औषत ग्राहस्थ उत्पादन, औषत साक्षरतादर र औषत आम्दानी जस्ता विभिन्न आयामहरूलाई दृष्टिगत गर्नु आवश्यक हुन जान्छ। संक्षेपमा नगरपालिकाको मानवीय विकासको स्थितिलाई हेर्दा जनताको यातायात सेवामा पहुँच अझै पनि बाह्रै महिना भरपर्दो गरी पुऱ्याउन सकिएको छैन। यसै गरी स्वास्थ्य सेवाको पहुँचमा खास गरी आदिवासी जनसमुदायको बसोबास र बाहुल्य रहेको भौगोलिक क्षेत्रमा थप सेवा प्रदान गर्नुपर्ने आवश्यकता विद्यमान छ। अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, स्थापित भए बमोजिम आवश्यक दक्ष स्वास्थ्यकर्मीहरूको पर्याप्तता नहुँदा जनताको स्वास्थ्य सेवा पाउने स्थितिमा गुणात्मक परिवर्तन आएको देखिँदैन। केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्क अनुसार नगरपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ ।

शिक्षा तर्फ र प्राथमिक शिक्षालाई सबै नगरपालिकाबासीहरुको प्राथमिक अधिकारको रुपमा अझै पनि व्यवहारिक रुपमा स्थापित गर्न सकिएको छैन र अद्यावधिक स्कुल जाने उमेरका केही बालबालिकाहरुले स्कुल भर्ना भई पढ्न पाइरहेका छैनन् । पहिलो कुरा त स्थापित स्कूलहरुमा समेत कक्षाकोठाहरुको कमी हुनु र शिक्षक विद्यार्थी अनुपात कमी रहनु स्वयंमा विडम्बनापूर्ण स्थिति छ भने अर्का तिर माध्यमिक र उच्च शिक्षाको शिक्षा पुरा गरेका युवाहरुको समेत रोजगारीको प्रत्याभुति हुन सकेको छैन । माध्यमिकस्तरको शिक्षालाई व्यावसायिक नबनाएसम्म हाल शिक्षामा देखिएको निराशाजनक स्थितिको अन्त्य हुने सम्भावना पनि देखिँदैन ।

# खण्ड १० : नगरपालिकाको संगठनात्मक ढाँचा

## १०.१ जन प्रतिनिधिहरुको विवरण

तालिका नं. ७९ : शारदा नगरपालिकाको जन प्रतिनिधिहरुको विवरण

| स्थानीय तह | पद | वडा नं. | उम्मेदवारको नाम | उमेर | लिङ्ग |
|---|---|---|---|---|---|
| शारदा नगरपालिका | प्रमुख | | सुरेश अधिकारी | ४९ | पुरुष |
| शारदा नगरपालिका | उपप्रमुख | | सावित्रा वस्नेत (घर्ती) | ४४ | महिला |
| शारदा नगरपालिका | वडा अध्यक्ष | १३ | तुल्सीराम रावत | ५० | पुरुष |
| शारदा नगरपालिका | वडा अध्यक्ष | १४ | कृष्ण बहादुर गिरी | ५४ | पुरुष |
| शारदा नगरपालिका | वडा अध्यक्ष | ८ | जुद्ध बहादुर बुढाथोकी | ६४ | पुरुष |
| शारदा नगरपालिका | वडा अध्यक्ष | ९ | चक्र बहादुर घर्ति | ४९ | पुरुष |
| शारदा नगरपालिका | वडा अध्यक्ष | १० | रेशम बहादुर बुढाथोकी | ६० | पुरुष |
| शारदा नगरपालिका | वडा अध्यक्ष | ११ | रामसिं वुढाथोकी | ४८ | पुरुष |
| शारदा नगरपालिका | वडा अध्यक्ष | १ | नवराज बुढाथोकी | ४१ | पुरुष |
| शारदा नगरपालिका | वडा अध्यक्ष | २ | केशव सिंह श्रेष्ठ | ५६ | पुरुष |
| शारदा नगरपालिका | वडा अध्यक्ष | ३ | टोप बहादुर थापा | ४८ | पुरुष |
| शारदा नगरपालिका | वडा अध्यक्ष | ६ | भिक राज वुढाथोकी | ३२ | पुरुष |
| शारदा नगरपालिका | वडा अध्यक्ष | ४ | सुधन विष्ट | ३० | पुरुष |
| शारदा नगरपालिका | वडा अध्यक्ष | ५ | प्रदिप शाही | ४० | पुरुष |
| शारदा नगरपालिका | वडा अध्यक्ष | ७ | लिला बहादुर रोका | २६ | पुरुष |
| शारदा नगरपालिका | वडा अध्यक्ष | १२ | दिपक कुमार हमाल | ३६ | पुरुष |
| शारदा नगरपालिका | वडा अध्यक्ष | १५ | हिमेन्द्र बावु सेजवाल | ३६ | पुरुष |
| शारदा नगरपालिका | सदस्य | ३ | सुर्य बहादुर भण्डारी | ३८ | पुरुष |
| शारदा नगरपालिका | सदस्य | ७ | रेवत थापा | ३५ | पुरुष |
| शारदा नगरपालिका | सदस्य | ४ | रोम प्रकाश थापा | ४९ | पुरुष |
| शारदा नगरपालिका | सदस्य | ४ | शंकर गिरी | ५७ | पुरुष |
| शारदा नगरपालिका | सदस्य | १० | जेर बहादुर बि.के. | ३२ | पुरुष |
| शारदा नगरपालिका | सदस्य | ३ | इन्द्रा भण्डारी (श्रेष्ठ) | ३० | महिला |
| शारदा नगरपालिका | सदस्य | ६ | छवी लाल खत्री | ४० | पुरुष |
| शारदा नगरपालिका | सदस्य | ८ | लुट बहादुर बुढाथोकी | ५६ | पुरुष |
| शारदा नगरपालिका | सदस्य | २ | कल्यान श्रेष्ठ | ३५ | पुरुष |
| शारदा नगरपालिका | सदस्य | २ | संजय कुमार सिंह | ३० | पुरुष |
| शारदा नगरपालिका | सदस्य | ५ | खिम बहादुर विष्ट | ६० | पुरुष |
| शारदा नगरपालिका | सदस्य | ७ | हिमा वुढाथोकी | ४० | महिला |

| स्थानीय तह | पद | वडा नं. | उम्मेदवारको नाम | उमेर | लिङ्ग |
|---|---|---|---|---|---|
| शारदा नगरपालिका | सदस्य | ८ | छोटी लाल थापा | ४० | पुरुष |
| शारदा नगरपालिका | सदस्य | ११ | भिम बहादुर बुढाथोकी | ५३ | पुरुष |
| शारदा नगरपालिका | सदस्य | १ | गणेश बहादुर बुढाथोकी | ३७ | पुरुष |
| शारदा नगरपालिका | सदस्य | १३ | नेब बहादुर डाँगी | ६० | पुरुष |
| शारदा नगरपालिका | सदस्य | १३ | नेब बहादुर बस्नेत | ४० | पुरुष |
| शारदा नगरपालिका | सदस्य | ५ | फत्तेजंग घर्ति | ४३ | पुरुष |
| शारदा नगरपालिका | सदस्य | १२ | लिल धर बुढाथोकी | ५७ | पुरुष |
| शारदा नगरपालिका | सदस्य | ९ | भिम बहादुर वोहरा | ३२ | पुरुष |
| शारदा नगरपालिका | सदस्य | ९ | प्रेम बहादुर हमाल | ५१ | पुरुष |
| शारदा नगरपालिका | सदस्य | १ | शंकर बहादुर घर्ती क्षेत्री | ६९ | पुरुष |
| शारदा नगरपालिका | सदस्य | १२ | भेद बहादुर गिरी | ५० | पुरुष |
| शारदा नगरपालिका | सदस्य | ६ | ठेरो यरी | ४९ | पुरुष |
| शारदा नगरपालिका | सदस्य | १५ | जगत बहादुर राजगुरु | ४१ | पुरुष |
| शारदा नगरपालिका | सदस्य | १४ | कुल बहादुर गिरी | ४५ | पुरुष |
| शारदा नगरपालिका | सदस्य | १४ | निम बहादुर सार्की | ५७ | पुरुष |
| शारदा नगरपालिका | सदस्य | ११ | तिल बहादुर राना | ४६ | पुरुष |
| शारदा नगरपालिका | सदस्य | १५ | डिल्ली राज भण्डारी | ३६ | पुरुष |
| शारदा नगरपालिका | सदस्य | १० | चान सिं कवर | ४९ | पुरुष |
| शारदा नगरपालिका | महिला सदस्य | ४ | लक्ष्मी बस्नेत | ३८ | महिला |
| शारदा नगरपालिका | महिला सदस्य | ५ | दुर्गी दमाई | ४४ | महिला |
| शारदा नगरपालिका | महिला सदस्य | ७ | विना रोका | ४३ | महिला |
| शारदा नगरपालिका | महिला सदस्य | ३ | शिवा के.सी. | ३६ | महिला |
| शारदा नगरपालिका | महिला सदस्य | १ | हेमा कुमारी शर्मा | ४९ | महिला |
| शारदा नगरपालिका | महिला सदस्य | ९ | अमिका कुमारी बोहरा | ३७ | महिला |
| शारदा नगरपालिका | महिला सदस्य | ६ | इन्द्र कुमारी डाँगी | ४३ | महिला |
| शारदा नगरपालिका | महिला सदस्य | २ | अनिता खड्का राई | २८ | महिला |
| शारदा नगरपालिका | महिला सदस्य | १४ | चन्द्रावती बुढाथोकी | ४४ | महिला |
| शारदा नगरपालिका | महिला सदस्य | १२ | गोमा पोखेल | २७ | महिला |
| शारदा नगरपालिका | महिला सदस्य | १३ | हिमा घर्ती | ३८ | महिला |
| शारदा नगरपालिका | महिला सदस्य | १५ | नुमा खत्री | ४१ | महिला |
| शारदा नगरपालिका | महिला सदस्य | ११ | रोमा थापा | ३७ | महिला |
| शारदा नगरपालिका | महिला सदस्य | ८ | सेती रोका | ४४ | महिला |
| शारदा नगरपालिका | महिला सदस्य | १० | धनी कवर | २५ | महिला |
| शारदा नगरपालिका | दलित महिला सदस्य | २ | दुर्पती दमाई | ४६ | महिला |

| स्थानीय तह | पद | वडा नं. | उम्मेदवारको नाम | उमेर | लिङ्ग |
|---|---|---|---|---|---|
| शारदा नगरपालिका | दलित महिला सदस्य | ४ | शान्ता नेपाली | ३४ | महिला |
| शारदा नगरपालिका | दलित महिला सदस्य | ३ | जानकी गाईन | ५२ | महिला |
| शारदा नगरपालिका | दलित महिला सदस्य | ८ | धना देवी कुमारी वि.के. | ४० | महिला |
| शारदा नगरपालिका | दलित महिला सदस्य | ५ | पुस्पा नेपाली | २३ | महिला |
| शारदा नगरपालिका | दलित महिला सदस्य | ६ | भगवती परियार | ३१ | महिला |
| शारदा नगरपालिका | दलित महिला सदस्य | १ | इन्द्रा कुमारी वि.क. | ३१ | महिला |
| शारदा नगरपालिका | दलित महिला सदस्य | १० | तिली कमेनी | ५४ | महिला |
| शारदा नगरपालिका | दलित महिला सदस्य | ११ | रामकली कामी | २१ | महिला |
| शारदा नगरपालिका | दलित महिला सदस्य | ७ | प्रेमी कुमारी कामी | ४३ | महिला |
| शारदा नगरपालिका | दलित महिला सदस्य | १४ | समुन्द्रा कामी | ३९ | महिला |
| शारदा नगरपालिका | दलित महिला सदस्य | ९ | रेखा वि क | २२ | महिला |
| शारदा नगरपालिका | दलित महिला सदस्य | १२ | शुसिला कामी | २९ | महिला |
| शारदा नगरपालिका | दलित महिला सदस्य | १५ | सुस्मिता सुनार | ३१ | महिला |
| शारदा नगरपालिका | दलित महिला सदस्य | १३ | पुस्पा सार्की | ५८ | महिला |

## १०.२ शारदा नगरपालिका (खलंगा क्षेत्रमात्र) अवस्थित सरकारी कार्यालयहरुको विवरण

शारदा नगरपालिका सल्यान जिल्लाको सदरमुकाम पनि भएको हुनाले यो समग्र जिल्लाकै प्रशासनिक केन्द्रको रुपमा रहेको छ। खलंगा र यसको आसपासको क्षेत्रमा रहेका सरकारी कार्यालयहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ८० :** सरकारी कार्यालयहरुको विवरण

| क्र.सं. | कार्यालयको नाम, ठेगाना | कार्यालय प्रमुखको सम्पर्क नम्बर |
|---|---|---|
| १ | जिल्ला अदालत | ०८८-५२०००१, ५२००७५ |
| २ | जिल्ला प्रशासन कार्यालय | ०८८-५२००७१, ५२०१३३ |
| ३ | जिल्ला प्रहरी कार्यालय | ०८८-५२००७०, ५२००९९ |
| ४ | जिल्ला विकास समितिको कार्यालय | ०८८-५२००२०, ५२००२१ |
| ५ | जिल्ला कृषि विकास कार्यालय | ०८८-५२०१३०, ५२०२०५ |
| ६ | कोष तथा लेखा नियन्त्रण कार्यालय | ०८८-५२००७६ |
| ७ | जिल्ला सरकारी वकिल कार्यालय | ०८८-५२०१२२ |
| ८ | जिल्ला प्राविधिक कार्यालय | ०८८-५२०१२५ |
| ९ | जिल्ला जनस्वास्थ्य कार्यालय | |
| १० | जिल्ला वन कार्यालय | ०८८-५२०००८ |
| ११ | जिल्ला शिक्षा कार्यालय | ०८८-५२००७४ |
| १२ | जिल्ला मालपोत कार्यालय | ०८८-५२०००२ |
| १३ | शारदा नगरपालिकाको कार्यालय | ०८८-५२०१३८ |
| १४ | सिँचाइ सब डिभिजन कार्यालय | ०८८-५२०१०८ |

| | | |
|---|---|---|
| १५ | खानेपानि डिभिजन कार्यालय | ०८८-५२०००६ |
| १६ | नेपाल टेलिकम | ०८८-५२००४४ |
| १७ | निर्वाचन कार्यालय | |
| १८ | जिल्ला नापि कार्यालय | ०८८-५२००१० |
| १९ | घरेलु तथा साना उद्योग विकास समिति कार्यालय | ०८८-५२००१२ |
| २० | जिल्ला हुलाक कार्यालय | ०८८-५२००११ |
| २१ | जिल्ला महिला तथा बालवालिका कार्यालय | ०८८-५२०००९ |
| २२ | राष्ट्रिय अनुसन्धान कार्यालय | ०८८-५२००४३ |
| २३ | जिल्ला भु-संरक्षण कार्यालय | ०८-५२०००७ |
| २४ | जिल्ला पशु सेवा कार्यालय | ०८८-५२००६२ |
| २५ | जिल्ला अस्पताल | ०८८-५२००८१ |
| २६ | जिल्ला आयुर्वेद औषधालय | ०८८-५२००५७ |
| २७ | नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा क्याम्पस | ०८८-५२०००४ |
| २८ | नेपाल विद्युत प्राधिकरण | ०८८-५२००५० |
| २९ | सल्यान क्याम्पस | ०८८-५२०२४२ |
| ३० | नेपाल निर्माण व्यवसायि संघ | ०८८-५२००६८ |
| ३१ | वन उपभोक्ता महासंघ | ०८८-५२०१७२ |

## १०.३ अन्य सरकारी कार्यालयहरुको विवरण

तालिका नं. ८१ : अन्य सरकारी कार्यालयहरुको विवरण

| क्र.सं. | कार्यालयको नाम, ठेगाना | कर्मचारी संख्या | | कार्यालयको प्रमुख सम्पर्क नं |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| १ | ईलाका हुलाक कार्यालय, शा.न.पा १४ माल्नेटा | १ | २ | ९८४८५१०६०४ |
| २ | अतिरित्त हुलाक कार्यालय, शा.न.पा. १२ | १ | २ | - |
| ३ | अस्थायी हुलाक कार्यालय | २ | ० | - |
| ४ | अस्थायी प्रहरी चौकी खैराबाङ, शा.न.पा. ११ | - | - | - |
| ५ | अतिरित्त हुलाक कार्यालय, शा.न.पा बरला | १ | १ | - |
| ६ | अस्थायी प्रहरी बिट शा.न.पा. ६, बरला | ० | ४ | - |
| ७ | हुलाक कार्यालय शा.न.पा. ४ | - | - | ९८४७९९८३९७ |

## १०.४ कार्यालयमा रहेका भौतिक साधनहरु (२०७४ असार मसान्तसम्मको मात्र)

तालिका नं. ८२ : भौतिक साधनहरुको विवरण

| क्र.सं. | साधनको नाम | संख्या |
|---|---|---|
| १ | स्कर्पियो पिक अप | १ |
| २ | टाटा ट्रिपर | १ |
| ३ | होण्डा मोटरसाइकल | १ |

## १०.५ प्रमुख राजनैतिक दलहरुको विवरण

सल्यान जिल्लामा २० भन्दा बढी राजनीतिक दलहरू रहेका छन् । अरु नगरपालिका/गाउँपालिका जस्तै यस ठाउँमा पनि प्रमुख दलहरुकै वर्चस्व रहेको छ । हालै नयाँ संरचना अनुसार नगरपालिका बनेको कारण राजनीतिक दलहरूले नगरपालिका स्तरीय संगठन बनाउने प्रक्रियमा रहेका छन् । त्यसैगरी हाल यस शारदा नगरपालिकामा क्रियाशिल भएका दलहरुको विवरण निम्नानुसार रहेका छन् :

१. नेपाली काङ्ग्रेस

२. नेपाल कम्युनिष्ट पार्टी (एमाले)

३. नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

४. नेपाल कम्युनिष्ट पार्टी (माले)

५. राष्ट्रिय जनता पार्टी नेपाल ( ६ वटा मधेश केन्द्रित दलहरू मिलेर हालै मात्र गठन भएको दल)

६. संघीय समाजवादी फोरम नेपाल

७. मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक)

८. राष्ट्रिय प्रजातन्त्र पार्टी

९. आदिवासी जनजाति महासंघ

१०. पिछडा वर्ग महासंघ